# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# डुङ्गेश्वर, दैलेख
## कर्णाली प्रदेश, नेपाल

# गाउँपालिका वस्तुगत विवरण-२०७४

## डुङ्गेश्वर गाउँपालिका, दैलेख




## गाउँ कार्यपालिकाको कार्यालय
## डुङ्गेश्वर, दैलेख
### कर्णाली प्रदेश, नेपाल

# वस्तुगत विवरण सम्पादन मण्डल



**संयोजक : राजु कुमार खत्री**



**सदस्य  बम बहादुर बि.सी**



**सदस्य : शान्ती वली**

**प्रतिवेदनको बिवरण**

| | |
|---|---|
| **शिर्षक :** | *वस्तुगत विवरण डुङ्गेश्वर गाउँकार्यपालिका २०७४* |
| **प्रकाशक :** | *डुङ्गेश्वर गाउँपालिका* |
| **सर्वाधिकार :** | *डुङ्गेश्वर गाउँपालिकामा सुरक्षित* |

# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डुङ्गेश्वर, दैलेख
### कर्णाली प्रदेश, नेपाल



## प्रकाशकीय

बस्तुगत विवरण भनेको कुनै पनि क्षेत्रको ऐना हो, जसरी ऐनामा अनुहार हेर्दा अनुहारको वास्तविकता झल्कदै सबै कुरा प्रष्ट देखिन्छ त्यसै गरी कुनै पनि क्षेत्रको लागि तयार परिएको बस्तुगत विवरणमा पनि त्यस क्षेत्रको सम्पुर्ण बस्तुगत विवरणहरु प्रस्ट रुपमा देखिनु पर्दछ । राज्यको पुनसंचना संगै साविकका चारवटा गाविसहरु (बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल) एकआपसमा गाभिएर गठन भएको यस डुङ्गेश्वर गाउँपालिका दैलेखको वस्तुगत विवरण तयार गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । कुनैपनि योजना वा कार्यक्रम तर्जुमा गर्नका निमित्त यथार्थ तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ । यिनै कुरालाई ध्यानमा राखी तथ्याङ्क सङ्कलन गरीएको छ भन्ने कुरामा म विश्वस्त छु । स्थानीय सरकार संचालन ऐन २०७४ द्वारा प्रदत्त अधिकार क्षेत्र भित्र रहि स्थानीय निकायले गुणस्तरीय तथा प्रभावकारी सेवा दक्षताका साथ योजनावद्ध ढङ्गबाट सञ्चालन गर्नुपर्ने मान्यताका आधारमा यस दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिले आफ्नो वस्तुगत विवरण तयार गरेको छ । यस वस्तुगत विवरणलाई गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन लगायतका प्रक्रियामा आधार बनाईएमा गाउँपालिकाको समानुपातिक रूपमा समग्र विकासका लागि सहज हुने कुरामा विश्वास गरीएको छ ।

नेपालको संविधान २०७२ धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिकाहरूमा मिति २०७३ फाल्गुण २७ गते देखि लागु हुने गरी ७४४ वटा स्थानीय निकाय तोकिएकोमा त्यसमा पुन हेरफेर गरी मन्त्रालयले २०७४ जेष्ठमा तराईका १६ जिल्लामा स्थानीय तहको सख्या र सीमा हेरफेर गरी ७ सय ५३ वटा कायम गरेको छ । नयाँ संरचनाहरूको जानकारी प्राप्त गर्नका लागि यस वस्तुगत विवरणले केही मात्रामा भए पनि यस क्षेत्रको वस्तुगत स्थितिको चित्रण गर्नमा सहयोग पुग्नेछ । यस बस्तुगत विवरणले समग्र गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण र संस्थागत विकासका महत्वपुर्ण भुमिका र्विाह गर्नेछ । यस महत्वपूर्ण कार्यलाई सफल बनाउन प्रत्यक्ष योगदान पुऱ्याउने यस गाउँपालिकाका जनप्रतिनिधीहरु, प्रमुख प्रशाशकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू, वडा कार्यालयका सचिवहरुका साथै सम्पुर्णमा हार्दिक आभार प्रकट गर्दै यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण तयार कार्यमा प्राविधिक सहयोग गर्ने **परामर्शदाता श्री सूर्यप्रकाश कँडेल** लाई विशेष धन्यवाद दिन चाहन्छु । वार्षिक तथा आवधिक योजना तर्जुमा, स्थानीय आवश्यकताको पहिचान, आन्तरिक राजस्व प्रक्षेपण तथा श्रोत परिचालन लगायतका बिविध क्षेत्रमा यो वस्तुगत विवरणलाई प्रभावकारी रुपमा प्रयोजनमा ल्याइने कुरा गाउँपालिका बासी सामु प्रतिवद्धता जाहेर गर्दै यस कार्यमा गाउँकार्यपालिकाका सम्पुर्ण जनप्रतिनिधीहरु, कर्मचारी, राजनैतिक दल, शिक्षक, ब्यापारी,बुद्धिजिवि, नागरीक समाज, पत्रकार, लगायत सम्पुर्ण गाउँपालिका बासिबाट सहयोगको अपेक्षा पनि गर्दछु ।

धन्यवाद ।

नगेन्द्र बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको
# कार्यालय
## डुङ्गेश्वर, दैलेख
### कर्णाली प्रदेश, नेपाल



## कृतज्ञता ज्ञापन

यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण तयार गरी प्रस्तुत गर्न पाउँदा समग्र गाउँपालिका परिवारको तर्फबाट खुशी व्यक्त गर्दछु । गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको भौगोलिक, आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण, एवंम समग्र पक्षहरूको चित्रण हुने गरी स्थानीय तहहरूले आफ्नो पालिकाको वस्तुगत विवरण तयार गर्नु पर्ने संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४ बैशाख २६ गतेको परिपत्र र निर्देशिका बमोजिम डुङ्गेश्वर गाउँपालिका कार्यालय, सुर्खेतबाट पनि पालिकाको सर्वाङ्गिण पक्षहरूको विस्तृत विवरण सहितको परिर्माजित तथा संसोधित तथ्याङकीय विवरण र स्वरूप सहित यो वस्तुगत विवरण तयार गरीएको छ । यस अध्ययन कार्यमा गाउँपालिकालाई विभिन्न क्षेत्रबाट प्राविधिक परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरूप कार्यपालिकाले आफ्नो वस्तुगत विवरण तयार गर्न सफल भएको छ । यो वस्तुगत विवरण निर्माण कार्यमा सहजिकरण गर्ने, आवश्यक परामर्श प्रदान गर्ने, विभिन्न तहका छलफल कार्यमा सहजीकरण तथा तथ्यांक संकलन गर्नुहुने सबैजना, निर्वाचित पदाधिकारीज्यूहरू, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधीहरू, क्रियाशिल राजनैतिक दलका प्रतिनिधीहरु लगायत सम्पुर्ण सरोकारवालाहरू प्रति गाउँपालिका आभारी छ । अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुग तथ्याङ्क संकलन तथा विश्लेषण, पालिकास्तरीय छलफल गरी अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरणसम्बन्धी अध्ययन कार्यमा सहभागी भई रचनात्मक सुझाव दिई सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरूलाई धन्यवाद सहित हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

सीता ज्ञावली
उपाध्यक्ष

# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डुङ्गेश्वर, दैलेख
### कर्णाली प्रदेश, नेपाल

## कृतज्ञता ज्ञापन

दैलेख जिल्ला डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण तयार गरी प्रस्तुत गर्न पाउँदा समग्र सम्पादन मण्डलको तर्फबाट खुशी व्यक्त गर्दछौ । गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको भौगोलिक, आर्थिक, सामाजिक भौतिक, वन तथा वातावरण एवं समग्र पक्षहरूको चित्रण हुने गरी स्थानीय तहहरूले आफ्नो तहको वस्तुगत विवरण तयार गर्नु पर्ने भनि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४ बैशाख २६ गतेको परिपत्र अनुसारको विस्तृत विवरण सहितको ढाँचा तथा निर्देशिका २०७४ बमोजिम यस डुङ्गेश्वर गाउँकार्यपालिकाको कार्यालयबाट गाउँको सर्वाङ्गिण पक्षहरूको तथ्याङ्कीय विवरण स्वरूप यो वस्तुगत विवरणतयार गरीएको छ । बस्तुगत विवरण तयार पार्नको लागि डुङ्गेश्वर गाउँकार्यपालिकाको तर्फबाट गठित ३ सदस्यि टोलिले आफ्नो क्षमताले भ्याएसम्म समग्र अध्ययन तथा परामर्शबाट यो कार्य सम्पन्न गरेका छौ । यस क्रममा गाउँपालिकालाई विभिन्न क्षेत्रबाट सहयोग, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरूप यो वस्तुगत विवरणतयार गर्न सफल भएका छौ । यो वस्तुगत विवरण तयार पार्नका लागि यस अध्ययन कार्यलाई सफल पार्न योगदान पुऱ्याउनु हुने गाउँकार्यपालिकाका सम्पुर्ण परिवार प्रति हार्दिक आभार प्रकट गर्दछौ । अध्ययनको क्रममा आवश्यक तथ्याङ्क संकलन गर्ने स्थानीय गणकहरु तथा लेखन कार्यमा प्राविधिक सहयोग गर्ने परामर्शदाता श्री सूर्य प्रकाश कँडेललाई बिषेश धन्यवाद दिन चाहन्छौ । यसैगरी यो वस्तुगत विवरण निर्माण अवधिमा विभिन्न तहका छलफल कार्यमा सहजिकरण गर्नुहुने निर्वाचित पदाधिकारी ज्यूहरू, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधीहरू, यस डुङ्गेश्वर गाउँपालिकाका सम्पूर्ण क्रियाशिल राजनैतिक दल, नागरीक, कार्यालयका कर्मचारीहरु, शिक्षक, बुद्धिजिवि र जेष्ठनागरीकहरु लगायत सम्पुर्ण सरोकारवालाहरू प्रति हामी आभारी छौ । डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरणले यस पालिकालाई आगामी दिनमा समग्र विकासका लागि महत्वपूर्ण दस्तावेज हुने कुरामा हामी विस्वस्त छौ । अन्त्यमा यस वस्तुगत विवरण अद्यावधि तथा अन्यकार्यका लागि हामी निरन्तर लागिपर्ने कुरामा सामुहिक प्रतिवद्धता जाहेर गर्दछौ ।

धन्यवाद ।

**सम्पादन मण्डल**

संयोजक : राजु कुमार खत्री (अध्यक्ष वडा नं.२)

सदस्य : बम बहादुर बि.सी (अध्यक्ष वडा नं.६)

सदस्य शान्ती वली : (कार्यपालिका सदस्य)

# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डुङ्गेश्वर, दैलेख
### कर्णाली प्रदेश, नेपाल



**मेरो भनाई...........**

दैलेख जिल्लाका विभिन्न गाउँपालिका र गाउँपालिकाहरू मध्ये यस डुङ्गेश्वर गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्र भित्र पर्ने आर्थिक, भौगालिक, सामाजिक, राजनीतिक, भौतिक, वन तथा वातावरण, शुशासन जस्ता गाउँपालिकाका विभिन्न स्रोत र सम्भावना आदि सम्पूर्ण विवरण समावेश भएको गाउँपालिकाको वस्तुगत विवरण (Profile) तयार गरी प्रस्तुत गर्न पाउँदा हामी हर्षित छौं । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारेको ढाँचा २०७४ बमोजिम हामीले यो विवरण तयार पारेका छौ । यस अध्ययन कार्यमा गाउँपालिकालाई विभिन्न क्षेत्रबाट आवश्यक सल्लाह, प्राविधिक परामर्श तथा रायसुझाव प्राप्त भएर नै यो वस्तुगत विवरण तयार गर्नमा थप हौसला मिलेको हो ।

कुनैपनि ठाउँको विकासका लागि सर्वप्रथम त्यस ठाउँको समग्र वस्तुस्थिति र स्थानीय स्रोत साधन सहितका सम्भावनाहरू अध्ययन अवलोकन गर्नजरूरी हुन्छ । समयको अन्तरालसंगै ती वस्तुगत विवरणमा धेरै थोरै परिवर्तनहरू आउनु स्वभाविक हुन्छ । यस अर्थमा कुनैपनि ठाउँको वस्तुगत विवरण तयार पार्ने कार्य एउटा निरन्तर प्रकृया हो । राज्यको पुनसंरचना  गर्ने क्रममा साविकका गाविसहरुलाई एकआपसमा गाभेर गठन  भएको यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण तयार पार्ने यस कार्यमा प्रत्यक्ष योगदान दिनुहुने सबै पदाधिकारी ज्यूहरू, राजनितिक दलका प्रतिनिधी ज्यूहरु, गाउँपाललिकाका सम्पुर्ण कर्मचारी साथिहरु, बिषयगत कार्यालयका प्रमुख ज्यूहरु, विभिन्न छलफल अन्तरक्रियाहरूमा सहभागी हुनुहुने महानुभावहरूमा गाउँपालिका सधैं आभारी छ । अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुग तथ्याङ्क संकलन तथा विश्लेषण, गाउँपालिका स्तरीय छलफल गरी अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण (Profile) सम्बन्धी तयारी कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद् सहित हार्दिक आभार प्रकट गर्न चाहन्छौ ।

धन्यवाद ।

राम प्रसाद शर्मा
प्रमुख प्रशासकिय अधिकृत

# बिषय सूची :

१. पृष्ठभूमी (Background)........ १
१.२.अध्ययनका उद्देश्यहरू........ २
१.३. अध्ययनको महत्व........ २
१.४ अध्ययन विधि........ ३
१.४.१ गाउँपालिकास्तरीय अभिमुखीकरण कार्यक्रम........ ३
१.४.२ संस्थागत तथा बिषयगत सूचना संकलन........ ३
१.४.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण........ ३
१.४.४ गाउँपालिका वस्तुस्थिति विवरणको मस्यौदा तयारी........ ४
१.४.५ गाउँपालिका वस्तुस्थिति विवरण सुझाव संकलन........ ४
१.४.६ गाउँपालिका वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी........ ४
१.५ अध्ययनको सीमा........ ४
२.जिल्ला तथा स्थानीय तहको परिचय........ ५
२.१ दैलेख जिल्लाको परिचय :........ ५
२.२ डुङ्गेश्वर गाउँपालिकाको परिचय :........ ८
२.३. डुङ्गेश्वर गाउँपालिकाको ऐतिहाँसिक पृष्ठभूमी........ ८
२.४. गाउँपालिकाको नामाकरण........ ९
२.५ .गाउँपालिकाको अवस्थिति (सिमाना) :........ ९
२.६ क्षेत्रफल........ १०
३. भौगोलिक स्वरूप........ १०
४. स्थानीय चाडपर्व तथा जात्रा र मेलाको विवरण........ ११
५. पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरू........ ११
६. वर्तमान भू-उपयोग सम्बन्धी विवरण........ १२
७. सिंचाईको स्थिति........ १२
८. वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण :........ १३
९.सरकारी /सार्वजनिक जगाहरुको विवरण........ १८
१०. जनसांख्यिकीय अवस्था........ १८
११. वडागत घरधुरी तथा जनसंख्या विवरण........ १८
१२. उमेर तथा लिङ्गका आधारमा जनसङ्या विवरण........ २०
१३. आर्थिकरूपले सक्रिय जनसङ्याको अवस्था........ २१
१४. भाषाको आधारमा जनसंख्याको विवरण :........ २१
१५. धर्मको आधारमा जनसंख्याको वितरण........ २२
१६. जातजातिका आधारमा जनसङ्याको अवस्था :........ २३
१७ उमेर र लिङ्ग अनुसार घरमुलीको विवरण :........ २४
१८.दश वर्ष र सो भन्दा माथिका महिला पुरुषहरुको पहिलो पटक बिबाह गरेको उमेरको आधारमा जनसंख्या........ २४
१९.अपाङ्गताका आधारमा जनसंख्या........ २५
२०.छानाको प्रकारको आधारमा घरधुरी संख्या........ २६
२१.स्वामित्वका आधारमा घरधुरी संख्या........ २६
२२. खानेपानीको श्रोतको आधारमा घरधुरी संख्या........ २६
२३. इन्धनको प्रयोगका आधारमा घरपरिवारको अवस्था........ २७
२४. बत्तीको प्रयोगका आधारमा घरपरीवारको अवस्था........ २७
२५. उपलब्ध सेवा सुविधाहरूको आधारमा घरपरिवार विवरण........ २८

२६. शौचालयको प्रयोगका आधारमा घरपरिवारको अवस्था ..... २८
२७. बसाई सराई सम्वन्धि विवरण ..... २९
२८. खाद्यान्न आत्मर्निभरताको अवस्था ..... २९
२९. भूस्वामित्व सम्वन्धी विवरण ..... ३०
३०. परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्वन्धी विवरण ..... ३०
३१. गाउँपालिकाको पञ्जिकरण विवरण ..... ३०
३२. आर्थिक वर्ष २०७३/०७४ मा भएको नागरीकता तथा अन्य सिफारिसहरूको विवरण ..... ३१
३३. वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउनेहरूको विवरण ..... ३२
३४. बार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था ..... ३३
३५. डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक संस्थाहरूको विवरण ..... ३३
३६. विश्वविद्यालय तथा क्याम्पसहरु : ..... ३३
३७. पाँच बर्ष र सो भन्दा माथिको साक्षरताको आधारमा जनसंख्याको विवरण ..... ३४
३९. विद्यालयमा अध्ययन गरीरहेका छात्रछात्राहरूको विवरणः ..... ३५
३९.१..आधारभुत तहका विद्यालयहरूमा अध्ययन गरीरहेका छात्रछात्राहरूको विवरणः ..... ३६
३९.२. माध्यामिक विद्यालयहरूमा अध्ययन गरीरहेका छात्रछात्राहरूको विवरण : ..... ३८
४०. विद्यालयमा भर्ना भएका तथा विद्यालय छाडेका बालबालिकाहरूको अवस्था : ..... ३९
४१. कुल साक्षरता दरमा महिलाको हिस्सा : ..... ३९
४२. बालविकास केन्द्रहरूको अवस्था : ..... ३९
४३. बाल सञ्जालको अवस्था : ..... ४०
४४. विशेष शिक्षा तर्फ स्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरूको अवस्था : ..... ४०
४५. विद्यालयहरूमा शौचालयको अवस्था : ..... ४१
४६. शिक्षक तथा कक्षा कोठाको पर्याप्तता ..... ४२
४७. तहगत शिक्षक विवरण विद्यालयहरूको वडा अनुसार विवरण ..... ४३
४८. विद्यमान स्वास्थ्य सेवाहरू : ..... ४५
४८.१. दैलेख जिल्लामा रहेका स्वास्थ्य सेवाहरुको विवरण ..... ४५
४८.२ डुङ्गेश्वर गाउँपालिकाको स्वास्थ्य सम्वन्धि विवरण ..... ४६
४८.३. डुङ्गेश्वर गाउँपालिका स्थित स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारी विवरण ..... ४६
४८.४ डुङ्गेश्वर गाउँपालिकामा स्वास्थ्य चौकिमा सेवा प्राप्त गर्ने सेवा ग्राहीको विवरण ..... ४७
४८.५ गर्भवती महिलाले स्वस्थ्य चौकीबाट गराइको सुरक्षित मातृत्व सम्बन्धि विवरण ..... ४७
४८.६ गर्भवती महिलाले स्वस्थ्य चौकीबाट लिएको सुत्केरी सेवाको बिबरण ..... ४८
४९. खोप सेवाको विवरण ..... ४९
५०. खोप सेवा छोडने बालबालिकाको अवस्था ..... ४९
५१. विगत ३ वर्षहरुको पोषणको अवस्था ..... ४९
५२.कुपोषणको अवस्था सम्वन्धी विवरण ..... ५०
५३.दीर्घ रोगको समस्यामा रहेका जनसंख्या सम्वन्धी विवरण ..... ५०
५४. लिङ्ग अनुसार वाल बिवाह सम्वन्धी विवरण (१८ वर्ष मुनिका) ..... ५१
५५. कामदारको रूपमा घर/परिवारवाट घर वाहिर गएका बालवालिकाहरूको विवरण ..... ५१
५६. श्रमिक बालबालिकाको प्रकार ..... ५१
५७. बालवालिकाहरूको हत्या अपहरण सम्वन्धी विवरण ..... ५१
५८. स्वास्थ्य सम्बन्धी सूचकहरूको अवस्था ..... ५१
५९. बालक्लबहरूको विवरण : ..... ५२
६०. वडागत बालक्लबहरूको विवरण ..... ५२
६१. बालक्लव तथा बाल समूहले प्रतिनिधीत्व गरेका संघ संस्थाहरूको विवरणः ..... ५२
६२. DCWB मा दर्ता भई न.पा.अर्न्तगत रहेका बालक्लबहरूको संख्याः ..... ५३

६३. जन्मदर्ता भएका बालबालिकाको संख्या ........ ५३
६४. परिवार विहीन बालबालिकाको अवस्था ........ ५३
६५.महिला हिसां सम्वन्धी विवरण : ........ ५३
६६.वातावरण तथा सरसफाई ........ ५४
६७. फोहरमैला व्यवस्थापन ........ ५४
६८. सेवा प्रवाह विवरण........ ५४
६९. कृषि सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह ........ ५४
७०. पशु सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह........ ५५
७१. हुलाक सेवा केन्द्र........ ५५
७२. गाउँपालिकामा भएका हालका भवनहरू........ ५६
७३. बसपार्क वा बस स्टेशन ........ ५६
७४. सिचाइको स्रोत........ ५६
७५. तालतलैया र प्राकृतिक पोखरीको नाम........ ५७
७६. गाउँपालिकाको टाढाको बस्ति बाट केन्द्र सम्म पुग्नलाग्ने अनुमानित समय ........ ५७
७७. बैंक तथा वित्तीय संस्था ........ ५८
७८. खुला क्षेत्र........ ५८
७९. अचल सम्पत्ति विवरण ........ ५८
८०. धार्मिक स्थलको नाम........ ५९
८१. सडक सञ्जालको विद्यमान अवस्था :........ ५९
८२. निर्माणाधीन गाउँ स्तरीय सडकहरू :........ ६०
८३. गाउँपालिका क्षेत्रभित्र रूट परमिट लिएर संचालन भएका सवारी साधनहरूको विवरण ........ ६०
८४. गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण........ ६०
८८. विद्यमान सतह ढलको अवस्था........ ६१
८५. सार्वजनिक शौचालय सम्वन्धी विवरण........ ६१
८६. प्रकोपबाट भएको क्षति सम्वन्धी विवरण ........ ६१
८७.विपद व्यवस्थापन पूर्व तयारी सम्वन्धी विवरणः ........ ६२
८८. शहरी विद्युतीकरण........ ६२
८९. दुर संचार सम्बन्धी विवरण........ ६२
९०. गाउँभित्र पक्की तथा आरसिसि पुल, कल्भर्ट तथा झोलुगें पुलहरूको विवरण........ ६३
९१. व्यापारिक केन्द्रहरूको विवरण ........ ६३
९२.सामुदायिक भवनहरूको विवरण :........ ६४
९३. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण : ........ ६४
९४.खेल मैदान सम्वन्धी विवरणः ........ ६५
९५. गाउँपालिका कार्यालय देखि प्रत्येक वडाकेन्द्र सम्मको दूरी........ ६५
९६. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाको विवरण ........ ६५
९७. गाउँपालिका क्षेत्रभित्र गठन भएका टोल विकास संस्थाहरूको विवरण ........ ६६
९८. वडा नागरीकमञ्च तथा नागरीक सचेतना केन्द्र सम्वन्धी विवरण........ ६६
९९. जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण........ ६६
१००. मुख्य पेशा सम्वन्धी विवरण ........ ६६
१०१. औषत मासिक पारिवारिक आम्दानी विवरण ........ ६६
१०२. विप्रेषण (रेमिटान्स)को विवरण ........ ६७
१०३. वडा अनुसार विपन्नता स्तरीकरणको अवस्था........ ६७
१०४. विद्युत/सौर्य उर्जा आयोजनाहरूको स्थिति ........ ६७
१०५. वार्षिक कृषि उत्पादन सम्वन्धी विवरण........ ६७
१०६. पशु धन तथा सो बाट हुने उत्पादनको अवस्था सम्वन्धी विवरण........ ६८
१०७. गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरूको विवरणः........ ६८
१०८ जग्गाको किसिम अनुसारको विवरण : ........ ६९
१०९. औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धी विवरण........ ६९

११० अघिल्लो आर्थिक वर्षको आयव्ययको विवरण :........................................................................७०
१११. गाउँपालिकाको संगठनात्मक ढाँचा :........................................................................७२
११२. जिल्लाका प्रदेश र प्रतिनिधी सभा तर्फका सांसदहरुको विवरण........................................................................७३
११३. जिल्लाका स्थानीय तहका जनप्रतिनिधीहरुको विवरण........................................................................७३
११४. स्थानीय राजनैतिक दलहरू........................................................................७४
११५. गाउँपालिकासंग साझेदारी गरेका संघ संस्थाहरु........................................................................७४
११६. गाउँपालिकाको भगिनी सम्बन्ध रहेको संस्था........................................................................७४
११७. गाउँपालिकाको स्थापना कालदेखि हालसम्मका प्रमुखहरूको विवरण :........................................................................७५
११८. विगत ३ बर्षको MCPM को स्तर........................................................................७५
११९.विमानस्थल तथा हेलिप्याडको विवरण........................................................................७५
१२०.शवदाह पशु वधशालाको विवरण........................................................................७५
१२१. विशेष व्यवसायिक खेती र उत्पादन हुने मुख्य कृषि बाली........................................................................७६
१२२. गाउँपालिका क्षेत्रभित्र रहेका होटलहरूको विवरण :........................................................................७६
१२३. बेरोजगारको तथ्याङ्क........................................................................७७
१२४. सुरक्षा ईकाईहरू :........................................................................७७
१२५. सहकारी संस्थाहरूको विवरण........................................................................७८
१२६. एफ.एम / रेडियो स्टेशनहरूको विवरणः........................................................................८०
१२७. व्यापारिक फर्महरूको विवरणः........................................................................८०
१२८. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप........................................................................८६
१२९. प्राकृतिक श्रोत (खानी/खनिज आदि) :........................................................................८६
१३०. पशुपंक्षी/वन्यजन्तुको विवरण........................................................................८६
१३१ सुकुम्वासीको तथ्याङ्कः........................................................................८७
१३२. अल्पसंख्यक/सिमान्तीकृत बर्गको तथ्याङ्क........................................................................८७
१३३. घरभाडामा बस्नेहरूको विवरणः........................................................................८७
१३४. गाउँपालिका भित्र रहेका विशेष, संरक्षित, स्वायत्त क्षेत्रको विवरण :........................................................................८७
१३५. गाउँपालिका आफैले बनाएका नियम र विनियमहरूको विवरण........................................................................८८
१३६. गाउँपालिकाका संभावना, अवसर, चुनौति र समस्याहरू........................................................................८८
१३७. गाउँपालिकाको विकास सम्भावनाहरू (कृषि, पर्यटन, उद्योग, आदि)........................................................................९०
१३८. गाउँपालिकाको आ.व. २०७४/०७५ को लागि प्रस्तावित आयोजना तथा कार्यक्रम........................................................................९२
१३९. गाउँपालिकाका पदाधिकारीहरू........................................................................९५
१४०. गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण........................................................................९७
अनुसूचि........................................................................९९
अनुसूचि १: डुङ्गेश्वर गाउँपालिकाको नक्शा........................................................................९९
अनुसूचि २: गाउँपालिका वस्तुगत विवरण प्रमाणिकरण कार्यशालाको उपस्थिति विवरण........................................................................१००
अनुसूचि ३: गाउँपालिका वस्तुगत विवरण प्रमाणिकरण कार्यशालाका सहभागिहरुको एक झलक........................................................................१०१
अनुसूचि ४: गाउँपालिका वस्तुगत विवरण प्रमाणिकरण कार्यशाला पछि सहभागिको सामुहिक तस्वीर........................................................................१०१
सन्दर्भ सामाग्री :........................................................................१०२

# तालिका सूची :


तालिका नं. १. नयां संरचना अनुसार दैलेखका स्थानीय तहरुको विवरण....७
तालिका नं. २. नयाँ संरचना अनुसार डुङ्गेश्वर गाउँपालिकाको वडा विभाजन....९
तालिका नं ४ : गाउँपालिकामा प्रचलनमा रहेका स्थानीय चाडपर्व/जात्रा/मेलाहरूको विवरण ....११
तालिका नं. ७ : वडा अनुसार कृषि योग्य जमिन र सिञ्चित क्षेत्रफल....१३
तालिका नं. १० : गाउँपालिकाभित्र रहको कबुलियति वनहरुको विवरण....१७
तालिका नं. ११ : गाउँपालिकामा रहेका सार्वजनिक जग्गाहरुको विवरण ....१८
तालिका नं. १२ : पारिवारिक तथा जनसङ्ख्या विवरण ....१८
तालिका नं. १३ : वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण....१९
तालिका नं. १९ : धर्मको आधारमा जनसंख्याको विवरण ....२२
तालिका नं. २० : जातजाति अनुससार जनसङ्याको विवरण ....२३
तालिका नं. २२ : छानाको प्रकारको आधारमा घरधुरी विवरण ....२६
तालिका नं. २३ : घरको स्वामित्वको विवरण ....२६
तालिका नं. २७ : उपलब्ध सेवा सुबिधाका आधारमा घरपरिवारको विवरण : ....२८
तालिका नं. २९ : २०७३ वैशाख देखि २०७३ चैत्र मसान्तसम्म को बसाई सराई विवरण ....२९
तालिका नं. ३० : खाद्यान्न आत्मार्निभरताको अवस्था....२९
तालिका नं.३२ : नागरीकता तथा अन्य सिफारिसहरूको विवरण ....३१
तालिका नं.३३ : वडाअनुसार सामाजिक सुरक्षा भत्ता पाउनेहरूको संख्या (आर्थिक बर्ष २०७४/०७५ प्रथम चरण)....३२
तालिका नं.३४: वडाअनुसार सामाजिक सुरक्षा भत्ता पाउनेहरूको संख्या (आर्थिक बर्ष २०७४/०७५ दोस्रो चरण)....३२
तालिका नं.३७ : पाँच बर्ष र सो भन्दा माथिकाको साक्षरताको विवरण :....३४
तालिका नं.४० : डुङ्गेश्वर गा.पामा ९ देखि १२ सम्म शैक्षिक सत्र २०७४ मा बिद्यालयगत रुपमा विद्यार्थी भर्नाको विवरण ....३८
तालिका नं.४२ : साक्षरता दरमा महिलाको हिस्सा सम्बन्धी विवरण ....३९
तालिका नं.४३ : बालबिकास केन्द्रहरूको विवरण....४०
तालिका नं.४५ : डुङ्गेश्वर गाउँपालिकामा शिक्षक तथा कक्षा कोठाको पर्याप्तता....४२
तालिका नं.४६ : डुङ्गेश्वर गाउँपालिका अर्न्तगत बिद्यालयहरुमा शिक्षक विवरण ....४३
तालिका नं.४७ : जिल्लामा रहेका विद्यमान स्वास्थ्य सेवाहरूको विवरण ....४५
तालिका नं.४८ : डुङ्गेश्वरमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण ....४६
तालिका नं.४९ : डुङ्गेश्वर गाउँपालिका स्थित स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी विवरण ....४६
तालिका नं.५० : डुङ्गेश्वर गाउँपालिका अर्न्तगत स्वास्थ्य चौकिमा उमेर अनुसार सेवा प्राप्त गनको विवरण....४७
तालिका नं.५१ : डुङ्गेश्वर गाउँपालिकामा गर्भवती महिलाले स्वस्थ्य चौकीबाट सुरक्षित मातृत्व सम्बन्धि सेवा लिनेको बिबरण....४७
तालिका नं.५२ : डुङ्गेश्वर गाउँपालिकामा गर्भवती महिलाले स्वस्थ्य संस्थाबाट लिएको सुत्केरी सेवाको विवरण ....४८
तालिका नं.५३ : गाउँपालिका क्षेत्रको बिगत ३ बर्षको खोप सेवाको विवरण ....४९
तालिका नं.५४ : डुङ्गेश्वर गाउँपालिकाको विगत ३ वर्षहरुको पोषणको अवस्था ....४९
तालिका नं.५५ : कामदारको रूपमा घरबाट बाहिर गएका बालबालिकाहरू :....५१
तालिका नं.५६: स्वास्थ्य सम्बन्धी सुचकांकहरूको विवरण :....५१
तालिका नं.५७ : बालक्लबहरुको विवरण विवरण :....५२
तालिका नं.५९ : गाउँपालिका भित्र दर्ता भई संचालन भएका कृषक समुहहरु ....५४
तालिका नं. ६० : गाउँपालिकाको हुलाक सेवाको अवस्था....५५
तालिका नं. ६१ : गाउँपालिका भएका हालका भवनहरूको अवस्था ....५६
तालिका नं. ६३ : तालतलैया र प्राकृतिक पोखरीको नाम ....५७
तालिका नं. ६५ : अचल सम्पत्ती सम्वन्धि विवरण तालिका....५८
तालिका नं. ६६ : धार्मिक स्थलको विवरण :....५९

तालिका नं. ६७ : सडक सञ्जालको विद्यमान अवस्थाको विवरण ........ ६०
तालिका नं. ६८ : गाउँपालिका भित्र निर्माणधिन सडकहरु ........ ६०
तालिका नं. ६९ : गाउँक्षेत्रमा सञ्चालन भएका सवारी साधनहरुको विवरण : ........ ६०
तालिका नं. ७० : गाउँपालिका रहेको सार्वजनिक शौचालयहरु ........ ६१
तालिका नं. ७१ : प्रकोपबाट भएको क्षति सम्बन्धी विवरण ........ ६१
तालिका नं. ७३ : पुल सम्बन्धी विवरण ........ ६३
तालिका नं. ७५ : गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक भवनहरु ........ ६४
तालिका नं. ७७ : खेल मैदान सम्बन्धी विवरण ........ ६५
तालिका नं. ७८ : गाउँपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दूरी ........ ६५
तालिका नं. ७९: NGOs हरूको विवरण ........ ६६
तालिका नं. ८० : वडा अनुसार विपन्नता स्तरीकरण मापनको विवरण ........ ६७
तालिका नं.८१ गाउँपालिकामा तेलहन बालिको उत्पादन रेकर्ड ........ ६८
तालिका नं. ८२ : गाउँबाट बाहिर निकासी हुने वस्तुहरूको विवरण : ........ ६८
तालिका नं. ८३ : जग्गाको किसिम अनुसारको विवरण ........ ६९
तालिका नं. ८५ : गापामा आ.व. २०७३/०७४ को आर्थिक विवरण ........ ७०
तालिका नं. ८६ : गापामा वडागत आ.व. २०७३/०७४ को आर्थिक विवरण ........ ७१
तालिका नं. ८७ : दैलेख जिल्लाबाट प्रदेश र प्रतिनिधी सभाका सदस्यहरु ........ ७३
तालिका नं. ८८ : दैलेख जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु ........ ७३
तालिका नं. ९० : गाउँपालिकाको स्थापनाकालदेखि हालसम्मका प्रमुखहरूको विवरण ........ ७५
तालिका नं. ९१ : विगत ३ बर्षको MC को स्तर ........ ७५
तालिका नं. ९२ : गाउँपालिका उत्पादन पकेट क्षेत्र तथा पेकट बालीहरू ........ ७६
तालिका नं. ९३ : गाउँपालिका क्षेत्रभित्र रहेका होटलहरूको विवरण ........ ७७
तालिका नं. ९४ : गाउँपालिकारहेका सुरूक्षा निकायहरू ........ ७७
तालिका नं. ९५ : गाउँपालिका स्थापना तथा संचालनमा रहेका सहकारी सस्थाको विवरण ........ ७८
तालिका नं. ९८ : डुङ्गेश्वर गाउँपालिका उपलब्ध पशुपक्षि तथा बन्यजन्तुहरु ........ ८६
तालिका नं. १०० : गाउँपालिकाका निर्वाचित जनप्रतिनिधीहरु को विवरण-२०७४ ........ ९६
तालिका नं. १०१ : गाउँपालिका कार्यरत कर्मचारीहरुको विवरण ........ ९७

## १. पृष्ठभूमी (Background)

स्थानीय शासनलाई सुशासन प्रवर्धन, सामाजिक सशक्तिकरण तथा विकास प्रतिफल अभिबृद्धि गर्ने प्रमुख रणनीतिको रुपमा स्वीकार गरीएको छ । नेपालको संविधान २०७२ ले स्थानीय शासनको संवैधानिक व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार शासन संचालनमा केन्द्रिय, प्रादेशिक तथा स्थानीय सरकारको संरचना प्रस्ताव गरीएको छ । संविधानले गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकार र जिल्लातहमा विकास व्यवस्थापन तथा सेवा प्रवाह कार्यमा समन्वय गर्न जिल्ला परिषदको व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार स्थानीय तहमा समावेशी तथा लोकतान्त्रिक प्रणालीको अभ्यास र विकास प्रतिफलमा अभिबृद्धी गर्न स्थानीय शासनको अनुशरण गर्ने व्यबस्था उल्लेख गरेको छ ।

नेपालमा विकेन्द्रित शासनको कोशेढुङ्गाको रूपमा रहेको स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुमा अधिकार निक्षेपणसहितको स्थानीय शासनको परिकल्पना गरेको छ । सो अनुसार स्थानीय निकायले सम्बन्धित क्षेत्रको वस्तुस्थिति विश्लेषण गर्ने, श्रोत अनुमान गर्ने, आवधिक योजना तथा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको छ ।

नेपालको संविधानको अनुसुचि ८ बमोजिम उल्लेख गरिएको गाउँपालिका तथा नगरपालिकको एकल अधिकारहरुको सुचि अनुसार तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ड) अनुसार प्रत्येक स्थानीय निकायहरुले आफ्नो क्षेत्रको विकासका पार्श्व चित्र तथा श्रोत नक्साको आवधिक अभिलेखन गर्नु पर्नेछ । यसैगरी स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार गाउँपालिकाले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी गाउँपालिकाको वस्तुस्थिति झल्किने विवरण तयार गरी अद्यावधिक गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यसका साथै गाउँ विकासको विद्यमान स्थितिको विश्लेषण गरी गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउँपालिका विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउँ विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार तथा अद्यावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ ।

उपरोक्त कानूनी तथा नीतिगत व्यवस्था र योजनाबद्ध रुपमा गाउँ विकासका प्रयासहरूलाई अगाडि बढाउन गाउँ वस्तुस्थति विवरण तथा श्रोत नक्शा अपरिहार्य भए बमोजिम यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुस्थिति विश्लेषण सहितको विवरण तयार गरीएको छ । उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था अनुसार सरोकारवाला प्रयास र परामर्शदाताको सहयोगबाट गाउँ वस्तुस्थिति विवरण तयार गरीएको छ ।

नेपालको संविधान २०७२ धारा २९५ को उपधारा ३ बमोजिम मिति २०७३ फाल्गुण २७ गते देखि लागु हुने गरी ७४४ वटा स्थानीय निकाय तोकिएकोमा त्यसमा पुन हेरफेर गरी मन्त्रालयले मिति २०७४ जेष्ठ ०८ मा तराईका १६ जिल्लामा स्थानीय तहको सख्या र सीमा हेरफेर तथा स्तरोन्नति गरी स्थानीय तहको कुल सख्या बढेर ७ सय ५३ कायम गरेको छ । यो संगै नेपालमा स्थानीय तह अर्न्तगत **६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका** गरी कुल ७५३ वटा स्थानीय तह कायम भई जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ ।

हरेक स्थानीय निकायले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४४ अनुसार प्रत्येक स्थानीय निकायहरुले आफ्नोक्षेत्रको विकासका निम्ति वस्तुगत तथ्याङ्क संकलन पार्नु पर्ने प्रावधान भएको तर नेपालको संविधान २०७२ अनुसार पुरानो संरचना हटेर नगरपालिका र गाउँपालिकाको अवधारणा आए अनुसार **साविकका चारवटा गाउँ विकास समितिहरू बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल एकआपसमा गाभिएर नयाँ डुङ्गेश्वर गाउँपालिका** बनेको छ । यसै सन्दर्भमा गाउँपालिकाको जनसंख्या, भू-वनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, स्रोत व्यवस्थापन, उल्लेखित कानूनी तथा नीतिगत व्यवस्था र योजनाबद्ध रूपमा गाउँ विकासका प्रयासहरूलाई अगाडि बढाउन गाउँ वस्तुस्थति विवरण तथा श्रोत नक्सा अपरिहार्य भए बमोजिम यस डुङ्गेश्वर गाउँकार्यपालिकाको गाउँपालिका वस्तुगत विवरण तयार गरीएको छ ।

### १.२.अध्ययनका उद्देश्यहरू

नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ मा व्यवस्था भए अनुरूपका गाउँपालिका तथा नगरपालिकाहरू राज्य पुनसंरचना आयोगको प्रतिवेदन अनुसार मिति २०७३/११/२७ गते भएको निर्णय अनुसार क्रियाशिल भएपश्चात **साविकका चारवटा गाउँ विकास समितिहरू (बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल) एकआपसमा गाभिएर नयाँ डुङ्गेश्वर गाउँपालिका** बनेको हो । यो गाउँपालिका घोषणा भएपश्चात समायोजन भएको स्थानहरूको सम्पूर्ण वस्तुस्थिति समाबेश हुने गरी कुनै आधिकारिक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै तथा नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७४ बैशाख महिनाको परिपत्र अनुसार यस गाउँपालिकाको वस्तुगत विवरण तयार गरी सार्वजनिक गरीनु पर्ने नीतिगत प्रावधान बमोजिम गाउँपालिकाको निर्णय अनुसार यो वस्तुस्थिति विवरण तयार गरीएको छ । यसका लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले तय गरेको ढाँचामा नेपालको पछिल्लो जनगणना राष्ट्रिय जनणना २०६८ अनुसारको जानकारी, साविकका गा.वि.स.हरूले विभिन्न समयमा संकलन गरेका तथ्यांकहरू, गाउँपालिका तथा जिल्ला स्तरका बिभिन्न विषयगत कार्यालहरूबाट सङ्कलित संस्थागत सूचना हरू, आदि स्रोतहरूबाट तथ्याङ्क संकलन तथा अध्ययनका साथै तथ्याङ्कहरु विश्लेषण गरी गाउँपालिकाको भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय र संस्थागत स्थिति विश्लेषण सहित गाउँपालिकाको वस्तुस्थिति चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ ।

**यी उद्देश्यहरूका साथै अन्य विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् ।**

- गाउँपालिकाको समग्र वस्तुस्थिति चित्रण तथा विवरण तयार गर्ने र सरोकार वालाहरूलाई जानकारी गराउने,
- गाउँपालिकाका विषयगत तथा क्षेत्रगत विकासका संभावना तथा समस्याहरूको पहिचान तथा विश्लेषण गर्ने ।
- गाउँपालिकाको भौतिक, प्राविधिक, मानवीय तथा वित्तीय स्रोतको स्थिति र उपलब्धता बारे विश्लेषण गर्ने,
- द्वितिय स्रोतबाट प्राप्त तथ्याङ्क विश्लेषण गरी विषयगत रूपमा एकिकृत वस्तुगत विवरण तयार गर्ने,
- गाउँको आवधिक तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र सामाजिक रूपमा खण्डिकृत र एकिकृत अद्यावधिक सूचना विवरण उपलब्ध गराउने,
- गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने,
- स्रोत, साधन र सीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरूबाट वच्ने उपायहरूको खोजी गर्दै रणनितिक योजना निर्माण गर्न सकिने,
- गाउँपालिकाको विषय/क्षेत्रगत विकासका सम्भावना तथा समस्याहरूको पहिचान तथा विश्लेषण गर्ने ,
- संविधानले परिकल्पना गरेको र गाउँपालिकाबासिले चाहेको प्रशासनिक संयन्त्रको विस्तार र विकास निर्माण गर्नको लागि आवश्यक एकिकृत सूचना उपलब्ध गराउने ।

### १.३. अध्ययनको महत्व

विकासका प्रतिफलहरू जनता समक्ष पुऱ्याउन एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको सृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको प्रमुख आवश्यकता हुन्छ । वर्तमान विश्वव्यापीकरणको युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउनको लागि सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी छ । यो डुङ्गेश्वर गाउँपालिकामा साबिकका विभिन्न पाँच वटा गाविसहरू मिलाएर बनेको नयाँ गाउँपालिका हो । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७४ बैशाख २६ को परिपत्र अनुसार हरेक नयाँ स्थानीय निकायले आफ्नो क्षेत्रको वस्तुगत विवरण

तयार गरी सार्वजनिकरण गर्नुपर्ने प्रावधानलाई पुरा गर्नको लागि परिवर्तित संरचना अनुसार तयार भएको छ । यस डुङ्गेश्वर गाउँपालिकाको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकासका योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरू संचालन गर्नको लागि यस वस्तुगत विवरणले विशेष महत्व राख्ने छ ।

### १.४ अध्ययन विधि

उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था र साविकका विभिन्न गाविस, नगरपालिका तथा जिविसहरूले विगतमा अभ्यास गरीएका र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँ/नगर वस्तुस्थिति विवरण ढाँचा–२०७४ अनुसार यस गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरीएको छ । यस गाउँ वस्तुस्थिति विवरण आवधिक गाँउ विकास योजना तर्जुमाको लागि आधाररेखा सूचना र गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनकालागि आधारभूत सूचनाको आधारसहित देहायका विधि तथा प्रक्रिया पुरा गरी तयार गरीएको छ ।

#### १.४.१ गाउँपालिकास्तरीय अभिमुखीकरण कार्यक्रम

वस्तुस्थिति विश्लेषण तथा आवधिक गाउँपालिका विकास योजनासम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, उद्देश्य, तयारी विधि तथा प्रक्रिया, गाउँ र गाउँ विकासका सरोकारवालाको भूमिका एवम् समय तालिकाबारे प्रस्तुती तथा छलफलका लागि गाउँपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरीयो । गाउँपालिकाको आयोजना र प्राविधिक परामर्श सहयोग टोलीको सहजिकरण भएको कार्यक्रममा गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशाशकिय अधिकृत ६ वटै वडाका नवनिर्वाचित वडाअध्यक्ष तथा वडा सचिवहरु, गाउँ कार्यपालिका वोर्ड, बिषयगत कार्यालय, सेवा केन्द्र, संघ/संस्था तथा लक्षित समुदाय र सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यक्रममा वस्तुस्थिति विवरणमा उपयोग तथ्याङ्कको श्रोत, ढाँचा तथा विषय क्षेत्र, प्रयोग तथा आवश्यकता र योजना तर्जुमा प्रक्रियाबारे समेत अन्तरक्रिया तथा छलफल गरीएको थियो ।

#### १.४.२ संस्थागत तथा बिषयगत सूचना संकलन

संघीय मामिला तथा संघीय मामिला मन्त्रालयबाट जारी गाउँ/नगर वस्तुस्थिति विवरणको ढाँचालगायत बिगतका स्थानीय निकायहरूले अभ्यास गरेका गाउँ वस्तुस्थिति विवरण तथा आवधिक गाउँ विकास योजनाको आधार सूचनाको ढाँचा अनुसार संस्थागत तथा बिषयगत सूचना संकलन गरीयो ।

संस्थागत तथा बिषयगत सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई एक दिने तालिम प्रदान गरी तथ्याङ्क संकलन गरीयो भने बिषयगत विज्ञ परामर्शदाताको टोलीले संस्थागत स्रोत तथा अध्ययन, सर्वेक्षण र प्रगति प्रतिवेदन जस्ता स्रोतहरूबाट संस्थागत तथ्याङ्क विवरण संकलन गरीयो । संस्थागत तथ्याङ्कको प्रमुख श्रोतहरूमा साविक गाविस, स्वास्थ्य संस्था, विद्यालय, सेवा केन्द्र तथा संघ/सस्थामा उपलब्ध तथ्याङ्क विवरण, जिल्ला स्थित बिषयत कार्यालयहरु, राष्ट्रिय जनगणता, नेपाल जीवनस्तर सर्वेक्षण, कृषि गणना केन्द्रिय तथ्याङ्क विभाग सर्वेक्षण र अध्ययन प्रतिवेदन, मानव विकास प्रतिवेदन, आर्थिक सर्वेक्षण, सहस्राब्दी विकास लक्ष्य (MDG), दिगो विकास लक्ष्य (SDG) तथा सूचकहरूको अध्ययन, विभिन्न विषयगत अध्ययन प्रतिवेदनहरू र यस क्षेत्रमा कार्य गरेका विज्ञहरूसँग गरेको परामर्श आदिलाई मुख्य सूचना को आधार मानियो । वर्तमान नवनिर्वाचित जनप्रतिनिधीहरू, प्रमुख प्रशाशकिय अधिकृत, वडा सचिवहरू, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधीहरू सँगको परामंश समेत लिने कार्य गरीयो । संस्थागत तथा बिषयगत तथ्याङ्क संकलनका लागि विवरणका लागि उपलब्ध ढाँचा अनुसार तथ्याङ्क सकंलन फाराम (औजार) विकास गरी तथ्याङ्कन गरीएको थियो । गाउँपालिका वस्तुस्थिति विवरण तयारीको लागि प्रयोग गरीएका तथ्याङ्क संकलन फरामहरू यस विवरणको **अनुसूची १** मा प्रस्तुत गरीएको छ ।

#### १.४.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

बस्तुगत विवरण तयार पार्नको लागि आवश्यक तथ्याङ्कहरु गाउँपालिका तथा जिल्ला स्तरबाट बिषयगत तथा संस्थागत रुपमा संकलन पश्चात कम्प्युटर प्रणालीबाट प्रशोधन गरी तथ्याङ्कशास्त्रीय विधिद्धारा तथ्याङ्क विश्लेषण गरीयो । विश्लेषणित तथ्याङ्कलाई विषयगत विज्ञले विश्लेषण गरी बस्तुगत विवरण तयारीमा उपयोग गरीयो ।

प्राप्त तथ्याङ्कलाई समग्र गाउँपालिकाको विकासको वस्तुस्थिति चित्रण गर्ने तथा उपलब्ध तथ्याङ्कको सम्भव भएसम्म दुई समयावधिमा तुलना गर्ने, जिल्ला, केन्द्र र अन्य स्थानीय तहहरुको विवरणसँग तुलना गर्ने कार्यमा प्रयोग गरीयो । यसरी तुलना गर्दा बिषयगत कार्यालयहरुका बर्षिक तथा अन्य समय अबधिका प्रकाशित तथा अप्रकाशित सूचना  तथा जानकारीहरु समेत संकलन गरीएको छ ।

### १.४.४ गाउँपालिका वस्तुस्थिति विवरणको मस्यौदा तयारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँपालिका वस्तुस्थिति विवरणको परिमार्जित ढाँचा–२०७४ तथा विभिन्न विकास साझेदार तथा साविका स्थानीय निकाय स्वयंले विगतमा अभ्यास गरेका नमूनायोग्य ढाँचा अनुसार गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयार गरीयो ।

### १.४.५ गाउँपालिका वस्तुस्थिति विवरण सुझाव संकलन

निर्धारित ढाँचामा तयार गरीएको गाउँपालिका वस्तुगत विवरणको मस्यौदालाई गाउँपालिका स्तरीय सुझाव संकलन कार्यशाला आयोजना गरी प्रमुख विषयवस्तु तथा विवरण प्रस्तुत गरी राय सुझाव संकलन गरीयो । यसैगरी गाउँपालिका वस्तुस्थिति विवरणको मस्यौदा जिल्ला समन्वय समिति र तर्जुमा कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परार्मदाताहरुबाट समेत सुझाव संकलन गरीयो ।

### १.४.६ गाउँपालिका वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी

नवनिर्वाचित गाउँपालिका प्रमुख तथा उप्रमुख, प्रमुख प्रशाशकिय अधिकृत, गाउँपालिका बोर्ड, वडा अध्यक्ष तथा सचिवहरु , बिषयगत कार्यालयको प्रतिनिधीहरु, स्थानीय राजनितिक दलका प्रतिनिधीहरु लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा गाउँपालिका स्तरीय कार्यशाला गोष्ठीबाट प्राप्त राय सुझाव समावेश गरी गाउँपालिका वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयार गरीयो ।

## १.५ अध्ययनको सीमा

गाउँपालिका वस्तुस्थिति विवरणलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी नयाँ ढाँचामा तयार गरीएको छ । यस बस्तुगत विवरणमा संस्थागत तथा बिषयगत क्षेत्रका लागि प्रयोगमा आएका सूचना हरुमा द्धितिय तथ्याङ्कको प्रयोग गरीएको छ । संभव भएसम्म तथ्याङ्क विश्लेषण गरी सामाजिक र लैंगिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकिकृत गर्ने प्रयास गरीएको छ । उपलब्ध भएसम्म सूचनालाई दुई समयरेखामा प्रस्तुत गरी तुलना गर्ने प्रयास गरीएको भएता पनि सबै कार्यालयहरु नयाँ संरचनामा जाँदाखेरी विगतका धेरै सूचना उपलब्ध हुन नसकेका कारण धेरै सूचनालाई दुई समयरेखामा तुलना गर्न सकिएको छैन भने धेरैजसो सूचना विवरणलाई पर्याप्त सूचनाको अभावको कारण गाउँपालिका, जिल्ला, क्षेत्र र राष्ट्रिय सूचनासँग तुलना गर्न सकेको छैन । द्धितिय तथ्याङ्कको अधिक प्रयोग हुनु र २०६८ सालको राष्ट्रिय जनगणनाको जनसंख्या प्रयोग हुँदा नयाँ र बिद्यमान जनसाङ्खिक विवरण प्रस्तुत हुन सकेको छैन । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट छोटो अबधिमा तयार पारेर पठाएको उपलब्ध गराएको मार्ग निर्देश र ढाँचामा तयार भएकोले केही कमी कमजोरी रहेका छन् । यस अध्ययनमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको ढाँचा अनुसार तयार गरीएको विवरण अध्ययनको मुख्य सीमाक्षेत्र मानिएको छ र यसलाई आवधिक रुपमा परिमार्जन गर्दै लगिनेछ ।

## २.जिल्ला तथा स्थानीय तहको परिचय

यस अर्न्तगत विशेष गरी दैलेख जिल्लाको समान्य परिचय र गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी, गाउँपालिकाको नामाकरण, भौतिक तथा प्रशासनिक अवस्थिति तथा सिमाना र गाउँपालिकाको क्षेत्रफल लगायतका विषयवस्तुहरू समावेश गरीएको छ।

### २.१ दैलेख जिल्लाको परिचय :

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको राज्य बिकेन्द्रिकरणको अवधारण बमोजिम पछिल्लो परिवर्तित संरचना अनुसार विभिन्न ७ वटा प्रदेशहरू मध्ये दैलेख जिल्ला नेपालको कर्णाली प्रदेशमा पर्ने एक पहाडी जिल्ला हो । यस जिल्लाको नाम "दैलेख" कसरी रहन गयो भन्ने सम्बन्धमा विभिन्न किंवदन्तीहरु प्रचलित छन् । पौराणिक कालमा दधिचि नाम गरेका एक जना ऋषिले यस क्षेत्रमा तपस्या गरी बसेकाले उनै महर्षिको नामबाट दधिचि लेक भन्न थालिएको र कालान्तरमा त्यहि नाम अपभ्रंश हुदै दैलेख रहन गएको भन्ने एक कथन छ । अर्को जनश्रुती अनुसार पौराणिक कालमा यो क्षेत्र देवताहरुको बासस्थान भएकोले देवलोकबाट दैलेख हुन पुगेको हो भन्ने भनाई छ । यसैगरी अर्को एक पौराणिक कथन अनुसार प्राचिन समयमा ठूलो बनक्षेत्र भएको र यहाँका लेकहरुमा ठूलो संख्यामा गाई भैंसी पाल्ने गरेकाले प्रसस्त मात्रामा दूध दही पाइने हुनाले यसको नाम "दहिलेक" भएको र समय अन्तरालमा यस नामको अपभ्रंश हुदै दैलेख रहन गएको हो भन्ने पनि गरीन्छ।

### भौगोलिक अवस्थिति

दैलेख जिल्ला महाभारत पर्वत श्रृंखलाको उत्तरमा अवस्थित एक दुर्गम पहाडी जिल्ला हो । कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरबाट ६८ कि.मि. र राजधानी-काठमाडौंबाट करबि ६५० कि.मि. टाढा रहेको छ । यस जिल्लाको पूर्वमा जाजरकोट, पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत जिल्ला पर्दछन् । यस जिल्लाको सदरमुकाम नारायण नगरपालिका दैलेख बजार हो । नयाँ संरचना अनुसार दैलेख जिल्लामा ११ वटा स्थानीय तह (चार नगरपालिका र ७ गाउँपालिका), प्रतिनिधीसभामा दुई र प्रदेशसभामा चार निर्वाचन क्षेत्र कायम गरीएको छ। दैलेख जिल्लाको भौगोलीक अवस्थिती यस प्रकार छ :

**भौगोलिक अवस्थिति**

अक्षांस : २८ डीग्रि ३५ मिनेट देखि २९डीग्रि ८ मिनेट उत्तर
देशान्तर : ८१ डीग्रि २५ मिनेट देखि ८१ डीग्रि ५३ मिनेट पूर्वमा
सिमाना : पूर्व जाजरकोट, पश्चिम अछाम, उत्तर कालिकोट, दक्षिण सुर्खेत जिल्ला
क्षेत्रफल : १५०२ वर्ग कि.मि. (देशको कुल भूभागको) १.०२५ प्रतिशत
होचो भाग : समुद्र सतहबाट ५४४ मिटर (तल्लो डुङ्गेश्वर)
अग्लो भाग : ४१६८ मिटर (महाबु लेक)

**कुल क्षेत्रफल-** १५०५ वर्ग कि.मि. १,५०,०५१ हेक्टर

### हावापानी

दैलेख जिल्ला विविध भौगोलिक भू-बनावट संगै हावापानीमा पनि विविधता बोकेको जिल्ला हो, जहाँ सांगुरो उपत्यका देखि पर्वतश्रृंखलाको भिरालो पहाडहरुमा उष्ण-उपोष्ण देखि लिएर समशितोष्ण र शितोष्ण जलवायु पाइए तापनि खासगरी समशितोष्ण जलवायुको प्रधानता रहेको पाइन्छ । यो जिल्ला पहाडै पहाडले भरिएकाले हिउँदमा लेकहरुमा हिउँ पर्ने र ठण्डा हावाको प्रभावले गर्दा चिसो रहन्छ भने गृष्म ऋतुमा केही गर्मी भएको अनुभव हुन्छ । यसैगरी चैत्र-बैशाख महिनामा हुरी चल्ने, वर्षा ऋतुमा मनसुनी वर्षा हुने तथा हिउँदमा ढिलो र कम वर्षा हुने, आदि यस जिल्लाका हावापानी सम्बन्धी विशेषताहरु हुन् ।

**धर्म र धार्मिक स्थलहरु**

प्राचीन कालदेखि नै देवभूमी र पवित्र भूमीका रुपमा प्रसिद्ध दैलेख जिल्लाका प्रमुख धार्मिक स्थलहरुमा श्रीस्थान, नाभीस्थान, पादुकास्थान, तल्लोडुङ्गेश्वर कोटिला र धुलेश्वर पर्दछन्, जसलाई पञ्चकोशि पनि भनिन्छ । यिनीहरु मध्ये श्रीस्थान, नाभिस्थान र पादुकास्थानमा परापूर्वकालदेखि ज्वाला प्रज्वलि्लत छन् । नारायण, बेलासपुर भैरव, बज्रभैरव, गणेश, चामुण्डादेवी, कालिकादेवी, भवानी, डुगेश्वर, विन्द्रासैनी, छडदेवी, मालिकादेवी, बुकिमाई, भैरवी, आदि दैलेख जिल्लामा भएका मूख्य मन्दिरहरु हुन् ।

**ऐतिहासिक एवं पुरातात्विक र पर्यटकीय महत्वका स्थलहरु**

महावुगाथ, कोतगढी, पञ्चदेवल, कीर्तिखम्बा, पाथरनाउली, दुल्लु, धाउखानी गुफा, लालीकाँडाको गुफा, धौलापडा गुफा, दुल्लुको पौवा, सातखम्ब, भैरवकुण्ड, द्वारीको झरना, तोलिजैसीको ठूली छहारी, घोडाताल, विसल्ला मदान ताल, कुइकाना देवल, लकान्द्रा, भिमको पाइला, बागढुगा, नेपाली भाषाको पुरानो र पहिलो शिलालेख (दुल्लु), जाहरकोट, राइली, त्रिपानी, बडाभैरवको शिखर, आदि दैलेख जिल्लाका प्रमुख ऐतिहासिक एवं पुरातात्विक र पर्यटकीय महत्वका स्थलहरु हुन् ।

**<u>नदीनाला</u>**

दैलेख जिल्लामा साना ठूला गरी प्रसस्त नदी र खोलानालाहरु भएतापनि नेपालको दोश्रो ठूलो नदीको रुपमा चिनिने कर्णाली नै यहांको मूख्य नदी हो । कर्णाली नदि यस जिल्लाका सिंगासैन र पिपलकोटबाट प्रवेश गरी ६० कि.मि.सम्म यस जिल्लाको पश्चिमक्षेत्र र अछाम जिल्लाको सिमाना छुट्याउने काम गर्दछ । यस जिल्लाको लेकहरुबाट उत्पन्न रामगाड, लोहरे, ताराघाट, तामेद्वारी, पादुका, कट्टि, पराजुलखोला, सानाखोला, रतिखोला, आदि यहांका मूख्य खोलाहरु हुन् ।

**<u>जनसंख्या</u>**

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या २ लाख ६१ हजार ७ सय ७० जना रहेको छ । जसमा महिला १ लाख ३४ हजार ७ सय ८० र पुरुष १ लाख २६ हजार ९सय ९० जना रहेका छन् । जिल्लामा बसोबास गर्ने जम्मा घरधुरी संख्या ४८ हजार ९ सय १९ छ भने औषत परिवार संख्या ५.३६ रहेको छ । यसका आधारमा जनघनत्व १७३.९३ वर्ग कि.मि रहेको छ । जातजातीमा क्षेत्री ३४.८, कामी १५.३३, ठकुरी १४, ब्राम्हण १२, मगर ९.८७ , दमाई ४.४५,सार्की २.७५, सन्यासी १.६१, सुनार १.५८, गुरुग १.४३ आदि ।

नयाँ संरचना अनुसार दैलेख जिल्लामा ११ वटा स्थानीय तह (चार नगरपालिका र ७ गाउँपालिका) मा विभाजन गरीएको छ, जसलाई तलको तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. १. नयां संरचना अनुसार दैलेखका स्थानीय तहरुको विवरण

| क्र.स | स्थानीय तहको नाम | समावेश गाविस र नगरपालिका | वडा संख्या | जनसंख्या | क्षेत्रफल (बर्ग कि.मि) | केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | नारायण नगरपालिका | नारायण नगरपालिका, भवानी बिन्ध्यवासिनी र खरिगैरा गा.वि.स ( वडा नं. ८ र ९ | ११ | २७०३७ | ११०.६३ | साविक नारायण नगरपालिका कार्यालय |
| २ | दुल्लु नगरपालिका | दुल्लु नगरपालिका वडा नं. (१ देखि ९) मालिका, गौरी, कालभैरव र गमौडी गाविस | १३ | ४१५४० | १५६.७७ | साविक दुल्लु नगरपालिका कार्यालय |
| ३ | चामुण्डा विन्द्रासैनी नगरपालिका | लयाँटी विन्द्रासैनी, चामुण्डा र जबमुकांध गाविस | ९ | २६१४९ | ९०.६ | साविक जम्बुकाँध गाविसको कार्यालय |
| ४ | आठबीस नगरपालिका | सात्तला, सिंगौडी, राकम कर्णाली, पिपलकोट, सिंहासैन र तिलेपाटा गाविस | ९ | २९२२७ | १६८ | साविक राकमकर्णाली गाविसको कार्यालय |
| ५ | भगवतीमाई गाउँपालिका | पगनाथ, रूम, मेहेलतोली, जगनाथ, कट्टी र वडाभैरव गा.वि.स. | ७ | १८७७८ | १५१.५२ | साविक पगनाथ गाविसको कार्यालय |
| ६ | गुराँस गाउँपालिका | खड्कवाडा, बराह, सेरी, गोगनपानी, पिलाडी र लालिकाँडा गा.वि.स. | ८ | २२०३३ | १६४.७९ | साविक बराह गाविसको कार्यालय |
| ७ | डुङ्गेश्वर गाउँपालिका | बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल गा.वि.स. | ६ | १५८८३ | १०५.१९ | साविक डाँडापराजुल गाविसको कार्यालय |
| ८ | नौमुले गाउँपालिका | तोली, बालुवाटार, द्वारी, कालिका, नौमुले, सल्लेरी र चौराठा गा.वि.स. | ८ | २०८०२ | २२८.५९ | साविक नौमुले गाविसको कार्यालय |
| ९ | महावु गाउँपालिका | खरिगैरा गा.वि.स.वडा नं १-७, बडाखोला, बाँसी, रानीवन र काँशीकाँध गा.वि.स. वडा नं १,२,३,४,५,६,७,९ | ६ | १९२७७ | ११०.८ | साविक रानीवन गाविसको कार्यालय |
| १० | भैरवी गाउँपालिका | भैरीकालिकाथुम, कुसापानी, रावतकोट, काँशीकाँध गा.वि.स वडा नं. ८ र दुल्लु नगरपालिका वडा नं. १० | ७ | २१२३३ | ११०.४६ | साविक भैरीकालिकाथुम गाविसको कार्यालय |
| ११ | ठाँटीकाँध गाउँपालिका | लकान्द्रा, विशाला र तोलीजैसी गा.वि.स | ६ | १८८९६ | ८८.२२ | साविक लकान्द्र गाविसको कार्यालय |
| जम्मा | | | ९० | २६०८५५ | १४८५.५७ | |

*स्रोत : राज्य पुनरसंरचना आयोगको प्रतिवेदन २०७३*

### २.२ डुङ्गेश्वर गाउँपालिकाको परिचय :

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ४ वटा गाविसहरु बेलपाटा, लाँकुरी, अवलपराजुल, डाँडापराजुल लाई एक आपसमा गाभेर मिलाइ ६ वटा वडामा विभाजन गरी यो डुङ्गेश्वर गाउँपालिकाको संरचना तयार पारिएको हो । कुल १०५.२० बर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो गाउँपालिका दैलेखका ११ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका हिसाबले तेस्रो सानो स्थानीय तह हो ।

दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणिय वातावरणमा रहेको सुन्दर गाउँपालिकामा थोरै साधन र स्रोतको लगानीवाट गाउँपालिकाको, सामाजिक आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा बिकास हुन सक्ने सम्भावना रहेको छ । भौगोलिक हिसाबले बिकट र बिकासको हिसाबले बिकासोन्मुख अवस्थामा यो गाउँपालिका रहेको छ ।
२०६८ सालको जनगणना अनुसार कुल १६ हजार ८ सय ८३ जनसंख्या रहेको यो गाउँपालिका भित्र बिभिन्न जातजातीहरुको बसोबास रहेको छ । कुल जमिनको ५३.९७ प्रतिशत अर्थात ५ हजार ६ सय ७७ दशमलब ५६ हेक्टर भुभाग बनजंगलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला रहेका छन् ।

मुख्यतया क्षेत्री र ब्राह्मण जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ठकुरी, गुरुङ्ग , मगर, कामी, दमाईको बसोबास रहेको छ भने केही संख्यामा अल्पसंख्यक जाति गाइने र वादी जातिको पनि बसोबास रहेको छ । हिन्दु, इसाई, मुस्लिम, बौद्ध धर्मावलम्वीहरु रहेका छन । धार्मिक तथा सांस्कृतिक रुपमा डुंगेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर रहेका छन् । प्राकृतिक स्रोत साधनको रुपमा पराजुलीखोला, कुईंया ताल, स्लेट खानी, बनजंगल रहेको छ ।

### २.३. डुङ्गेश्वर गाउँपालिकाको ऐतिहाँसिक पृष्ठभूमी

दैलेख जिल्लाको सदरमुकाम नारायण नगरपालिका देखि दक्षिण क्षेत्रमा संगै सिमाना जोडिएको डुङ्गेश्वर गाउँपालिका साविकका ४ वटा गाविसहरु (वेल्पाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल) एकआपसमा गाभिएर संघिय पुनसंरचना आयोगको प्रतिवेदन बमोजिम मिति २०७३ फाल्गुण २७ गतेदेखि डुङ्गेश्वर गाउँपालिका बनेको हो । यस गाउँपालिकमा २०६८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या १५ हजार ८ सय ३३ जना रहेको छ । जसमा ७ हजार ५ सय ५३ जना पुरुष र ८ हजार ३ सय ३० जना महिला रहेका छन् । यस गाउँपालिकाको क्षेत्रफल करिब १०५.२० वर्ग कि.मि रहेको छ । यस क्षेत्रमा पर्यटन, कृषि पशुपालनको उच्च सम्भावना रहेको छ । जातिय रुपमा मिश्रित बसोबास रहेको यस गाउँपालिकामा क्षत्रि जातिको बाहुलयता रहेको छ । विशेष गरी क्षेत्री, ब्राहमण, मगर, ठकुरी तथा दलितहरुको उच्च बसोबास रहेको देखिन्छ । यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ । यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त केहि भु-भाग भिरालो जमिनले बनेको हुदाँ यस क्षेत्रका मानिसहरु जिविकोपार्जनका लागि कृषिका अतिरिक्त ज्यालामजदुरी कामगर्नका लागि भारत लगायत अन्य देशहरुमा जाने गरेको देखिन्छ ।
मुख्य गरी वनजंगल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानिने यस गाउँपालिकाको डुङ्गेश्वर बजारलाई मुख्य व्यापारीक केन्द्र मानिदै आएको छ ।

साविककका ४ वटा गाविसहका ३६ वटा वडाहरु लाई पुनसंरचना गरी यस गाउँपालिकामा ६ वटा वडाहरु बनेको छन् । यस गाउँपालिकाको वडा नं. ५ सबै वडाहरुको लागि भौगोलिक रुपमा बिच केन्द्र पर्ने भएकोले गाउँपालिकाको मुख्य केन्द्र वडा नं. ५ डाँडापराजुलमा स्थापना गरीएको छ । राज्यको बिकेन्द्रीकृत शासनप्रणली तथा स्थानीय जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस गाउँपालिकाले सरकारी निकायका बिभिन्न बिषयगत कार्यालयहरु र गैरसरकारी संघ/संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ ।
यस गाउँपालिका अन्तरगत हाल कायम गरीएका वडा र त्यस अन्तर्गत रहेका साविकका गाविस तथा वडाहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरीएको छ ।

**तालिका नं. २. नयाँ संरचना अनुसार डुङ्गेश्वर गाउँपालिकाको वडा विभाजन**

| वडा न. | साविक गाविस | साविकका गाविस तथा वडाहरु | घरधुरी संख्या | जनसंख्या २०६८ | क्षेत्रफल (बर्ग कि.मि) |
|---|---|---|---|---|---|
| १ | बेलपाटा | (१-९) | ५७० | २,७२१ | १०.०८ |
| २ | लाँकुरी | (१-९) | ७०७ | ३,८४० | २४.४७ |
| ३ | अवलपराजुल | (१-४) | ३५५ | १९७९ | २८.१२ |
| ४ | अवलपराजुल | (५-९) | ४११ | २२३४ | ८.७३ |
| ५ | डाँडापराजुल | (१,२,३,५ र ६) | ४५१ | २,१९१ | १५.२४ |
| ६ | डाँडापराजुल | (४,७,८ र ९) | ५५० | २,९१८ | १८.५६ |
| **जम्मा** | | | **३,०४४** | **१५,८८३** | **१०५.२०** |

**स्रोत : राज्य पुनरसंरचना प्राविधिक सहयोग समिती प्रतिवेदन, २०७३**

## २.४. गाउँपालिकाको नामाकरण

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णय अनुसार साविकका ४ वटा गाविसहरु (वेल्पाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल) लाई एक आपसमा गाभेर ६ वटा वडामा विभाजन गरी यो डुङ्गेश्वर गाउँपालिकाको संरचना तयार पारिएको हो । गाउँपालिका गठन हुनु पुर्व साविकका ४ वटा गाविसहरु मिलाएर एउटा स्थानीय तह बनाउने निर्क्यौल भइसकेपछि यसको वडागत सिमाङ्कन र नामाङ्कनका बिषयमा स्थानीय स्तरमा यस क्षेत्रका राजनितिक दल, बुद्धिजिवी, शिक्षक, समाजसेवी, जेष्ठनागरीक आदीका बिचमा ब्यापक छलफल तथा बहसहरु भए । सिमाङ्कनका बिषयमा सरकारले जनसंख्या र भुगोलको मापदण्ड तोकिएकोले सोहि बमोजिम नै वडा संख्या र तिनको सिमा निर्धारण गरीयो । त्यसपछि यस गाउँपालिकाको नामाकरण सम्बन्धमा यस बुद्धिजिवि, राजनितिक दल, शिक्षक, समाजसेवी, जेष्ठनागरीक र यस क्षेत्रका स्थानीय वासीहरूको भेलामा सबैले आ-आफ्नो राय सल्लाह तथा सुझावहरु पेश गरेका थिए ।

साविकको डाँडापराजुल गाविसको डुङ्गेश्वर बजार यस क्षेत्रकै चर्चित ठाँउ भएकोले यस गाउँपालिकाको नाम डुङ्गेश्वर गाउँपालिका रहन पुग्यो । बिगतका बर्षहरुमा डुंगेल देवताको वासस्थान भएको कारणले गर्दा देवताको नामबाट यस स्थानको नाम डुँङ्गेवर नामाकरण गरीएको इतिहास यस क्षेत्रमा पाइन्छ । किंम्बदती अनुसार डुंगेल भनेको देवता र श्वर भनेको वासस्थान हुनेभएकोले डुंगेल देवताको वासस्थान मानिएको स्थानको नाम पछि आएर डुङ्गेश्वर नै रहन भएको एकथरी किम्दन्ति रहेको छ भने अर्कोतर्फ प्राचित कालमा यस स्थाबाट अन्यत्र बाहिर जानुपर्‍यो भने वरीपरी खोलाहरु भएको कारणले डुङ्गा तरर जानुपर्ने भएको हुँदा त्यस ठाउँको नाम डुङ्गेश्वर रहन गएको भन्ने अर्को किंम्वदन्ती पाइन्छ । एउटा डुङ्गेल देवताको वासस्थान र अर्को डुङ्गा तरेर वारिपारी गर्नुपर्ने भएको पुरानो दुई वटा जनश्रुती पौराणिक किंम्बदन्ती हरेका र यि किंम्बदन्तीहरु पौराणिक र ऐतिहासिक बिषयहरु समेत भएकोले पनि गाउँपालिकाको नामाकरण डुङ्गेश्वर गाउँपालिका नै राखिएको हो ।

## २.५ .गाउँपालिकाको अवस्थिति (सिमाना) :

राजनितिक हिसावले दैलेखका ११ वटा स्थानीय तहहरु मध्ये जिल्लाको प्रतिनिधी सभा निर्वाचन क्षेत्र १ तथा प्रदेश सभा १, क अर्न्तगत यो गाउँपालिका पर्दछ । विश्व मानचित्रमा यसको फैलावट २८ डीग्री ३५ मिनेट उत्तर देखि २९ डीग्री ८ मिनेट उत्तरी अक्षांसम्म र ८१ डीग्री २५ मिनेट पुर्व देखि देखि ८१ डीग्री ५३ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । समुद्री सतहबाट ६५० मीटर देखि २५०० मिटर सम्मको उचाइमा रहेको यस गाउँपालीकको क्षेत्रफल १०५.२० वर्ग किलोमिटर रहेको छ । जिल्ला सदमुकाम नारायण नगरपालिका बाट करिब देखि २० कोषको दुरी सम्ममा यो गाउँपालिकाका वडाहरु फैलिएका छन् । यस गाउँपालिकाको पूर्वमा बैतडी खोलाले भगवतीमाई गाउँपालिका, पश्चिममा छामघाट खोलाले दुल्लु नगरपालिका, त्यसैगरी उत्तरमा लोहोरे खोलाले नारायण नगरपालिका र दक्षिणमा पराजुले खोलाले गुराँस गाउँपालिका संगको सिमाना छुट्टाएको छ ।

**सिमाना**

पूर्वमा : भगवतीमाई गाउँपालिका

पश्चिममा : दुल्लु नगरपालिका

उत्तरमा : नारायण नगरपालिका

दक्षिणमा : गुराँस गाउँपालिका

**२.६ क्षेत्रफल**

दैलेख जिल्लाका साविकका ४ वटा गाविसहरु बेलपाटा, लाँकुरी, अवलपाराजुल र डाँडापराजुल गाविसका ३६ वटा वडा मिलेर बनेको यो गाउँपालिका बनेको हो । दैलेखका ९ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका हिसाबले तेस्रो सानो गाउँपालिका हो । भौगोलिक हिसाबले बिकट र बिकासको हिसाबले बिकासोन्मुख अवस्थामाम यो गाउँपालिका रहेको छ । क्षेत्रफका हिसाले गाउँपालिको वडागत क्षेत्रफल निम्न अनुसार रहेको छ ।

**तालिका नं. ३ : वडागत क्षेत्रफल विवरण**

| वडा न. | साविक गाविस | साविकका गाविस तथा वडाहरु | क्षेत्रफल (बर्ग कि.मि) |
|---|---|---|---|
| १ | बेलपाटा | (१-९) | १०.०८ |
| २ | लाँकुरी | (१-९) | २४.४७ |
| ३ | अवलपराजुल | (१-४) | २८.१२ |
| ४ | अवलपराजुल | (५-९) | ८.७३ |
| ५ | डाँडापराजुल | (१,२,३,५ र ६) | १५.२४ |
| ६ | डाँडापराजुल | (४,७,८ र ९) | १८.५६ |
| **जम्मा** | | **४** | **१०५.२०** |

यस गाउँपालिको वडा अनुसार क्षेत्रफल हेर्दा डुङ्गेश्वर गाउँपालिको वडा नं ३ को क्षेत्रफल सबैभन्दा बढी अर्थात २८.१२ वर्ग किलोमिटर भने सबैभन्दा सानो वडा वडा नं ४ रहेको छ जुन ८.७३ क्षेत्रफमा मात्र फैलिएको छ ।

**३. भौगोलिक स्वरूप**

दैलेख जिल्लाको पुर्वी भागमा अवस्थित डुङ्गेश्वर गाउँपालिका महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चटान युक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको, खोलानाला, रहेको छ । पूर्वमा भगवतीमाई गाउँपालिका पश्चिममा दुल्लु नगरपालिका तथा उत्तरमा नारायण नगरपालिका र दक्षिणमा गुराँस गाउँपालिकासंग सिमाना रहेको छ ।

यस गाउँपालिका पूर्वदेखि पश्चिम सम्म एकै प्रकारको भुगोल र चौडा क्षेत्रफल छ । उर्वर भूमि र विशाल जंगल,नदी तथा खोलाक्षेत्रले ओगटेको यस गाउँपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ । भाग समुन्द्री सतहको ४५० देखि २५०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, भोर्लो, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसो जस्ता बनस्पती पनि प्रशस्त पाइन्छ । यस भु-भागमा औषत १०० मिलिलिटर भन्दा बढी नै वर्षा हुने गर्दछ ।

**भौगोलिक अवस्था**

समुद्री सतहवाट ६५० मीटर देखि २५०० मिटर सम्म

तापक्रम : अधिकतम ४२ डिग्री देखि ० डिग्री सेल्सीयस सम्म

## ४. स्थानीय चाडपर्व तथा जात्रा र मेलाको विवरण

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसाँस्कृतिक विविधता भएका मानिसहरूको बसोबास भएको एक साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । नेपालको एक फरक पहिचान भनेकै साँस्कृतिक विविधता हो र नेपालको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने तत्वहरू मध्येको सामाजिक र साँस्कृतिक स्रोत पनि एक हो । यहाँका विभिन्न पवित्र स्थलहरूमा मन्दिर, गुठी, चर्च, परम्परागत संस्थाहरू र पर्यटकीय सार्वजनिक स्थलहरू पर्दछन् । हिन्दु धर्मवालम्वीहरूको बाहुल्यता रहेता पनि यस गाउँपालिकामा बौद्ध धर्म, क्रिश्चियन धर्म मान्नेहरूको पनि सामान्य मात्रामा बसोबास भएकाले यहाँ मुख्यतया दशै, तिहार, माघेसक्रान्ती, तीज, जनैपुर्णिमा, वुद्धजयन्ती, क्रिसमस डे लगायतका चाडपर्वहरू मुख्य रूपमा मनाइन्छ । यहाँ मनाइने मुख्य चाडपर्वको साथसाथै स्थानीय स्तरमा मनाईने जात्रा तथा मेला सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं ४ : गाउँपालिकामा प्रचलनमा रहेका स्थानीय चाडपर्ब/जात्रा/मेलाहरूको विवरण**

| क्र.सं. | चार्डपर्वहरू | मनाइने महिना | तिथि | मनाउने समुदाय |
|---|---|---|---|---|
| १ | दशैं, तिहार | असोज ,कार्तिक | दशमी,द्धितीया,तृतीय | सबै हिन्दु |
| २ | माघेसक्रान्ती | माघ १ गते | संक्रान्ति | थारू तथा अन्य |
| ३ | जनै पुर्णीमा, होली पुर्णिमा | भाद्र, फाल्गुण | पुर्णिमा | सबै हिन्दु |
| ४ | लोसार | माघ वा फाल्गुण | औसीको नजिक | गुरुग, मगर |
| ५ | क्रिशमस डे | पुस | 25-Dec | क्रिश्चियन |
| ६ | चैते दशै | चैत्र | चैत्र अष्ठमि | सबै हिन्दु |
| ७ | बुद्ध जयन्ति | बैशाख | बैशाख पुर्णिमा | सबै बौद्ध धर्मालम्बिरु |
| | जात्राहरू | | | |
| १ | तिजको जात्रा | भाद्र | तृतीय | हिन्दु |
| २ | लाखेजात्रा | भाद्र | | हिन्दु |
| ३ | भोसी | कार्तिक | औंसी | हिन्दु |
| | मेलाहरू | | | |
| १ | शिवरात्री मेला | फाल्गुण | | हिन्दु |
| २ | माघी मेला | पुस अन्तिम दिन | सक्रांन्तिको अघिल्लो दिन | सबै |

*स्रोत : लक्षित समुह छलफल २०७४*

## ५. पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरू

डुङ्गेश्वर गाउँपालिको वडाहरूमा विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्व बोकेका सम्पदाहरू रहेका छन् । प्रचार प्रसार, संरक्षण र सम्बद्धनको अभावमा पर्यटह भने तान्न यि सम्पदाहरुले सकिरहेका छैनन् । यस गाउँपालिकामा रहेको धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण वडागत रुपमा तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं ५ : डुङ्गेश्वर गाउँपालिको पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरू**

| वडा नं. | क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | स्थलको महत्व | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या |
|---|---|---|---|---|
| २ | १ | कुइया ताल | दृश्यावलोकन | ५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | २ | मालिका मन्दिर | दर्शन तथा दृश्यावलोकन | ६ |
| ४ | ३ | कोटाफेरा | अवलोकन | |
| | ४ | देवल | पुरातात्विक अवलोकन | |
| | ५ | नारायण मन्दिर | दर्शन | |
| | ६ | लाँकुरी मन्दिर | दर्शन | |
| | ७ | माइको थान मन्दिर | दर्शन | |
| ५ | ८ | गिद्धपोखारी | दृश्यावलोकन | |
| | ९ | गुरुङगाडे डाँडा | दृश्यावलोकन | |
| | १० | पञ्चायन/ ढुङ्गेधारा | दृश्यावलोकन | |
| ६ | ११ | ढुङ्गेल मन्दिर | दर्शन | |

*स्रोत : स्थलगत अध्ययन तथा लक्षित समुह छलफल २०७४*

## ६. वर्तमान भू-उपयोग सम्बन्धी विवरण

दैलेख जिल्लाको भु–उपायोगको अवस्था हेर्दा जिल्लाको कुल क्षेत्रफल १,०५,२०० हेक्टर रहेको छ । त्यसमा वन जंगल ७८०२६ हेक्टर, कृषि योग्य जमिन ४३१२१ हेक्टर, चरन क्षेत्र ३६९८ हेक्टर र अन्य क्षेत्र २५३३५ हेक्टरले ओगटेको छ ।

यसैगरी डुङ्गेश्वर गाउँपालिकाको जग्गाको क्षेत्रफल १०५२० हेक्टर अर्थात १०५.२० बर्ग कि.मि रहेको छ । जसमा कृषियोग्य जमिनको क्षेत्रफल ३२५७ हेक्टर, बन क्षेत्र ५६७७.५६ हेक्टर रहेको छ, भने अन्य भुभाग नदीनाला, खोला, सडक तथा आवाश क्षेत्रले ओगटेका छ । डुङ्गेश्वर गाउँपालिकाको भु-उपयोगको अवस्थालाई निम्न अनुसार प्रस्तुत गरीएको छ ।

**तालिका नं. ६: डुङ्गेश्वर गाउँपालिकाको भु-उपयोगको अवस्था**

| क्र.सं. | विवरण | डुङ्गेश्वर गाउँपालिका | |
|---|---|---|---|
| | | क्षेत्रफल (हेक्टर.) | प्रतिशत |
| १ | कृषि क्षेत्र | ३,२५७.०० | ३०.९६ |
| २ | वन तथा चरन क्षेत्र | ५,६७७.५६ | ५३.९७ |
| ३ | आवास क्षेत्र | १,५८५.४४ | १५.०७ |
| ४ | खोलानालाले ओगटेको क्षेत्र | | |
| ५ | ताल तलैया | | |
| ६ | औद्योगिक क्षेत्र | | |
| ७ | सडकले ओगटेको क्षेत्र | | |
| ८ | अन्य | | |
| **जम्मा** | | **१०,५२०.००** | **१००.००** |

*स्रोत: जिल्ला वन कार्यालय दैलेख-२०७४*

## ७. सिंचाईको स्थिति

जल श्रोतका हिसाबले यो गाउँपालिकाका केही वडाहरू सम्पन्नशाली मानिन्छन् । महाभारत श्रृङ्खला अन्तरगत अवस्थित रहेको यस क्षेत्रभित्र साना बार्है महिना पानी बगिरहने साना ठुला खोलाहरु देखि खोल्सा खोल्सी रहेका छन् । मुख्य गरी लोहोरे, चुप्रा,पराजुले र छामघाट खोला जस्ता खोला देखि दजनौ खोल्साहरु रहेका छन् । तिनै खोलाहरूबाट मौसमी सिंचाइ तथा पानी घट्ट चलेका छन् । यस गाउँपालिका अर्न्तगत रहेका विभिन्न वडाहरूमा रहेको कृषियोग्य जमिनहरुमा पर्याप्त सिचाई सुविधाको अभावले गर्दा त्यतिकै खेर गहिरहेको अवस्था छ । गाउँपालिकामा खेती गरीएको क्षेत्रफल र सिंचित क्षेत्र आदिको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ७ :  वडा अनुसार कृषि योग्य जमिन र सिञ्चित क्षेत्रफल**

| वडा नं | साविक गाविसको नाम | कुल क्षेत्रफल (हेक्टर) | कृषियोग्य जमिनको क्षेत्रफल (हे) | खेती गरीएको जमिन (हे) | सिंचित क्षत्रफल (हे) | असिंचित क्षत्रफल (हे) |
|---|---|---|---|---|---|---|
| १ | बेल्पटा | १००८ | ३३५ | २६० | १३७ | १९८ |
| २ | लाँकुरी | २४४७ | ११४८ | ८३७ | २४७ | ९०१ |
| ३,४ | अवलपराजुल | ३६८५ | ६८७ | ५७० | १४४ | ५४३ |
| ५,६ | डाँडापराजुल | ३३८० | १०८७ | ८५६ | १५२ | ९३५ |
| **जम्मा** | | **१०५२०** | **३२५७** | **२५२३** | **६८०** | **२५७७** |

*स्रोत : जिल्ला कृषि विकास कार्यलय तथा तथ्याङ्क पुस्तिका, आ.व. २०७२/२०७३*

## ८. वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण :

दैलेख जिल्लामा सामुदायिक वन, निजी वन, धार्मिक वन र संरक्षित वन आदि प्रकारका वनहरू रहेका छन् । जिल्लाभर भएका वनहरूको विवरण हेर्दा सबै भन्दा बढी सामुदायिक वनहरू रहेका छन् । समुदायलाई हस्तान्तरण गरीएको त्यसको व्यवस्थापन समुदयबाट नै गर्ने गरी जिल्ला तथा ईलाका वन कार्यालयद्वारा हस्तान्तरित सामुदयिक वनहरूको अवस्था  राम्रो देखिएको छ ।

सामुदायिक वनको हस्तान्तरण पश्चात त्यसको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ता समूहलाई नै हुन्छ । स्वीकृत विधान तथा वन कार्ययोजना अनुसार समूह परिचालन तथा वनको संरक्षण, सम्बर्धन र सदुपयोग हुने गर्दछ । स्वीकृत विधान तथा वन कार्ययोजनाको कार्यान्वयन, उपभोक्ता समूहको परिचालन, वन व्यवस्थापन कार्यतालिका बमोजिम काम भएको छ वा छैन ? लक्षित प्रतिफल प्राप्त गर्नका लागि कार्य संचालन भएको छ वा छैन ? सामुदायिक वनले उपभोक्ताहरुलाई के-कति सेवा प्रदान गर्न सक्यो ? हस्तान्तरित सामुदायिक वन तथा उपभोक्ता समूहको अवस्था र स्थितिमा के-कस्तो सुधार आयो ? आदि कुरा निश्चित गर्न सामुदायिक वनको अनुगमन निरीक्षण जिल्ला बन कार्यालय र यस अर्न्तगतको इलाका बन कार्यालयहरुले मार्फत गर्ने गरीन्छ ।

यस डुङ्गेश्वर गाउँपालिकामा ५,६७७.५६ हेक्टर क्षेत्रफलमा बनक्षेत्र फैलिएर रहेको छ , जुन कुल जमिनको ५३.९७ प्रतिशत क्षेत्रफल हो । यस गाउँपालिकाको विभिन्न वडाहरूमा वन पैदावार तथा जैविक विविधताका दृष्टिले महत्वपुर्ण मानिन्छन् । डुङ्गेश्वर गाउँपालिकामा इलाका वन कार्यालय नारायण र डाडाँपराजुल अन्तर्गत हाल विभिन्न ५० वटा सामुदायिक र १७ वटा कबुलियति वनहरु ३८३०.३३ हेक्टर क्षेत्रफमा फैलिएका छन । भने बाँकी १८४७.२३ हेक्टर क्षेत्रफलमा सरकारी तथा संरक्षित बन रहेको छ ।

**तालिका नं. ८ :  गाउँपालिकामा रहेको बन क्षेत्रको बिवरण**

| **विवरण** | **संख्या** | **क्षेत्रफल ( हेक्टरमा)** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| सामुदायिक वन | ५०.०० | ३,७३५.१७ | ६५.७९ | |
| कबुलियति वन | १७.०० | ९५.१६ | १.६८ | |
| धार्मिक वन | - | - | - | |
| सरकारी संरक्षित वन | - | १,८४७.२३ | ३२.५४ | |
| अन्य/निजि | - | - | - | |
| **जम्मा** | | **५६७७.५६** | **१००.००** | |

*श्रोत: जिल्ला वन कार्यालय दैलेख/स्थलगत अध्ययन*

गाउँपालिका भित्रको समग्र बन क्षेत्र हेर्दा सरकारद्धारा संरक्षित बन क्षेत्रको भुभाग नै बढी रहेको पाइन्छ । यद्यपि यस क्षेत्र भित्र त्यसको अलवा सामुदायिक बनहरु समुदायबाट संरक्षित गरीएका छन् । गाउँपालिकाभित्र वडागत रुपमा फैलियर रहेका सामुदायिक वनहरु निम्न अनुसार रहेका छन् ।

**तालिका नं. ९ : वडागत रुपमा डुङ्गेश्वर गाउँपालिकामा रहेका सामुदायिक वनहरुको विवरण**

| **वडा नं.** | **सि.नं** | **इलाका वन कार्यालय** | **सा.व.उ.स.को नाम** | **साविक ठेगाना** | **हस्तान्तरण मिति** | **क्षेत्रफल हे.** | **लाभान्वित घरधुरी** | **लाभान्वित जनसंख्या** |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | नारायण इ.व.का | गौरी तथा सेरा | बेलपाटा-७ | ०४९/३/१२ | ३१.६७ | ६१ | ३६५ |
| | २ | नारायण इ.व.का | अंधेरी खोला | बेलपाटा-५ | ०५१/३/७ | १३.४८ | ९७ | ३०५ |
| | ३ | नारायण इ.व.का | रानिवन सितलगैरा | बेलपाटा-६ | ०५१/११/१६ | २४.०० | ८६ | ५५२ |
| | ४ | नारायण इ.व.का | भैरवथान | बेलपाटा-४ | ०५२/११/१२ | २९.०० | ३२ | २०० |
| | ५ | नारायण इ.व.का | शेरा | बेलपाटा-७ | ०५२/११/१२ | १२.४८ | ५२ | ३६३ |
| | ६ | नारायण इ.व.का | छोडधारा | बेलपाटा-३,२ | ०५३/३/२८ | १३.२८ | ६५ | २६० |
| | ७ | नारायण इ.व.का | रानिवन | बेलपाटा-२ | ०५४/१/१० | १७.४० | २५ | १३७ |
| | ८ | नारायण इ.व.का | स्वांराढांड | बेलपाटा-३ | ०५९/३/१२ | २०.०६ | ३५ | २३५ |
| | ९ | नारायण इ.व.का | धारेखोला | बेलपाटा-९ | ०६३/३/२६ | ४०.०० | ३४ | १९७ |

| वडा नं. | सि.नं | इलाका वन कार्यालय | सा.व.उ.स.को नाम | साविक ठेगाना | हस्तान्तरण मिति | क्षेत्रफल हे. | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| | १० | नारायण इ.व.का | रानीकाफल | बेलपाटा-८ | ०६३/६/२६ | ६.०३ | ५५ | ३२५ |
| | ११ | नारायण इ.व.का | बुलबुले | बेलपाटा-१ | ०६४/१२/१२ | ६६.०६ | ३६ | १९५ |
| २ | १२ | नारायण इ.व.का | सियाला | लाँकुरी-३ | ०५३/३/२४ | १२१.६० | ९२ | ५२४ |
| | १३ | नारायण इ.व.का | सेर्माकोट | लाँकुरी-१ | ०५७/३/९ | ४२.२९ | ६५ | ३८४ |
| | १४ | नारायण इ.व.का | गोरखेडाँडा | लाँकुरी-८ | ०५७/३/९ | ६३.९६ | ३२ | २५१ |
| | १५ | नारायण इ.व.का | मुग्राहा | लाँकुरी-४ | ०५७/३/९ | १०४.७४ | १०६ | ६१९ |
| | १६ | नारायण इ.व.का | सल्लेरी | लाँकुरी-६ | ०५७/३/९ | ३.४८ | १७ | ९२ |
| | १७ | नारायण इ.व.का | स्वांरा | लाँकुरी-८ | ०५७/३/९ | १३.१२ | १५ | ११२ |
| | १८ | नारायण इ.व.का | बिजयकोट | लाँकुरी-७ | ०५७/३/९ | ९३.१० | ५७ | ३८२ |
| | १९ | नारायण इ.व.का | गुहेली | लाँकुरी-५ | ०५७/३/९ | २१.३५ | १३ | ७५ |
| | २० | नारायण इ.व.का | चौरीला | लाँकुरी-९ | ०५७/३/९ | ५०.०४ | ४४ | ३४१ |
| | २१ | नारायण इ.व.का | लेडिमेला | लाँकुरी-६ | ०५७/३/९ | १२.६० | ५८ | १८० |
| | २२ | नारायण इ.व.का | त्रिकुले | लाँकुरी-५ | ०५७/३/९ | १०.९८ | २७ | १६८ |
| | २३ | नारायण इ.व.का | रानिवन | लाँकुरी-५,६ | ०५७/३/९ | ३६.८४ | ६७ | ३६८ |
| | २४ | नारायण इ.व.का | लाखायल डाँडा | लाँकुरी-२ | ०६०/३/२२ | ६७.८२ | ६२ | ३८७ |
| ३ | २५ | डाँडापराजुल | बसाहपाखा | अवलपाराजुल-१ | ०५७/३/१८ | १६७.५० | ९० | ५१२ |
| | २६ | डाँडापराजुल | गजेनिपाखा | अवलपाराजुल-२ | ०६८/११/२९ | ११८.५० | ६१ | ३२४ |
| | २७ | डाँडापराजुल | घामलतडा | अवलपाराजुल-३ | ०६९/११/१८ | ११७.९४ | ९४ | ६१४ |
| | २८ | डाँडापराजुल | पारीपाखा सालघारी | अवलपाराजुल-२ | ०७०/१/२२ | ६१.९१ | ८० | ४३८ |
| | २९ | डाँडापराजुल | गडगडे | अवलपाराजुल-२ | ०७१/१०/१९ | १९२.७२ | ४४ | २८२ |
| | ३० | डाँडापराजुल | गोगनखोला | अवलपाराजुल-२ | ०७१/१०/१९ | १९५.७८ | ४२ | २०९ |
| | ३१ | डाँडापराजुल | मधुसे | अवलपाराजुल-१,२ | ०७२/१०/१५ | ३२२.१६ | ५१ | ३३८ |
| | ३२ | डाँडापराजुल | भित्रिबारी | अवलपाराजुल-४ | ०५७/३/१८ | ५३.३७ | ४६ | २६१ |
| | ३३ | डाँडापराजुल | रानिवन | अवलपाराजुल-४ | ०५७/३/१८ | ५१.३९ | ४० | २०२ |

| वडा नं. | सि.नं | इलाका वन कार्यालय | सा.व.उ.स.को नाम | साविक ठेगाना | हस्तान्तरण मिति | क्षेत्रफल हे. | लाभान्वित घरधूरी | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३४ | डाँडापराजुल | सालघारी | अवलपाराजुल-५ | ०५७/३/२२ | ५१.६२ | १०६ | ६३१ |
| | ३५ | डाँडापराजुल | तिलिया | अवलपाराजुल-६ | ०५७/३/१८ | ६९.९४ | ८२ | ४६५ |
| | ३६ | डाँडापराजुल | नारायण स्थान | अवलपाराजुल-८,९ | ०७२/१०/१५ | ९३.२६ | १५३ | ९०९ |
| ५ | ३७ | डाँडापराजुल | हरियालि लालिगुराँस | डाँडापराजुल-१ | ०७१/३/३० | २२८.५० | १२२ | ७६८ |
| | ३८ | डाँडापराजुल | माझिमेला लिडिमेला | डाँडापराजुल-४ | ०५८/३/२६ | ९१.०० | ५८ | ३६६ |
| | ३९ | डाँडापराजुल | झरौले भण्डार खोला | डाँडापराजुल-५,६ | ०६२/३/३० | १०७.०० | ११४ | ८३७ |
| | ४० | डाँडापराजुल | ऐसेलुकाटिया | डाँडापराजुल-३,६ | ०५०/१०/१२ | १४७.३८ | १३५ | ५९२ |
| ६ | ४१ | डाँडापराजुल | घरखेत आरुखेत | डाँडापराजुल-४ | ०५१/२/२४ | ३१.४२ | ५७ | ४०० |
| | ४२ | डाँडापराजुल | च्याउखोला | डाँडापराजुल-४ | ०७४/१/५ | १२८.९८ | १६३ | १०२२ |
| | ४३ | डाँडापराजुल | टुनिगैरा महिला | डाँडापराजुल-७,८,९ | ०५३/३/२८ | १८.०० | ८५ | ३६५ |
| | ४४ | डाँडापराजुल | टुनिपाटा | डाँडापराजुल-४ | ०५३/३/२८ | ४३.३६ | ४५ | ३१५ |
| | ४५ | डाँडापराजुल | लेखरोटी | डाँडापराजुल-६,८ | ०५३/३/२८ | १९.२० | ५६ | ४०७ |
| | ४६ | डाँडापराजुल | गोगनपानी | डाँडापराजुल-७ | ०५४/१/१० | १३.४३ | २४ | १६२ |
| | ४७ | डाँडापराजुल | बतासेडाँडा | डाँडापराजुल-८,९ | ०५४/२/१६ | ३५.०३ | ८७ | ७७५ |
| | ४८ | डाँडापराजुल | लटाली | डाँडापराजुल-९ | ०५७/३/१८ | १९९.०० | १३६ | १५५० |
| | ४९ | डाँडापराजुल | धारेखोला | डाँडापराजुल-७ | ०५७/३/१८ | ६५.०० | १५३ | ६४९ |
| | ५० | डाँडापराजुल | सातसल्ली | डाँडापराजुल-७,८,९ | ०७१/३/३० | १९६.४० | १८७ | १११९ |
| **कुल जम्मा** | | | | | | **३७३५.१७** | **३५४४** | **२१५२९** |

*श्रोत : जिल्ला वन कार्यालय दैलेख,प्रगति प्रतिवेदन*

यस डुङ्गेश्वर गाउँपालिकाभित्र वडागत रुपमा फैलियर रहेका कबुलियति वनहरु निम्न अनुसार रहेका छन् ।

तालिका नं. १० : **गाउँपालिकाभित्र रहको कबुलियति वनहरुको विवरण**

| वडा नं. | सि.नं | कवुलियति वनको नाम | साविक ठेगाना | हस्तान्तरण मिति | क्षेत्रफल हे. | लाभान्वित घरधूरी | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १ | पुरैनीडाँडा | बेलपाटा-५ | ०६२/३/१९ | २.५२ | ७ | ३१ |
| ४ | २ | बडाखोला | अवलपाराजुल-५ | ०६०/३/२२ | ५.०० | ९ | ५५ |
| | ३ | पिपलचौतारा | अवलपाराजुल-५ | ०६४/९/९ | ७.५० | १५ | ८८ |
| | ४ | देवलडाँडा | अवलपाराजुल-५ | ०६४/९/९ | ४.०० | ८ | ४८ |
| | ५ | रोटिखोला | अवलपाराजुल-५ | ०६४/९/९ | ४.०० | ८ | ५२ |
| | ६ | मौवापानी | अवलपाराजुल-५ | ०६७/३/१४ | ३.७९ | ७ | ४५ |
| | ७ | तुसारेपानी | अवलपाराजुल-५ | ०६७/३/१४ | ३.९० | ७ | ३८ |
| ५ | ८ | बिसाउनी डाँडा | डाँडापराजुल-२ | ०६७/३/१४ | ७.५० | १२ | ६७ |
| | ९ | पहरेपानी | डाँडापराजुल-२ | ०६७/३/१४ | ७.१५ | १२ | ६३ |
| | १० | बाथला | डाँडापराजुल-५ | ०६४/९/९ | ७.५० | १५ | ५१ |
| ६ | ११ | मुलपानी | डाँडापराजुल-७ | ०६४/९/२२ | ७.५० | १५ | १०१ |
| | १२ | जनसहमत | डाँडापराजुल-८ | ०६०/३/२२ | ४.३२ | १५ | ९० |
| | १३ | उत्रेनि | डाँडापराजुल-८ | ०६०/३/२२ | ६.०० | ७ | ५३ |
| | १४ | जिलिङ्गे | डाँडापराजुल-८ | ०६०/३/२२ | ४.८८ | ८ | ५६ |
| | १५ | मण्डलीथान | डाँडापराजुल-८ | ०६०/३/२२ | २.६८ | ७ | ६१ |
| | १६ | नाउलापानी | डाँडापराजुल-८ | ०६३/३/२२ | ९.३६ | १५ | ९३ |
| | १७ | बाग थलेगडा | डाँडापराजुल-८ | ०६३/३/२२ | ७.५६ | १५ | ९० |
| **कुल जम्मा** | | | | | **९५.१६** | **१८२** | **१०८२** |

*श्रोत : जिल्ला वन कार्यालय दैलेख,प्रगति प्रतिवेदन*

## ९.सरकारी /सार्वजनिक जगाहरुको विवरण

यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण निर्माणका लागि गरीएको अध्ययन तथा लक्षित समुह छलफल तथा साविकका गाविसहरूबाट प्राप्त द्वितीय स्रोत अनुसार प्राप्त तथ्याङ्कलाई आधार मान्दा डुङ्गेश्वर गाउँपालिका क्षेत्र भित्र रहेको सार्वजनिक जग्गाहरूको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं. ११ : **गाउँपालिकामा रहेका सार्वजनिक जग्गाहरुको विवरण**

| क्रं सं. | जग्गा रहेको स्थान | हालको अवस्था | क्षेत्रफल | स्वामित्व |
|---|---|---|---|---|
| १ | वडा नं. १ स्थित हाटबजार | सार्वजनिक कार्यक्रम संचालन तथा खेलकुद | ५ बिघा | गाउँपालिका |
| २ | वडा नं. ५ स्थित डाँडागाउँ | सार्वजनिक कार्यक्रम संचालन तथा खेलकुद | १२ बिघा | गाउँपालिका |
| **जम्मा** | | | **१७ बिघा** | |

*स्रोत : लक्षित समुह छलफल २०७४*

## १०. जनसांख्यिकीय अवस्था

यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण निर्माणका लागि गरीएको स्थलगत अध्ययन, लक्षित समुह छलफल तथा साविकका गा.वि.स. हरूबाट प्राप्त द्वितीय स्रोत अनुसार प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यसको कुल जनसंख्या १५ हजार ८ सय ८३ रहेको छ । जस अर्न्तगत महिला ८ हजार ३ सय ३० जना र पुरूष ७ हजार ५ सय ५३ जना रहेका छन् । साथै यस डुङ्गेश्वर गाउँपालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार घरधुरी संख्या ३ हजार ४४ रहेको छ भने औषत परिवार संख्या ५.२२ रहेको छ । हालको अवस्थाको जनसांख्यिकीय अवस्था यसको तुलनामा निश्चय नै बढी भएको अनुमान गर्न सकिन्छ ।

यसैगरी वि.स. २०५८ को जनगणना अनुसार २५१६ घरधुरी र १५,४२४ जनसंख्या रहेको छ । यि दुई जनगणना विचको तुलनात्मक अध्ययन सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छ ।

तालिका नं. १२ : **पारिवारिक तथा जनसङ्ख्या विवरण**

| विवरण | गणना वर्ष | |
|---|---|---|
| | २०५८ | २०६८ |
| जनसंख्या | १५,४२४ | १५,८८३ |
| परिवार संख्या | २,५१६ | ३,०४४ |
| जनघनत्व | १४६.६२ | १५०.९८ |
| औषत वृद्धिदर | – | २.९३ |
| परिवारको औषत आकार | १.४१ | ५.२२ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २०६८*

## ११. वडागत घरधुरी तथा जनसंख्या विवरण

यस गाउँपालिकाका सबै वडाहरूमा गरी कुल ३ हजार ४४ घरधुरी रहेको छ । वडागत रूपमा घरधुरी संख्यालाई विश्लेषण गर्दा विविधता युक्त रहेको देखिन्छ । सबैभन्दा कम घरधुरी वडा नं. ३ मा ३ सय ५५ र सबैभन्दा बढी वडा नं. २ मा ७ सय ७ रहेको छ । यसै गरी जनसंख्या सबैभन्दा बढी वडा नं. २ मा ३ हजार ८ सय ४० तथा सबैभन्दा कम वडा नं. ३ मा १ हजर ९ सय ७९ रहेको देखिएको छ । हालको अवस्थाको वडागतरुपमा

जनसांख्यिकीय अवस्था यसको तुलनामा निश्चय नै बढी भएको अनुमान गर्न सकिन्छ। यस गाउँपालिकाको वडा अनुसारको घरधुरी तथा जनसंख्या विवरण देहाय वमोजिम रहेको छ।

तालिका नं. १३ : **वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण**

| वडा न. | घरधुरी संख्या | जनसंख्या २०६८ | | | साविक गाविस कुल जनसंख्या | साविक गाविस |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महीला | | |
| १ | ५७० | २,७२१ | १,३०३ | १,४१८ | २,७२१ | बेलपाटा |
| २ | ७०७ | ३,८४० | १,८५९ | १,९८१ | ३,८४० | लाँकुरी |
| ३ | ३५५ | १,९७९ | ९४५ | १,०३४ | ४,२१३ | अवलपराजुल |
| ४ | ४११ | २,२३४ | १,०९४ | १,१४० | | |
| ५ | ४५१ | २,१९१ | १,०१५ | १,१७६ | ५,१०९ | डाँडापराजुल |
| ६ | ५५० | २,९१८ | १,३३७ | १,५८१ | | |
| **जम्मा** | **३०४४** | **१५,८८३** | **७,५५३** | **८,३३०** | **१५,८८३** | **४** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकाको वडा अनुसारको घरधुरी तथा जनसांख्यिकीय विवरण देहाय वमोजिम रहेको छ।

**तालिका नं. १४ : वडा अनुसारको जनसांख्यिकीय विवरण**

| वडा न. | घरधुरी संख्या | जनसंख्या २०६८ | | | औषत परिवार आकार | लैगिक अनुपात | क्षेत्रफल (बर्ग कि.मि) | जनघनत्व (औषत) | साविक गाविस |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महीला | | | | | |
| १ | ५७० | २,७२१ | १,३०३ | १,४१८ | ४.७७ | ९१.८९ | १०.०८ | २६९.९४ | बेलपाटा |
| २ | ७०७ | ३,८४० | १,८५९ | १,९८१ | ५.४३ | ९३.८४ | २४.४७ | १५६.९३ | लाँकुरी |
| ३ | ३५५ | १९७९ | ९४५ | १,०३४ | ५.५७ | ९१.३९ | २८.१२ | ७०.३८ | अवलपराजुल |
| ४ | ४११ | २२३४ | १,०९४ | १,१४० | ५.४४ | ९५.९६ | ८.७३ | २५५.९० | |
| ५ | ४५१ | २,१९१ | १,०१५ | १,१७६ | ४.८६ | ८६.३१ | १५.२४ | १४३.७७ | डाँडापराजुल |
| ६ | ५५० | २,९१८ | १,३३७ | १,५८१ | ५.३१ | ८४.५७ | १८.५६ | १५७.२२ | |
| **जम्मा** | **३०४४** | **१५,८८३** | **७,५५३** | **८,३३०** | **५.२२** | **९०.६७** | **१०५.२०** | **१५०.९८** | **४** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## १२. उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्या विवरण

यस गाउँपालिकाका विभिन्न वडाहरूमा रहेको जनसंख्यालाई उमेरगत समूहमा विभाजित गरेर प्रस्तुत गर्न सकिन्छ । जस अनुसार ५ वर्षभन्दा मुनिका बालबालिकाको संख्या १,८११ जना, ६ बर्ष देखि १५ वर्ष मुनि उमेर समूहमा ४,४१६ जना, १५ देखि २५ वर्ष उमेर समूहमा ३,३६० जना, २५ देखि ५९ वर्ष उमेर समुहमा ५,१२९ जना, ६० देखि ७० वर्ष उमेर समूहमा ७३० जना रहेको साथै ७० देखि माथिको जनसंख्या ४३७ जना रहेको पाइयो । जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं.१५ : ० देखि ७५ बर्ष उमेरसमुहको जनसङ्ख्या विवरण**

| वडा नं. | लिङ्ग | जम्मा जनसंख्या | ०० – ०४ | ०५ □ ०९ | १०– १४ | १५– १९ | २० – २४ | २५ – २९ | ३० – ३४ | ३५– ३९ | ४० – ४४ | ४५ □ ४९ | ५० – ५४ | ५५ – ५९ | ६० – ६४ | ६५ – ६९ | ७० – ७४ | ७५ + |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बेलपाटा | **दुबै** | **२,७२१** | **२४८** | **३४०** | **३९२** | **३६३** | **२७१** | **१७९** | **१३५** | **१७३** | **१४६** | **१२३** | **७५** | **७९** | **७६** | **४७** | **३९** | **३५** |
| | पुरुष | १,३०३ | १३१ | १७० | २०२ | १७८ | ११० | ७२ | ५८ | ८२ | ६८ | ५३ | ३९ | ३८ | ३७ | २३ | २० | २२ |
| | महिला | १,४१८ | ११७ | १७० | १९० | १८५ | १६१ | १०७ | ७७ | ९१ | ७८ | ७० | ३६ | ४१ | ३९ | २४ | १९ | १३ |
| लाँकुरी | **दुबै** | **३,८४०** | **४०९** | **४७२** | **५२६** | **४५८** | **३८२** | **२७९** | **२१८** | **२१२** | **१८२** | **१६१** | **१४३** | **१००** | **१०२** | **८५** | **४७** | **६४** |
| | पुरुष | १,८५९ | २०५ | २४४ | २४९ | २१६ | १९० | ११९ | १०१ | १०६ | ८१ | ७९ | ७३ | ५१ | ४४ | ३९ | २६ | ३६ |
| | महिला | १,९८१ | २०४ | २२८ | २७७ | २४२ | १९२ | १६० | ११७ | १०६ | १०१ | ८२ | ७० | ४९ | ५८ | ४६ | २१ | २८ |
| अवलपराजुल | **दुबै** | **४,२१३** | **५६८** | **६२४** | **६११** | **५०२** | **३५२** | **२६५** | **२१०** | **२१६** | **१८३** | **१६१** | **१२५** | **१०४** | **१०९** | **७७** | **६०** | **४६** |
| | पुरुष | २,०३९ | २८८ | ३२० | ३०४ | २४२ | १६३ | १०८ | ८१ | १०३ | ८९ | ७२ | ७१ | ५४ | ५६ | ३८ | ३१ | १९ |
| | महिला | २,१७४ | २८० | ३०४ | ३०७ | २६० | १८९ | १५७ | १२९ | ११३ | ९४ | ८९ | ५४ | ५० | ५३ | ३९ | २९ | २७ |
| डाँडापराजुल | **दुबै** | **५,१०९** | **५८६** | **६८६** | **७६५** | **६४७** | **३८५** | **३१७** | **२२९** | **२९८** | **२६१** | **२३१** | **१८६** | **१३८** | **१३२** | **१०२** | **७६** | **७०** |
| | पुरुष | २,३५२ | २७३ | ३३७ | ३८५ | २९५ | १४२ | १०८ | ८६ | १३४ | ११९ | ११८ | ९० | ७३ | ६४ | ४९ | ४५ | ३४ |
| | महिला | २,७५७ | ३१३ | ३४९ | ३८० | ३५२ | २४३ | २०९ | १४३ | १६४ | १४२ | ११३ | ९६ | ६५ | ६८ | ५३ | ३१ | ३६ |
| **जम्मा** | | **१५,८८३** | **१,८११** | **२,१२२** | **२,२९४** | **१,९७०** | **१,३९०** | **१,०४०** | **७९२** | **८९९** | **७७२** | **६७६** | **५२९** | **४२१** | **४१९** | **३११** | **२२२** | **२१५** |
| **पुरुष** | | **७,५५३** | **८९७** | **१,०७१** | **१,१४०** | **९३१** | **६०५** | **४०७** | **३२६** | **४२५** | **३५७** | **३२२** | **२७३** | **२१६** | **२०१** | **१४९** | **१२२** | **१११** |
| **महिला** | | **८,३३०** | **९१४** | **१,०५१** | **१,१५४** | **१,०३९** | **७८५** | **६३३** | **४६६** | **४७४** | **४१५** | **३५४** | **२५६** | **२०५** | **२१८** | **१६२** | **१००** | **१०४** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

**१३. आर्थिकरूपले सक्रिय जनसङ्ख्याको अवस्था**

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्यालाई आर्थिक रूपले सक्रिय र निष्क्रिय गरी विश्लेषण गर्दा कुल ५३.४५ प्रतिशत (१५ देखि ५९ वर्ष उमेर समुह) जनसंख्या आर्थिक रुपले सक्रिय देखिन्छ जसमा ३,८६२ जना पुरुष र ४,६२७ जना महिला गरी जम्मा ८,४८९ जना रहेको छ । हालको अवस्थाको बस्तुस्थिति हेर्दा यो जनसंख्या बढेको सहजै अनुमान गर्न सकिन्छ । राष्ट्रिय जनगणना २०६८ को विवरणलाई निम्नअनुसारका तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं.१६ :** आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण :

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० देखि १४ | ३,१०८ | ३,११९ | ६,२२७ | ३९.२१ |
| १५ देखि ५९ | ३,८६२ | ४,६२७ | ८,४८९ | ५३.४५ |
| ६० भन्दा माथि | ५८३ | ५८४ | १,१६७ | ७.३५ |
| जम्मा | ७,५५३ | ८,३३० | १५,८८३ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

**१४. भाषाको आधारमा जनसंख्याको विवरण :**

यस गाउँपालिकाको २०६८ सालको जनगणलाई आधार मान्दा मातृभाषाका रूपमा धेरै जसो मानिसहरूले नेपाली भाषा नै बोल्ने गरेको पाइएको छ । यस गाउँपालिकामा बिभन्न जातजातिहरूको जनसंख्या उलेख्य रहेको भएता पनि मातृभाषाका रूपमा नेपाली भाषा नै बोल्ने गरेको पाइएको छ । जस अनुसार सबै भन्दा बढी ९४.५९ प्रतिशत नेपाली, ४.९० प्रतिशत मगर, ०.१२ प्रतिशत गुरुङ, ०.०९ प्रतिशत उर्दु र ०.३० प्रतिशत अन्य भाषा बोल्ने जनसंख्या रहेको छ । यस गाउँपालिकामा भाषाका आधारमा जनसंख्याको विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं. १७ : भाषाको आधारमा जनसंख्या विवरण र प्रतिशत**

| भाषा | कुल जम्मा | प्रतिशत |
|---|---|---|
| **नेपाली** | **१५,०२४** | **९४.५९** |
| मगर | ७७९ | **४.९०** |
| गुरुङ | १९ | **०.१२** |
| उर्दु | १४ | **०.०९** |
| अन्य | ४७ | **०.३०** |
| **जम्मा** | **१५,८८३** | **१००.००** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकाका भिन्न भिन्न वडामा भिन्न भिन्न जातजातीको बाहुल्यता रहहे संगै त्यहाँ बोलिने भाषामा पनि विविधता रहेको छ । वडागत रुपमा बोलिने मातृ भाषालाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. १८ : भाषाको आधारमा वडागत रुपमा जनसंख्या विवरण :**

| वडा नं. | साविक गाविस | मातृभाषा | मातृ भाषा बोल्नेहरु | | |
|---|---|---|---|---|---|
| | | | कुल जनसंख्या | पुरुष | महिला |
| १ | बेलपाटा | **जम्मा** | **२,७२१** | **१,३०३** | **१,४१८** |
| | | नेपाली | १,९०७ | ९०९ | ९९८ |
| | | मगर | ७५९ | ३६९ | ३९० |
| | | गुरुङ | १९ | ११ | ८ |
| | | उर्दु | १४ | ६ | ८ |
| | | अन्य | २२ | ८ | १४ |
| २ | लाँकुरी | **जम्मा** | **३,८४०** | **१,८५९** | **१,९८१** |
| | | नेपाली | ३,८२९ | १,८५५ | १,९७४ |
| | | अन्य | ११ | ४ | ७ |
| ३,४ | अवलपराजुल | **जम्मा** | **४,२१३** | **२,०३९** | **२,१७४** |
| | | नेपाली | ४,२०९ | २,०३६ | २,१७३ |
| | | अन्य | ४ | ३ | १ |
| ५,६ | डाँडापराजुल | **जम्मा** | **५,१०९** | **२,३५२** | **२,७५७** |
| | | नेपाली | ५,०७९ | २,३३९ | २,७४० |
| | | मगर | २० | ७ | १३ |
| | | अन्य | १० | ६ | ४ |
| **कुल जम्मा** | | | **१५,८८३** | **७,५५३** | **८,३३०** |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

## १५. धर्मको आधारमा जनसंख्याको वितरण

डुङ्गेश्वर गाउँपालिका अर्न्तरगत राष्ट्रिय जनगणना २०६८ अनुसार साविकका गाविसहरुमा भएको जनगणना बमोजिम यस गाउँपालिकामा बिभिन्न प्रकारको धर्म अबलम्बन गरेको जनासंख्या रहेको छ । जस अनुसार हिन्दु धर्म मान्ने मानिसहरू ९६.४९ प्रतिशत रहेको छ भने बौद्ध धर्म मान्ने ०.०३१ प्रतिशत जनसंख्या रहेको छ । त्यसरी नै क्रिष्चियन इस्लाम धर्म मान्नेको संख्या नगन्य मात्रामा रहेको छ। धर्मका आधारमा जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।

तालिका नं. १९ : **धर्मको आधारमा जनसंख्याको विवरण**

| गा.वि.स./न.पा. कुल | जनसंख्या | हिन्दु | बौद्ध | इस्लाम | क्रिष्चियन | अन्य |
|---|---|---|---|---|---|---|
| बेलपाटा | २,७२१ | २,२४८ | ४१५ | ५१ | ६ | १ |
| लाँकुरी | ३,८४० | ३,८३६ | ४ | – | – | – |
| अवलपराजुल | ४,२१३ | ४,२१३ | – | – | – | – |
| डाडाँपराजुल | ५,१०९ | ५,०२८ | ७३ | ८ | – | – |
| **जम्मा** | **१५,८८३** | **१५,३२५** | **४९२** | **५९** | **६** | **१** |

***स्रोत : राष्ट्रिय जनगणना २०६८***

## १६. जातजातिका आधारमा जनसङ्याको अवस्था :

जनजातीहरुको बाहुलयता रहेको यस डुङ्गेश्वर गाउँपालिकाको जातजाती सम्बन्धी राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनबाट प्राप्त तथ्याङ्क अनुसार पहाडी ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, कामी,ठकुरी,सन्यासी जाती तथा पहाडी जनजातीहरूको बाहुल्यता रहेको पाईन्छ। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।

तालिका नं. २० : **जातजाति अनुससार जनसङ्याको विवरण**

| वडा नं. | साविक गाविस | जातजाती | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | बेलपाटा | **जम्मा जातजाती** | **२७२१** | **१३०३** | **१४१८** |
| | | क्षेत्री | १०१० | ४६३ | ५४७ |
| | | ब्राहमण पहाडी | १०९ | ५८ | ५१ |
| | | मगर | ७८८ | ३८२ | ४०६ |
| | | मुसलमान | ४० | १८ | २२ |
| | | कामी | ५३१ | २६४ | २६७ |
| | | राई | २० | १० | १० |
| | | गुरुङ्ग | १९ | ११ | ८ |
| | | दमाई/ढोली | ८० | ३६ | ४४ |
| | | ठकुरी | २१ | ११ | १० |
| | | सार्की | ५३ | २४ | २९ |
| | | बादी | १३ | ६ | ७ |
| | | अन्य | ३७ | २० | १७ |
| २ | लाँकुरी | **जम्मा जातजाती** | **३८४०** | **१८५९** | **१९८१** |
| | | क्षेत्री | १७८६ | ८४५ | ९४१ |
| | | ब्राहमण पहाडी | ७२ | ४० | ३२ |
| | | मगर | ३३८ | १७६ | १६२ |
| | | कामी | ७०६ | ३४२ | ३६४ |
| | | गुरुङ्ग | ३७० | १९२ | १७८ |
| | | दमाई/ढोली | १७८ | ७२ | १०६ |
| | | ठकुरी | ७९ | ३९ | ४० |
| | | सार्की | २१० | १०१ | १०९ |
| | | सन्यासी/दशनामी | ७० | ३५ | ३५ |
| | | बाराई | २० | १२ | ८ |
| | | अन्य | ११ | ५ | ६ |
| ३,४ | अवलपराजुल | **जम्मा जातजाती** | **४२१३** | **२०३९** | **२१७४** |
| | | क्षेत्री | २३६५ | ११२९ | १२३६ |
| | | ब्राहमण पहाडी | २१६ | १०० | ११६ |
| | | मगर | ३८६ | १९९ | १८७ |
| | | कामी | ५१८ | २५५ | २६३ |
| | | गुरुङ्ग | ५७ | २३ | ३४ |

| वडा नं. | साविक गाविस | जातजाती | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| | | दमाई/ढोली | ३४८ | १७६ | १७२ |
| | | ठकुरी | २९८ | १४५ | १५३ |
| | | अन्य | २५ | १२ | १३ |
| ५,६ | डाँडापराजुल | **जम्मा जातजाती** | **५१०९** | **२३५२** | **२७५७** |
| | | क्षेत्री | १३०८ | ६१९ | ६८९ |
| | | ब्राहमण पहाडी | ७५० | ३५६ | ३९४ |
| | | मगर | १०१९ | ४७६ | ५४३ |
| | | मुसलमान | १२ | ५ | ७ |
| | | कामी | ६६९ | २९३ | ३७६ |
| | | गुरुङ्ग | ११७ | ५५ | ६२ |
| | | दमाई/ढोली | २०५ | १०१ | १०४ |
| | | ठकुरी | ७८८ | ३४३ | ४४५ |
| | | सार्की | १७८ | ७३ | १०५ |
| | | गाइने | ४१ | २३ | १८ |
| | | अन्य | २२ | ८ | १४ |
| **कुल जातिगत जनसंख्या** | | | **१५८८३** | **७५५३** | **८३३०** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

### १७ उमेर र लिङ्ग अनुसार घरमुलीको विवरण :

डुङ्गेश्वर गाउँपालिको वस्तुगत विवरण २०७४ निर्माण गर्ने क्रममा विभिन्न स्रोतबाट संकलित जनसंख्या तथ्याङ्कलाई विभिन्न उमेर र लिङ्ग अनुसारले घरमुली विवरणलाई विश्लेषण गर्दा सबैभन्दा बढी ३० देखि ६० वर्ष उमेर समूहका घरमूलीहरु बढी देखिन्छन् भने ६० वर्ष भन्दा माथि र ३० वर्ष भन्दा मुनिको संख्या न्यून देखिन्छ। यि सबै उमेर समुहमा घरमुलिको रुपमा महिलाको तुलनामा पुरुषहरुको बाहुल्यता रहेको पाइन्छ।

### १८.दश वर्ष र सो भन्दा माथिका महिला पुरुषहरुको पहिलो पटक बिबाह गरेको उमेरको आधारमा जनसंख्या

बिगतको समयमा छिटो विवाहको प्रचलन रहेता पनि कानुनी व्यवस्था तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको सक्रियतामा विभिन्न वालविवाह विरूद्ध तथा वालविवाह न्युनिकरणका लागि चेतनामूलक अभियान तथा कार्यक्रमहरू संचालन गरीदै आएकाले पहिलेभन्दा पहिलो पटक विवाह गर्नेहरूको औषत उमेर वृद्धि हुदै गइरहेको छ। अहिले आएर यस गाउँपालिका क्षेत्रमा पहिलो पटक विवाह गर्ने महिला तथा पुरुषहरुको उमेर १९ देखि २४ वर्ष रहेको विभिन्न प्रतिवेदन तथा लक्षित समूह छलफल मार्फत बुझिन आएको छ। तैपनि छिटफुट रुपमा बालबिबाहका घटनाहरुपनि घटिरहेका छन्। सहमति र मञ्जुरीमा गरीने बालबिबाहरु गैरकानुनी भएको हुँदा सम्बन्धित निकायको रेर्कमा अभिलेखिकरण हुन आई पुगेका छैनन्।

## १९.अपाङ्गताका आधारमा जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार यस डुङ्गेश्वर गाउँपालिकामा भिन्न भिन्न शारीरिक तथा मानसिक क्षमताका आधारमा फरक फरक भागमा विभाजित गरी तथ्यांक संकलन गर्दा यस गाउँपालिकामा जम्मा संख्या ४७७ जना रहेको छ। जसमा २२० जना शारिरीक अपांगता, ९२ जना न्यून दृष्टि भएका, ६२ जना सुस्त श्रवण, ४ जना दृष्टि विहिन, ३५ जना बहिरा, १४ जना मानसिक अपांग, १५ जना बौद्धिक अपांग, ३५ जना बहु अपांग रहेका छन्। सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ।

**तालिका नं. २१ : भिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको विवरण :**

| वडा नं. | साविक गाविस | लिङ्ग | कुल जनसंख्या | अपांगता नभएको जनसंख्या | अपांग जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शारिरीक | न्युन दृष्टि | सुस्त श्रवण | दृष्टि विहिन | बहिरा | मानसिक अपांग | बौद्धिक अपांग | बहु अपांग |
| १ | बेलपाटा | **जम्मा** | **२,७२१** | **२,६९७** | **६** | **३** | **४** | **२** | **५** | **१** | **३** | **०** |
| | | पुरुष | १,३०३ | १,२९२ | ३ | १ | ० | २ | ३ | ० | २ | ० |
| | | महिला | १,४१८ | १,४०५ | ३ | २ | ४ | ० | २ | १ | १ | ० |
| २ | लाँकुरी | **जम्मा** | **३,८४०** | **३,७५३** | **२४** | **२३** | **१३** | **०** | **७** | **४** | **३** | **१३** |
| | | पुरुष | १,८५९ | १,८१२ | १० | १६ | ६ | ० | ३ | २ | ३ | ७ |
| | | महिला | १,९८१ | १,९४१ | १४ | ७ | ७ | ० | ४ | २ | ० | ६ |
| ३,४ | अवलपराजुल | **जम्मा** | **४,२१३** | **४,०४४** | **९९** | **२१** | **२४** | **१** | **८** | **२** | **८** | **६** |
| | | पुरुष | २,०३९ | १,९३१ | ६७ | १३ | १० | १ | ६ | १ | ५ | ५ |
| | | महिला | २,१७४ | २,११३ | ३२ | ८ | १४ | ० | २ | १ | ३ | १ |
| ५,६ | डाँडापराजुल | **जम्मा** | **५,१०९** | **४,९१२** | **९१** | **४५** | **२१** | **१** | **१५** | **७** | **१** | **१६** |
| | | पुरुष | २,३५२ | २,२३५ | ५५ | २७ | १० | ० | १२ | ३ | १ | ९ |
| | | महिला | २,७५७ | २,६७७ | ३६ | १८ | ११ | १ | ३ | ४ | ० | ७ |
| **जम्मा** | | | **१५,८८३** | **१५,४०६** | **२२०** | **९२** | **६२** | **४** | **३५** | **१४** | **१५** | **३५** |
| **पुरुष** | | | **७,५५३** | **७,२७०** | **१३५** | **५७** | **२६** | **३** | **२४** | **६** | **११** | **२१** |
| **महिला** | | | **८,३३०** | **८,१३६** | **८५** | **३५** | **३६** | **१** | **११** | **८** | **४** | **१४** |

स्रोत : कन्द्रिय तथ्यांक विभाग २०६८

## २०.छानाको प्रकारको आधारमा घरधुरी संख्या

यस गाउँपालिकामा मुख्य गरी आवास प्रयोजनका लागि तयार गरीएको घरहरूमा खरले छाएको घरको संख्या तुलनात्मक रूपमा बढि देखिन्छ । यसका साथै गाउँपालिका अर्न्तगतका विभिन्न वडाहरूमा आवासका लागि टिनको छानाको प्रयोग गर्ने घरधुरीहरू पछिल्लो समयमा बढ्दै गएको पाईन्छ । सामान्य मात्रामा आर.सि.सि.ढलान भएको घरहरु रहेका छन् । जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख छ ।

तालिका नं. २२ : **छानाको प्रकारको आधारमा घरधुरी विवरण**

| वडा न. | गाउँको नाम | घरधुरी | घरको छानाको र संख्या | | | | | | अन्य | उल्लेख नभएका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खरले छाएको | जस्ता पाताले | टायल तथा ढुंगाले | आर. सि. सि. | काठले छाएको | माटोले छाएको | | |
| १ | **बेलपाटा** | ५७० | १०४ | ८२ | २५४ | ६४ | २ | ६० | ० | ४ |
| २ | **लाँकुरी** | ७०७ | ५६ | ५ | ६३० | १ | ० | १० | ० | ५ |
| ३,४ | **अवलपराजुल** | ७६६ | १८४ | ६ | ५४८ | १ | ९ | ३ | ० | १५ |
| ५,६ | **डाँडापराजुल** | १,००१ | २८५ | ४६ | ५९० | ५५ | ० | १९ | ० | ६ |
| **जम्मा** | | **३,०४४** | **६२९** | **१३९** | **२,०२२** | **१२१** | **११** | **९२** | **०** | **३०** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## २१.स्वामित्वका आधारमा घरधुरी संख्या

यस गाउँपालिकाका घरहरूलाई घरको स्वामित्वको आधारमा वर्गीकरण गर्दा अधिकांस परिवार आफ्नै निजि घरमा बसोबास गरीरहेका छन् । जम्मा २ हजार ८ सय ७३ (९४.३८ %) घरपरिवारले आफ्नै घरमा बसोबास गरेको, १५५ घरपरिवार भाडामा, ४ घर परिवार संस्थागत घरमा बसेको पाइयो । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. २३ : घरको स्वामित्वको विवरण

| **वडाहरु** | गाउँको नाम | **जम्मा** | **घरको स्वामित्को** | | | |
|---|---|---|---|---|---|---|
| | | | निजि घर | भाडाको घर | संस्थागत | अन्य |
| १ | बेलपाटा | ५७० | ४७४ | ९५ | १ | ० |
| २ | लाँकुरी | ७०७ | ६९३ | १२ | ० | २ |
| ३,४ | अवलपराजुल | ७६६ | ७५७ | ६ | ० | ३ |
| ५,६ | डाँडापराजुल | १,००१ | ९४९ | ४२ | ३ | ७ |
| **जम्मा** | | **३,०४४** | **२,८७३** | **१५५** | **४** | **१२** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## २२. खानेपानीको श्रोतको आधारमा घरधुरी संख्या

नेपाल आफैमा जलस्रोतले एक धनि देश हो तर जनसंख्याको तीव्र वृद्धि र भौगोलिक असमानता र विकटताका कारण नेपालमा कैयन नेपाली नागरीकहरूले स्वच्छ खानेपानी पिउनबाट बञ्चित भइरहेका छन् , यो समस्याबाट यस गाउँपालिकाका बासीन्दाहरु पनि अछुतो हुन सकेका छैनन् । गाउँपालिकामा को वडागतको विश्लेषण गर्दा सबैभन्दा बढी धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी संख्या १ हजार ९ सय २ रहेको पाइएको छ । साथै यस गाउँपालिकामा खोला, मुल धारा र ईनार जरूवाको पानी प्रयोग गर्ने घरपरिवारहरू पनि रहेका छन् । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. २४ :** खानेपानीको श्रोतको आधारमा  घरधुरी विवरण

| वडा नं | गाउको नाम | जम्मा घर धुरी | खानेपानीको मुख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/ पाईप | ट्युबवेल/हातेपम्प | ढाकिएको इनार/ कुवा | खुला इनार/ कुवा | लिफट,पोखरी | खोला तथा नदी | अन्य | अनुत्तरीत |
| १ | बेलपाटा | ५७० | ३३० | ० | १ | ० | २३४ | १ | ० | ४ |
| २ | लाँकुरी | ७०७ | ५५२ | २ | २५ | १७ | १०७ | ० | ० | ४ |
| ३,४ | अवलपराजुल | ७६६ | ४३१ | २ | ३ | ३९ | २७१ | ९ | ० | ११ |
| ५,६ | डाँडापराजुल | १,००१ | ५८९ | ४ | ३५ | १०५ | २५७ | ४ | ० | ७ |
| | **जम्मा** | **३,०४४** | **१,९०२** | **८** | **६४** | **१६१** | **८६९** | **१४** | **०** | **२६** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## २३. इन्धनको प्रयोगका आधारमा घरपरिवारको  अवस्था

यस डुङ्गेश्वर गाउँपालिकाको इन्धनको मुख्य स्रोत भनेकै काठ दाउरा रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका कुल ३ हजार ४४ घर मध्ये २ हजार ९ सय ८२ अर्थात ९७.९६ प्रतिशत घरपरिवाले दाउरालाई प्रमुख इन्धनको श्रोतका रूपमा लिएको तथा नगन्य मात्रामा अन्य इन्धनका श्रोतहरू प्रयोग गर्ने गरेको पाइयो । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं. २५ : इन्धनको प्रयोगको आधारमा घरधुरी विवरण :**

| वडा नं | साविक गाविस | जम्मा घरधुरी | खाना पकाउन अक्सर प्रयोग गरीने इन्धनहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ/ दाउरा | मट्टितेल | एल.पी. ग्यास | गुईठा/गोहरा | गोवर ग्यास | बिजुली | अन्य | अनुत्तरीत |
| १ | बेलपाटा | ५७० | ५४३ | २ | २१ | ० | ० | ० | ० | ४ |
| २ | लाँकुरी | ७०७ | ६९७ | ० | ० | २ | ४ | ० | ० | ४ |
| ३,४ | अवलपराजुल | ७६६ | ७५१ | ० | ० | ० | ३ | ० | ० | १२ |
| ५,६ | डाँडापराजुल | १,००१ | ९९१ | १ | १ | १ | ० | ० | ० | ७ |
| **जम्मा** | | **३,०४४** | **२,९८२** | **३** | **२२** | **३** | **७** | **०** | **०** | **२७** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## २४. बत्तीको प्रयोगका आधारमा घरपरीवारको  अवस्था

यस गाउँपालिकाको बत्तीको स्रोतको आधारमा घर परिवारलाई विश्लेषण गर्ने हो भने जनगणना लिने समयमा विद्युत प्रयोग गर्ने घरधुरी संख्या १ हजार १ सय ५४ अर्थात ३७.९१ प्रतिशत रहेको देखन्छ । गाउँपालिकाको थप केहि वडाहरुमा बिद्युतको केन्द्रीय प्रशारण लाइनले छोएको हुँदा हाल यो संख्या बढेको अवस्थामा छ जुन कुरा गाउँपालिकाको बिद्युतिकरणको अवस्थामा हेर्न सकिन्छ । यद्यपि सौर्य उर्जा, मट्टितेल तथा बायोग्यास जस्ता उर्जाको पनि  प्रयोग गरेको देखिन्छ। यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. २६ :** बत्तीको प्रयोगका आधारमा घरपरिवारको विवरण

| वडा न. | साविक गाविसहरु | घरधुरी | बत्तीको प्रयोग अनुसार घरधुरी संख्या | | | | | उल्लेख नभएका |
|---|---|---|---|---|---|---|---|---|
| | | | विजुली | मट्टितेल | बायोग्यास | सोलार | अन्य | |
| १ | बेलपाटा | ५७० | ४६४ | ६७ | ० | ४ | ३१ | ४ |
| २ | लाँकुरी | ७०७ | ४९ | २४ | १ | ४०५ | २२४ | ४ |
| ३,४ | अवलपराजुल | ७६६ | १९५ | ० | ० | २२१ | ३३९ | ११ |
| ५,६ | डाँडापराजुल | १,००१ | ४४६ | ७ | २ | २०२ | ३३७ | ७ |
| **जम्मा** | | **३,०४४** | **१,१५४** | **९८** | **३** | **८३२** | **९३१** | **२६** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## २५. उपलब्ध सेवा सुविधाहरूको आधारमा घरपरिवार विवरण

यस गाउँपालिकामा उपलब्ध सेवा सुबिधाका आधारमा घर परिवारलाई विश्लेषण गर्ने हो भने कुनै पनि सुबिधा नभएका घर परिवार १५.७० प्रतिशत, कम्तीमा एउटा सुविधा भएका परिवार ७९.३० प्रतिशत रहेको देखिन्छ यद्यपि जनसंख्याको बृद्धि तथा अन्य सेवासुविधाहरुको विस्तार र संचारक्षेत्रको आधुनिकिकरण संगसंगै हाल आएर यो संख्यामा बृद्धि भएको देखिन्छ । २०६८ को जनगणना अनुसार यस सम्बन्धि विवरण देहाय बमोजिमको तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. २७ : **उपलब्ध सेवा सुबिधाका आधारमा घरपरिवारको विवरण :**

| गाउँपालिकामा उपलब्ध सुविधाका आधारमा घरपरिवार संख्या | | | |
|---|---|---|---|
| क्र.स. | सेवाको विवरण | घरपरिवार | प्रतिशत |
| १ | कुनैपनि सेवा सुविधा नभएका | ४७९ | १५.७० |
| २ | कम्तीमा एउटा सेवा सुविधा भएका | २४१४ | ७९.३० |
| ३ | रेडियो भएका | २०४१ | ६७.०० |
| ४ | टि.भी. सुविधा भएका | २६२ | ८.६१ |
| ५ | केवल लाईन जोडेका | ८६ | २.८३ |
| ६ | कम्प्युटर सुविधा भएका | २० | ०.६६ |
| ७ | इन्टरनेट सुविधा भएका | ४ | ०.१३ |
| ८ | टेलिफोन भएका | १०९ | ३.५८ |
| ९ | मोबाइल भएका | १७२९ | ५६.८ |
| १० | गाडी भएका | २ | ०.०७ |
| ११ | मोटरसाईकल भएका | २२ | ०.७२ |
| १२ | साईकल भएका | ५ | ०.१६ |
| १३ | अन्य साधन भएका | ० | ० |
| १४ | फ्रिज भएका | २१ | ०.६९ |
| ५,६ | डाँडापराजुल | १०६ | १०३ | १०९ | २१५ | १६२ | ३१८ | ५१२ | ४५९ | ४०६ | १५०२ | ५२८ | ५६२ | १०९० | १२७७ | १३९९ | १०६० | ४१८ |
| **जम्मा** | | **३५३** | **३२५** | **३४३** | **६७८** | **५११** | **१००३** | **१६१४** | **१४४७** | **१२७९** | **४७३१** | **१६६४** | **१७६९** | **३४३३** | **४०२४** | **४४०८** | **३३४१** | **१३१८** |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय दैलेख -२०७४*

### ४८.५ गर्भवती महिलाले स्वस्थ्य चौकीबाट गराइको सुरक्षित मातृत्व सम्बन्धि विवरण

डुङ्गेश्वर गाउँपालिका स्थित स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाले स्वस्थ्य चौकीबाट सुरक्षित मातृत्व सम्बन्धि सेवा लिनेमा प्रथम पटक चेक जाँच गर्ने, प्रोटोकल अनुसारको प्रथम पटक चेक जाँच गर्ने र प्रोटोकल अनुसारको चौथो पटक चेक जाँच गर्नेको संख्या लगभग उस्तै उस्तै छ। जुन निम्न अनुसार उल्लेख गरीएको छ।

तालिका नं.५१ : **डुङ्गेश्वर गाउँपालिकामा गर्भवती महिलाले स्वस्थ्य चौकीबाट सुरक्षित मातृत्व सम्बन्धि सेवा लिनेको विवरण**

| गर्भ अवस्थाको चेक जााचको विवरण | | | | | | | | | | | सुत्केरी सेवा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | स्वास्थ्य संस्थाको नाम | प्रथम पटक चेक जाँच | | | प्रोटोकल अनुसारको प्रथम पटक चेक जाँच | | | प्रोटोकल अनुसारको चौथो पटक चेक जाँच | | | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी | | | तालिम प्राप्त नगरेका स्वास्थ्यकर्मीबाट सुत्केरी | | | जम्मा | | |
| | | <२० बर्ष | >२० बर्ष | जम्मा | <२० बर्ष | >२० बर्ष | जम्मा | <२० बर्ष | >२० बर्ष | जम्मा | सेवा लिएका | घरमा | जम्मा | सेवा लिएका | घरमा | जम्मा | सेवा लिएका | घरमा | जम्मा |
| १ | बेलपाटा स्वास्थ्यचौकी | १३ | ४६ | ५९ | १५ | ५० | ६५ | १२ | ३५ | ४७ | ३४ | ० | ३४ | ९ | ० | ९ | ४३ | ० | ४३ |
| २ | लाँकुरी स्वास्थ्यचौकी | १७ | ४७ | ६४ | १७ | ४५ | ६२ | २३ | ३० | ५३ | ४९ | ० | ४९ | ० | ० | ० | ४९ | ० | ४९ |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अवलपराजुल स्वास्थ्यचौकी | २२ | ६५ | ८७ | २१ | ५१ | ७२ | १२ | ४० | ५२ | १७ | ० | १७ | ४१ | ० | ४१ | ५८ | ० | ५८ |
| ४ | डाँडापराजुल स्वास्थ्यचौकी | २५ | ५१ | ७६ | २२ | ३९ | ६१ | ११ | २४ | ३५ | २८ | ० | २८ | ३८ | ० | ३८ | ६६ | ० | ६६ |
| जम्मा | | **७७** | **२०९** | **२८६** | **७५** | **१८५** | **२६०** | **५८** | **१२९** | **१८७** | **१२८** | **०** | **१२८** | **८८** | **०** | **८८** | **२१६** | **०** | **२१६** |

*श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय दैलेख -२०७४*

### ४८.६ गर्भवती महिलाले स्वस्थ्य चौकीबाट लिएको सुत्केरी सेवाको विवरण

डुङ्गेश्वर गाउँपालिका स्थित स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाले स्वस्थ्य चौकीबाट सुरक्षित मातृत्व सम्बन्धि सेवा लिनेमा सबैजनाले सवस्थ्य संस्थामा गएर तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी भएका र तालिम प्राप्त नगरेका स्वास्थ्यकर्मीबाट सुत्केरी नगराउने गरेको पाइन्छ ।

तालिका नं.५२ : **डुङ्गेश्वर गाउँपालिकामा गर्भवती महिलाले स्वस्थ्य संस्थाबाट लिएको सुत्केरी सेवाको विवरण**

| क्र.स | स्वास्थ्य संस्थाको नम | बच्चा जन्माउने सख्याको आधारमा आमाको विवरण | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य संस्थामा बच्चा जन्माउने | | | घरमै बच्चा जन्माउने | |
| | | एउटा बच्चा जन्माउने | दुईवटा बच्चा जन्माउने | दुईवटा भन्दा बढी बच्चा जन्माउने | | |
| १ | बेलपाटा स्वास्थ्यचौकी | ४३ | - | - | - | ४३ |
| २ | लाँकुरी स्वास्थ्यचौकी | ४९ | - | - | - | ४९ |
| ३ | अवलपराजुल स्वास्थ्यचौकी | ५९ | - | - | - | ५९ |
| ४ | डाँडापराजुल स्वास्थ्यचौकी | ६५ | २ | - | - | ६७ |
| **जम्मा** | | **२१६** | **२** | **-** | **-** | **२१८** |

*श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय दैलेख -२०७४*

## ४९. खोप सेवाको विवरण

यस गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीएका वि सि जि, डि पि टि एच इ वी र बी एच आई वी, आई पि भि, दादुरा / रुबेला र पोलियो जस्ता खोपहरु दिइएको थियो । बिगत ३ वटा आर्थिक बर्षमा उपलब्ध गराइएको खोपको विवरण देहाय बमोजिम तालिकामा देखाईएको छ ।

**तालिका नं.५३ : गाउँपालिका क्षेत्रको बिगत ३ बर्षको खोप सेवाको विवरण**

| क्र.स. | विवरण | आर्थिक बर्ष | | |
|---|---|---|---|---|
| | | २०७१/ ०७२ | २०७२/ ०७३ | २०७३/ ०७४ |
| | | संख्या | संख्या | संख्या |
| १ | वि.सि.जि. | ३२६ | २८० | २६६ |
| २ | डि.पि.टि. /हेप /हिव १ | ३२५ | ३३४ | २९४ |
| ३ | डि.पि.टि. /हेप /हिव २ | ३५२ | ४०२ | २९१ |
| ४ | डि.पि.टि. /हेप /हिव ३ | ३४७ | ३०५ | ३०२ |
| ५ | दादुरा / रुवेला १ | ३१९ | २८९ | २२४ |
| ६ | पोलियो ३ | ३४७ | २१७ | ३०२ |
| ७ | टि.टि (गर्भवती महिलाः -२) | १७३ | १४१ | १२९ |
| ८ | टि.टि (गर्भवती महिलाः २+) | १२२ | १५० | १४१ |
| **जम्मा खोपको विवरण** | | **२,३११** | **२,११८** | **१,९४९** |

*श्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय दैलेख -२०७४*

## ५०. खोप सेवा छोडने बालबालिकाको अबस्था

गाउँपालिका अर्न्तरगत सञ्चालित विभिन्न स्वस्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाइ मार्फत बिगतका ३ आर्थिक बर्षहरुको तथ्याङ्क अध्ययन गर्ने हो भने आर्थिक बर्ष २०७१/०७२, २०७२/०७३ र आीर्थक बर्ष मा बिभिन्न प्रकारका खोपहरु लगाउन छुटाएको सम्बन्धित स्वास्थ्य संस्थाहरुको तथ्याङ्क हेर्दा खोप छुटेका पाइदैन । पछिल्लो समयमा लाँकुरी वि.स २०७१ बैशाख १४, बेल्पटा २०७१ बैशाख १५, अवलपराजुल २०७१ मंसिर ५ र डाडाँपराजुल २०७२ बैशाख ११ गते पुर्ण खोप घोषणा भइसकेको हुँदा यस क्षेत्रका सबै बालबालिकहरुले खोप नछुटाएको पाइन्छ । तुलनात्मक हिसाबले हेर्ने हो भने एउटै आर्थिक बर्षमा पनि खोपको दरमा घटबढ भईरहेको छ ।

## ५१. विगत ३ वर्षहरुको पोषणको अवस्था

डुङ्गेश्वर गाउँपालिका अर्न्तरगत सञ्चालित विभिन्न स्वस्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाइ तथा अन्य स्वास्थ्य सेवा प्रदायक कार्यालयको विगत ३ बर्षका पोषणको अवस्थालाई आर्थिक बर्ष.२०७१/०७२, २०७२/०७३, २०७३/०७४ अनुसार तुलनात्मक विश्लेषण देहाय बमोजिम तालिकामा देखाईएको छ ।

तालिका नं.५४ : **डुङ्गेश्वर गाउँपालिकाको विगत ३ वर्षहरुको पोषणको अवस्था**

| स्वास्थ्य संस्था | सुचकांकहरु | आर्थिक बर्ष | | |
|---|---|---|---|---|
| | | २०७१/ ०७२ | २०७२/ ०७३ | २०७३/ ०७४ |
| बेलपाटा स्वास्थ्य चौकी | ५ वष भन्दा मुनिको बृद्धि अनुगमन (पटक) | ११ | ११ | ११ |
| | गर्भवती महिलाहरुका लागि आइरन चक्की वितरण (जना) | ५७ | ४६ | ६७ |
| | गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ५७ | ४६ | ६७ |

| स्वास्थ्य संस्था | सुचकांकहरु | आर्थिक बर्ष | | |
|---|---|---|---|---|
| | | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
| | सुत्केरी भएका महिलाहरुका लागि भिटामिन ए वितरण (जना) | ५७ | ४६ | ६७ |
| | ६ महिना देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको भिटामिन ए(जना) | ३१६ | ३२५ | ३१० |
| | १ देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | २८० | २८८ | २९० |
| लाँकुरी स्वास्थ्यचौकी | ५ वष भन्दा मुनिको बृद्धि अनुगमन (पटक) | ६ | ४ | १० |
| | गर्भवती महिलाहरुका लागि आइरन चक्की वितरण(जना) | ७५ | ७७ | ६४ |
| | गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ७५ | ७७ | ६४ |
| | सुत्केरी भएका महिलाहरुका लागि भिटामिन ए वितरण (जना) | ५४ | ६० | ४९ |
| | ६ महिना देखि ५ वर्ष सम्मका बच्चाहरुलाई खुवाएको भिटामिन ए(जना) | ३५४ | ३३० | ३०८ |
| | १ देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | ३१४ | ३०२ | २७२ |
| अवलपराजुल स्वास्थ्यचौकी | ५ वष भन्दा मुनिको बृद्धि अनुगमन (पटक) | ४४ | ५५ | ९२ |
| | गर्भवती महिलाहरुका लागि आइरन चक्की वितरण(जना) | ६५ | १२३ | १०५ |
| | गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ६५ | ११९ | १०५ |
| | सुत्केरी भएका महिलाहरुका लागि भिटामिन ए वितरण (जना) | ६३ | ९५ | ८३ |
| | ६ महिना देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको भिटामिन ए(जना) | ४६१ | ४११ | ३५१ |
| | १ देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | ४११ | ३९१ | ३०८ |
| डँडापराजुल स्वास्थ्यचौकी | ५ वष भन्दा मुनिको बृद्धि अनुगमन (पटक) | १४१ | ९१ | ८३ |
| | गर्भवती महिलाहरुका लागि आइरन चक्की वितरण(जना) | ८९ | ८२ | ८४ |
| | गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ८९ | ८४ | ८४ |
| | सुत्केरी भएका महिलाहरुका लागि भिटामिन ए वितरण (जना) | १०३ | ७१ | ६० |
| | ६ महिना देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको भिटामिन ए(जना) | ५२४ | ४६९ | ४२८ |
| | १ देखि ५ वर्ष सम्मका वच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | ४७५ | ४३७ | ३८८ |
| **कुल जम्मा** | | **४,१८६** | **४,०४०** | **३,७५०** |

*श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय दैलेख -२०७४*

### ५२.कुपोषणको अवस्था सम्वन्धी विवरण

नेपाल सरकारले संचालन गरे बमोजिमका सबै पोषण सम्बन्धि कार्यक्रमहरु यस गाउँपालिकामा संचान भई कार्यान्वयन भएका छन् । स्थानीय स्वास्थ्य संस्थाहरुको गत आर्थिक बर्ष २०७३/०७४ को अवस्थालाई हेर्ने हो यस गाउँपालिकामा कुनै बालबालिकाको कुपोषणका कारणले ज्यान गएको नपाइकाले पोाषको अवस्था सन्तोषजनक भएको देखिन्छ ।

### ५३.दीर्घ रोगको समस्यामा रहेका जनसंख्या सम्वन्धी विवरण

जिल्ला स्वास्थ्य कार्यालय दैलेखको र डुङ्गेश्वर गाउँपालिका स्थित रहेका स्वास्थ्य संस्थाहरूका प्रतिवेदनहरूले दिएको विवरणका अनुसार यस गाउँपालिकामा सबैभन्दा धेरै दमरोग भएका रोगीहरू रहेको, त्यसैगरी क्षयरोग, चिनीरोगी क्यान्सर लगायतका दिर्घ रोगहरुको संक्रमण देखिएको छ ।

### ५४. लिङ्ग अनुसार वाल बिवाह सम्वन्धी विवरण (१८ वर्ष मुनिका)

जनचेतना बृद्धि संगै तथा शिक्षाक्षेत्रमा यस डुङ्गेश्वर गाउँपालिका अर्न्तगतका वडाहरुमा बालबालिकाको औषत विवाहको उमेर पहिलेको तुलनामा विस्तारै बृद्धी भएको पाईन्छ । बालबिवाहको आधिकारीक तथ्यांक प्राप्त गर्न कठिन भएतापनि लक्षित समुह छलफलबाट अझैपनि गाउघरतिर बालबिवाहको प्रचलन कायमै रहेकाले यसका लागि गाउँपालिकाले स्थानीय स्तरमा चेतनामुलक कार्यक्रम संचालन गनुपर्ने देखिन्छ ।

### ५५. कामदारको रूपमा घर/परिवारवाट घर वाहिर गएका बालवालिकाहरूको विवरण

डुङ्गेश्वर गाउँपालिकाका विभिन्न गाउँहरूबाट बालबालिका विद्यालय छाडी विभिन्न क्षेत्रमा कामदारको रूपमा जाने प्रचलन रहेको छ । विशेष गरी यस गाउँपालिकाबाट जिल्ला सदरमुकाम दैलेख छिमेकी जिल्ला सुर्खेत, बाँके र छिमेकी देश भारत लगाएतका स्थानमा जाने गरेको देखियो । जसको विवरणलाई निम्नअनुसार उल्लेख गरीएको छ ।

तालिका नं.५५ : कामदारको रूपमा घरबाट बाहिर गएका बालबालिकाहरू :

| लिंग | संख्या वडागत रुपमा | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | |
| बालिका | ० | ० | ० | ० | ५ | ० | ५ |
| बालक | १६ | | ० | ३० | १० | ० | ५६ |
| **जम्मा क** | **१६** | **०** | **०** | **३०** | **१५** | **०** | **६१** |

*स्रोत : लक्षित समुह छलफल २०७४*

### ५६. श्रमिक बालबालिकाको प्रकार

विशेष गरी यस क्षेत्रबाट बालबालिकाहरू श्रमका लागि जिल्ला सदरमुकाम दैलेख, छिमेकी जिल्ला सुर्खेत, बांके र छिमेकी देश भारत लगाएतका स्थानमा जाने गरेको देखिया । उक्त स्थानहरुमा घरेलु कामदार, होटल रेष्टुरेन्ट, उद्योग कलकारखाना आदि कामका लागि  जाने गरेको देखियो । सिजनल रुपमा श्रममा जाने र सिफारिस बनाउन नआउन भएकाले बालश्रमको कार्यविवरणको यथार्थ विवरण प्राप्त गर्न कठिनाई रहेको छ । यद्यपि यस क्षेत्रको सामाजिक संरचना र जीवनस्तरलाई बिश्लेषण गर्ने भने बर्षेनि दर्जनौ बालबालिकाहरु श्रमकालागि बाहिरिने गरेको सहजै अनुमान गर्न सकिन्छ ।

### ५७. बालवालिकाहरूको हत्या अपहरण सम्वन्धी विवरण

यस डुङ्गेश्वर गाउँपालिका अन्तरगतका विभिन्न वडाहरूको सुरक्षा निकाय तथा अन्य सामाजिक संघ सस्थाहरूको अभिलेखलाई विश्लेषण गर्दा बिगत १ बर्ष अवधिमा बालबालिकाहरुको हत्या, अपहरण तथा यस्ता प्रकारका जघन्य अपराधका घटनाहरु घटेका पाइएन, जसले गर्दा बालबालिकाहरु सामाजिक रुपले सुरक्षित रहेको बुझ्न सकिन्छ ।

### ५८. स्वास्थ्य सम्बन्धी सूचकहरूको अवस्था

स्वास्थ्य सम्बन्धी सुचकहरूको विश्लेषणका लागि गरीएको अध्ययनमा राष्ट्रिय स्तरको तथ्यांकमा शिशु मृत्यु दर ३३ प्रतिहजार, कुपोषण ११ प्रतिशत र चर्पिमा पहुँच भएको जनसंख्या करिव ६२ प्रतिशत भएता पनि पछिल्लो समयमा सरसफाई लगाएतका सुचकहरूमा उल्लेख्य प्रगति भएकाले यसमा पक्कै पनि परिवर्तन आएको छ । यस गाउँपालिकाको स्वास्थ्य सम्वन्धि आधिकारीक सुचकांकहरूको विवरण नआएकाले यहाँ समावेश गरीएको छैन ।

**तालिका नं.५६: स्वास्थ्य सम्बन्धी सुचकांकहरूको विवरण :**

| सूचक | राष्ट्रियस्तरमा |
|---|---|
| शिशु मृत्युदर | ३३ प्रतिहजार |
| कुपोषणको अवस्था | ११ प्रतिशत |
| चर्पीमा पहुंच भएको जनसंख्या | ६१.८३  प्रतिशत |

*स्रोत : राष्ट्रिय जनगाणना २०६८*

## ५९. बालक्लबहरूको विवरण :

बालबालिकाको सम्वन्धमा नेपाल सरकारको नीति पछिल्लो समयमा बालकेन्द्रित हुदै गए पश्चात यिनीहरूको क्षमता विकास र सशक्तिकरणमा उल्लेखित परिवर्तन देखिएको छ । जसको परिणाम स्वरूप हरेक स्थानीय तहहरूमा बालबालिहरूलाई समुहबद्ध बनाई आवाज उठान तथा बाल अधिकार र बालबालिकाको हितका पक्षमा संगठित भई गतिबिधिहरु संचालन गर्नका लागि विभिन्न बालक्लवहरूको गठन गरी उनिहरूलाई क्रियाशिल बनाउदै आएको छ । तर यिनीहरूको निरन्तरताको व्यवस्थापन उचित तवरले नभएकाले पछिल्लो समयमा गाउँपालिकाभित्र क्रियाशिल बिद्यालय तथा समुदाय स्तरका बालक्लवहरूलाई ब्यवस्थित गर्नुपर्ने देखिन्छ ।

## ६०. वडागत बालक्लबहरूको विवरण

नेपाल सरकारको पछिल्लो नीति समावेशी विकासमा आधारित भएको हुनाले हरेक विकास निर्माण तथा अन्य अभियानहरू बालकेन्द्रि हुदै गएका छन् । जसको परिणाम स्वरूप  यिनीहरूको क्षमता विकास र सशक्तिकरणमा उल्लेखित परीवर्तन देखिएको छ । राज्यको नीतिगत व्यवस्थामा बालबालिकाहरूलाई समुहबद्ध बनाई आवाज उठान गर्नका लागि विभिन्न बालक्लवहरूको गठन गरी उनिहरूलाई क्रियाशिल बनाउदै लैजाने नीति अनुरूप हरेक विद्यालय तथा समुदायमा बालक्लवहरूको गठन गर्नका लागि निर्देशन भएबमोजिम हाल गाउँपालिकामा हरेका समुदाय र बिद्यालयस्तरका बालक्लबको विवरणहरु निम्न तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं.५७ : बालक्लबहरुको विवरण विवरण :**

| वडा नं. | समुदायमा आधारित वालक्लवहरु | | | | विद्यालयमा आधारित वालक्लवहरु | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालक्लबको नाम | बालिका सदस्य | बालक सदस्य | जम्मा | बालक्लबको कूल सङ्ख्या | बालिका सदस्य | बालक सदस्य | जम्मा |
| १ | | | | ० | १ | ९ | २ | ११ |
| २ | विजयकोट बाल क्लब | ३ | १६ | १९ | ३ | १४ | १६ | ३० |
| ३ | | | | ० | ३ | २५ | १७ | ४२ |
| ४ | | | | ० | २ | ११ | १३ | २४ |
| ५ | | | | ० | १ | ८ | ७ | १५ |
| ६ | सीर्जनशील समृद्धि बाल क्लब | १२ | १४ | २६ | ४ | ५१ | ४२ | ९३ |
| **जम्मा** | | **१२** | **१४** | **२६** | **४** | **५१** | **४२** | **९३** |

*श्रोत:स्थलगत अध्ययन*

## ६१. बालक्लव तथा बाल समूहले प्रतिनिधीत्व गरेका संघ संस्थाहरूको विवरण:

यस गाउँपालिकामा समावेश भएका साविकका गाविस.हरूमा भएको अभ्यासलाई विश्लेषण गर्ने हो भने बालमैत्री स्थानीय शासन संचालनका लागि राज्यले तयार गरेको  नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयास गरेको देखिन्छ । जसका लागि विभिन्न बालक्लवहरूको गठन, उनिहरूको स्थानीय स्तरका संजालहरूमा प्रतिनिधीत्वको सुनिश्चितता लगायत रहेका छन् । यस गाउँपालिकामा संचालित विभिन्न बालक्लब  तथा बालसमुहले प्रतिनिधीत्व गरेका समुह तथा संस्थाहरूको सबै वडाह तथा गाउँपालिकाले बिविध क्षेत्रमा उनिहरुको प्रतिनिधीत्व गराउनुपर्ने आवश्यक हरको छ ।

### ६२. DCWB मा दर्ता भई न.पा.अर्न्तगत रहेका बालक्लबहरूको संख्याः

यस गाउँपालिका भित्रका बालबालिकाहरू एक आपसमा समुहबद्ध भई आफ्नोहक अधिकारको खोजी गर्न थालेको पाइन्छ । नेपालको सर्न्दभमा विशेष गरी बालमैत्री क्रियाकलाप सञ्चालन हुन थालेपछि उनिहरूको क्षमता विकास भएको पाइन्छ । यस गाउँपालिकाका विभिन्न वडाहरूमा पनि समुदाय र विद्यालयमा आधारित बालक्लबहरू रहेको पाईयो । गाउँपालिकाको भौगोलिक बिकटता र जिल्ला बाल कल्याण समितिमा पहुँचको अभावको कारणले गर्दा वडा नं २ को बिजयकोट बालक्लब मात्र वर्तमान समयमा जिल्ला बाल कल्याण समितिमा दर्ता भएको छ भने अन्य बालक्लवहरू दर्ता हुन नसकेको पाइयो ।

### ६३. जन्मदर्ता भएका बालबालिकाको संख्या

यस गाउँपालिका अर्न्तगतका विभिन्न वडाहरूबाट प्राप्त तथ्यांकहरूलाई बिगतका बर्षहरु देखि ने धेरै वडाले जन्म दर्ताको बर्गीकरण खुलाएर राखेको पाइदैन । जन्मदर्ता आवश्यक परेको बखत जुनसुकै उमेर समुहका ब्यक्तिहरुले पनि बनाएको पाइन्छ । बिद्यालय भर्नाको लागि आवश्यक पर्ने भएकोले आजभोली सबै बालकालिकाहरुको अनिवार्य रुपमा अभिभावकहरुले जन्मदर्ता गरीदिने प्रचलन रहि आएको छ ।

### ६४. परिवार विहीन बालबालिकाको अवस्था

बालबालिकाहरू आफ्नोघर तथा आफ्ना अविभावकहरूसँग बस्न पाउने उनिहरूको नैसर्गिक अधिकार हो । तर विशेष परिस्थितीवस सबै बालबालिबाहरूलाई यस किसिमको वातावरण प्राप्त गर्ने सौभाग्य हुदैन । विभिन्न कारणबस आफ्ना अविभावक गुमाउन पुगेका बालबालिकाहरूको मनोविज्ञान कमजोर हुन पुग्दछ । यस किसिमका बालबालिकाहरूको पहिचान गरी उनिहरूको विशेष व्यवस्थापन गर्न जरूरी हुन्छ । यस डुङ्गेश्वर गाउँपालिका अर्न्तरगतका विभिन्न वडाहरूबाट प्राप्त तथ्यांकहरूलाई विश्लेषण गर्दा आ.ब. २०७३/ ०७४ मा यस किसिमको समस्यामा वडा नं १ मा २ जना बालिका र ३ जना बालक गरी कुल ५ जना बालबालिकहरु अभिभावक बिहीन भई आफन्तको जिम्मामा बसिरहेको पाइयो भने अन्य वडाको आधिकारीक विवरण प्राप्त नभएकाले समावेश गरीएको छैन । यस्ता बालकालिकाहरुको भविष्य उज्जवल पार्नकोलागि केहि योजनाहरु ल्याउनपर्ने देखिन्छ ।

### ६५.महिला हिसां सम्वन्धी विवरण :

नेपालको अन्य भागहरूमा जस्तै यस डुङ्गेश्वर गाउँपालिकामा पनि पारिवारिक तथा सामाजिक तहबाट महिला हिंसाका केही घटनाहरू घट्ने गरेको देखिन्छ । विशेषगरी सामाजिक अन्धविश्वास, अशिक्षा, पारिवारिक बेमेल, आर्थिक बिपन्नता लगाएतका समस्याहरूका कारण यस्तो अवस्था आउने गरेको छ । यस गाउँपालिकामा आर्थिक बर्ष २०७३/०७४ को स्थानीय मेलमिलाप केन्द्र र साविकका गाविसहरुको तथ्याङ्क अनुसार देखा परेका महिलाहिंसाका घटनाहरूमा सबैभन्दा बढी २० जना श्रीमानबाट पिटिएका कारण पिडित भएका छन् । गाउँपालिकाभित्र भएका महिला हिंसा सम्बन्धिको विवरण निम्नअनुसार उल्लेख गरीएको छ ।

**तालिका नं.५८ : महिलाहिंसाका घटनाहरूको विवरण :**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसावाट पिडित | ७ | |
| २ | सौता रहेको | १० | |
| ३ | वेचविखनमा परेका | ० | |
| ४ | श्रीमानवाट पिडित/ पिटिएका | २० | |
| ५ | द्वन्दवाट पिडित | ७ | |

| | | | |
|---|---|---|---|
| ६ | सामाजिक कुरिती लगाईएका | ० | |
| ७ | अन्य | ० | |
| जम्मा | | ४४ | |

*स्रोत : स्थानीय मेलमिलाप केन्द्र तथा वडा कार्यालय*

## ६६.वातावरण तथा सरसफाई

यस गाउँपालिकामा वातावरण तथा सरसफाईका लागि राष्ट्रिय मापदण्ड अनुरूपका आधारहरू पुरा नभए पनि गाउँपालिका भित्र समाबेश भएका साविकका गा.वि.स.हरू खुला दिसामुक्त गा.वि.स.हरू घोषणा भई अहिले पुर्ण सरसफाईका लागि अग्रसर भएका छन् । यद्यपि यस गाउँपालिका भित्रका बिभिन्न सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण तथा यचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## ६७. फोहरमैला व्यवस्थापन

यस डुङ्गेश्वर गाउँपालिका विकासोन्मुख शहरीकरण विस्तारको अवस्थामा रहेकोले यसको व्यवस्थित तवरको ल्याडफिल्ड साइड नरहेता पनि सामान्य अवस्थाले यसको व्यवस्थापन गर्ने गरेको देखिन्छ । विशेष गरी खोला खोल्सा, नदी किनारा, घर नजिकै खाडल बनाएर कुहिने बस्तुहरुलाई कम्पोष्टमलको रुपमा विसर्जन गर्ने गरेको देखिन्छ । यस गाउँपालिकामा आगामी दिनमा गाउँलाई सफा र स्वच्छ गराउनका लागि फोहरमैला व्यवस्थापन गर्न जरूरी देखिएको छ ।

## ६८. सेवा प्रवाह विवरण

यस गाउँपालिकामा अत्यावसेक सेवा प्रवाहका लागि व्यवस्थित किसिमको स्रोत साधनको अभाव रहेको छ । विपद ब्यस्थापनको सर्न्दभमा उद्दारको लागि आवश्यक दमकल, एम्बुलेन्स, शववाहन तथा सुरक्षा निकायको सवारी साधन जस्ता साधन स्रोतहरुको ब्यबस्थापन गरी अत्यावसेक सेवा प्रवाहलाई ब्यवस्थि तगर्नको लागि सम्बन्धित बिषयगत कार्यालयहरुले तदारुकता देखाउन जरुरी देखिन्छ ।

## ६९. कृषि सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह

नेपालीहरूको प्रमुख पेशा तथा व्यवसायका रूपमा कृषि तथा पशुपालन भएता पनि ग्रामिण समुदायका नागरीकहरूले उचित सेवा प्राप्त गर्न सकेका छैनन् । यस गाउँपालिका अन्तरगतका वडाहरूमा कृषि सेवा प्रवाह गर्नका लागि वडा नं. ६ मा कृषि सेवाकेन्द्र रहेको छ । गाउपालिकामा बिभिन्न कृषक समुहहरु दर्ता भई संचालनमा आएको जसको विवरण निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं.५९ : **गाउँपालिका भित्र दर्ता भई संचालन भएका कृषक समुहहरु**

| सि.नं. | समुहको नाम | ठेगाना | जम्मा सदस्य संख्या | | | समुह दर्ता मिति | पकेट क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | |
| १ | सेर्माकोट ताजा तरकारी उत्पादन कृ.स | लाँकुरी १ | १३ | ७ | २० | २०७३-०४-३० | तरकारी |
| २ | कालसैनी अलैचि नगदे बाली कृ.स | लाँकुरी ५ | ९ | ११ | २० | २०७३-०७-३० | अलैची |
| ३ | प्रगतिशील आयआर्जन तरकारी उत्पादन कृ.स | बेलपाटा ३ | २० | ५ | २५ | २०७२-०५-१८ | तरकारी |
| ४ | प्रगतिशील कृ.स. | अवलपराजुल ४ | १० | ४ | १४ | २०७२-०५-२३ | तरकारी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | लालीगुराँस बहुउद्देश्यीय कृ.स. | अवलपराजुल २ | १६ | ८ | २४ | २०७२-०५-१५ | तरकारी |
| ६ | बाले पिपलडाँडा तरकारी उत्पादन कृ.स | अवलपराजुल १ | १६ | १३ | २९ | २०७२-०५-२३ | तरकारी |
| ७ | त्रिवेणी दलन बाली कृ.स. | बेलपाटा ५ | १५ | ५ | २० | २०७२-०६-०६ | दलन |
| ८ | जनजागरण ताजा तरकारी उ.कृ.स | लाँकुरी ४ | १७ | १० | २७ | २०७२-०६-२१ | तरकारी |
| ९ | लक्ष्मी सामुदायिक कृ.स. | डाँडापराजुल ९ | २४ | १ | २५ | २०७२-०६-२४ | तरकारी |
| १० | फलफूल तथा तरकारी उ.कृ.स. | डाँडापराजुल ३ | ९ | १६ | २५ | २०७२-०६-२५ | फलफूल |
| ११ | समला तरकारी उ.कृ.स | बेलपाटा ५ | २६ | ० | २६ | २०७२-०६-२५ | तरकारी |
| १२ | नवप्रतिभा कृ.स. | बेलपाटा ४ | २१ | ४ | २५ | २०७२-०७-०४ | तरकारी |
| १३ | पिपलडाँडा तथा महिला कृ.स. | डाँडापराजुल ८ | २५ | ० | २५ | २०७२-०९-०१ | तरकारी |
| १४ | दिपज्योति ताजा तरकारी उ.कृ.स | अवलपराजुल ५ | ८ | ९ | १७ | २०७२-०९-२१ | तरकारी |
| १५ | हरियाली ताजा तरकारी उ.कृ.स. | अवलपराजुल ५ | १२ | १० | २२ | २०७२-०९-२१ | तरकारी |
| १६ | ओयसिस फलफूल तथा तरकारी उ.कृ.स | अवलपराजुल ५ | १७ | १८ | ३५ | २०७२-१०-२५ | तरकारी |
| १७ | बुलबुले आयआर्जन तरकारी उत्पादन कृ.स. | बेलपाटा १ | १४ | ५ | १९ | २०७२-१२-०४ | तरकारी |
| १८ | गिनेरीडाँडा तरकारी उ.कृ.स. | बेलपाटा ६ | २० | ५ | २५ | २०७२-१२-०५ | तरकारी |
| १९ | सुन्तलाबाली कृ.स. | लाँकुरी २ | ११ | १३ | २४ | २०७२-१२-२९ | सुन्तला |

## ७०. पशु सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह

दैलेख जिल्लामा कुल १२ वटा पसुसेवा केन्द्रहरु संचलनमा रहेका छन् । ती पशुसेवा केन्द्रलाई क वर्ग र ख वर्गमा विभाजन गरीएको छ । क वर्गका २ वटा र ख वर्गका १० वटा पशुसेवा केन्द्र सञ्चालनमा रहेका छन् । यस मातहतमा पशु स्वास्थ्य कार्यकर्ताहरू रहेका हुन्छन् । प्रत्येक पशु स्वास्थ्य केन्द्रमा ३ जना कर्मचारी कार्यरत रहेका छन् । जिल्ला पशु सेवा कार्यालय दैलेखको तथ्याङ्क अनुसार यस गाउँपालिकामा साविकको अवलपराजुल गाविस अर्थात हालको वडा नं.४ मा “ख” बर्गको पशु सेवा केन्द्र रहेको छ ।

## ७१. हुलाक सेवा केन्द्र

यस डुङ्गेश्वर गाउँपालिकामा साविकका गाविसहरु बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल गरी ४ वटा अतिरिक्त हुलाक कार्यालय रहेका छन । भौतिक स्रोत साधनका हिसाबले अतिरिक्त हुलाक कार्यालयहरुलाई तलको तालिकामा देखाईएको छ ।

तालिका नं. ६० : **गाउँपालिकाको हुलाक सेवाको अवस्था**

| क.स. | साविक गाविस | भवनको प्रकृति : वटा | | गाउँपालिकाको वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | | |
| १ | बेलपाटा | - | | १ | भाडामा |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लाँकुरी | – | – | २ | भाडामा |
| ३ | अवलपराजुल | – | – | ४ | भाडामा |
| ४ | डाँडापराजुल | – | – | ६ | भाडामा |

*स्रोत : स्थलगत अध्ययन, २०७४*

### ७२. गाउँपालिकामा भएका हालका भवनहरू

यस गाउँपालिका अर्न्तरगत रहेका साविकका गाउँ विकास समितिहरू तथा हालका कार्यालहरूले आ-आफ्ना भवनहरूबाट निरन्तर रूपमा सेवा प्रवाह गरीरहेका छन् भने नयाँ बनेका वडा कार्यालयहरु भवन बिहिन अवस्थामा भाडामा कार्यालय संचालन गरीएको रहेका छन् । साविकको डाँडापराजुल गाविस तथा हालको वडा नं. ५ को भवनमा गाउँपालिकाको कार्यालय संचलनमा ल्याइएको छ । यस सम्बन्धिको थप विवरणलाई निम्न अनुसारका तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. ६१ : **गाउँपालिका भएका हालका भवनहरूको अवस्था**

| क.स. | गाउँपालिका/वडा नं. | भवनको प्रकृति : वटा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | जम्मा | |
| १ | गाउँपालिका कार्यालय | – | १ | – | – |
| २ | वडा नं.१ | – | ४ | ४ | – |
| ३ | वडा नं.२ | – | २ | २ | – |
| ४ | वडा नं.३ | – | – | – | – |
| ५ | वडा नं.४ | – | १ | १ | भाडामा |
| ६ | वडा नं.५ | – | – | – | भाडामा |
| ७ | वडा नं.६ | – | – | – | भाडामा |
| **जम्मा** | | – | ८ | ७ | |

*स्रोत : स्थलगत अध्ययन तथा लक्षित समुह छलफल २०७४*

### ७३. बसपार्क वा बस स्टेशन

सुर्खेत दैलेख सदरमुकामको खण्डामा सिधा सम्पर्क जोडने सडक नै यस गाउँपालिकाको प्रमुख मार्ग हो । यस सडकमा दैनिक दर्जनौ सवारी साधनहरु गुडिरहेता पनि ब्यबस्थित बसपार्क भने गाउँपालिकाको कुनै पनि स्थानमा उपलब्ध छैन । भर्खरै पुनसंरचना भएको यस गाउँपालिकाको समग्र विकासको लागि बिभिन्न स्थानहरुमा सुविधा सम्पन्न बसपार्क हरु निर्माण गर्नुपर्ने आवश्यकता यस गाउँपालिका भित्र रहेको छ ।

### ७४. सिचाइको स्रोत

यस गाउँपालिका सिचाँइकालागि मुख्यगरी स्थानीय स्तरमा बग्ने खोलाहरूलाई स्रोतका रूपमा लिईएको छ । यी खोलाहरूबाट नियमित तथा मौसमी सिचाई सेवा लिन सकिन्छ । गाउँपालिका रहेका सिचाईको स्रोतहरूलाई बढाउनका लागि पानीको अभाव भएको स्थानहरुलाई पहिचान गरी आकाशे पानी संकलन गरी प्रयोग गर्न सकिन्छ । गाउँपालिकाभित्र बिभिन्न उपलब्ध बिभिन्न सिचाँई स्रोतहरुको विवरण निम्न तलिकामा उल्लेख गरीएको छ ।

**तालिका नं. ६२ : गाउँपालिकामा हाल प्रयोगमा रहेको सिचांईको स्रोतहरु**

| वडा नं. | क.स. | सिचांईको स्रोतको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | टहारी सिँचाई कुलो | संचालनमा |
| | २ | छरछरे कुलो | संचालनमा |
| | ३ | धारेखोला सिँचाई कुलो | संचालनमा |
| | ४ | कालेखोला सिँचाई कुलो | संचालनमा |
| २ | १ | गोरामेला सिँचाइ आयोजना लाँकुरी | संचालनमा |
| | २ | भेडेखोला सिँचाई | संचालनमा |

| वडा नं. | क.स. | सिचांईको स्रोतको नाम | कैफियत |
|---|---|---|---|
| | ३ | घट्टेखोला सिँचाई | संचालनमा |
| ३ | १ | बुढीखोला सिँचाई | संचालनमा |
| | २ | हनेटाखोला सिँचाई | संचालनमा |
| | ३ | पँधेरी खोला सिँचाई | संचालनमा |
| | ४ | गोगने खोला सिँचाई | संचालनमा |
| ५ | १ | मटेला खोला सिँचाई | संचालनमा |
| | २ | बासकोटी सिँचाई पोखरी | संचालनमा |
| | ३ | सेरागैरा सिँचाई पोखरी | संचालनमा |
| | ४ | पोखरीपाटा सिँचाई | संचालनमा |
| | ५ | कुराखाली सिँचाई | संचालनमा |
| ६ | १ | मुलपानी सिँचाई पोखरी | संचालनमा |
| | २ | कामीधारा सिँचाई पोखरी | संचालनमा |

*स्रोत : स्थलगत अध्ययन तथा लक्षित समुह छलफल २०७४*

## ७५. तालतलैया र प्राकृतिक पोखरीको नाम

यस गाउँपालिका भित्र उल्लेख्य मात्रामा तालतलैयाहरु नरहेता पनि केहि संख्यामा तालतलैयाहरु रहेको छन् । गाउँपालिकाभित्र उपलब्ध तालतैलयाहरुको उचित संरक्षण र प्रबर्द्धन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिका उपलब्ध तालतलैयाहरुको विवरण निम्न तालिका अनुसार उल्लेख गरीएको छ ।

तालिका नं. ६३ : **तालतलैया र प्राकृतिक पोखरीको नाम**

| क्र.स | नाम | वडा नं. | प्रमुख बिशेषता | कैफियत |
|---|---|---|---|---|
| १ | कुइयापोखरी ताल | २ | प्राकृतिक सौन्दर्यता,सिचाई | |
| २ | तालपोखरी | ६ | प्राकृतिक सौन्दर्यता | |

*स्रोत : स्थलगत अध्ययन लक्षित समुह छलफल २०७४*

## ७६. गाउँपालिकाको टाढाको बस्ति बाट केन्द्र सम्म पुग्नलाग्ने अनुमानित समय

भौगोलिक रूपमा विकटता रहेका क्षेत्रहरूलाई समावेश गरी यो गाउँपालिका बनेको छ । यस गाउँपालिकाका अधिकांस वस्ती तथा टोलहरुमा पर्याप्तमात्रामा सडक संजाल बिस्तार गर्न सकिएको छैन, बिस्तार भएका क्षत्रेहरुमा पनि सवारी साधनहरुलको उपलब्धता नभएकोले अधिकांस नागरीक गाउँपालिका भित्रका कामहरुमा पैदल यात्रा नै गर्न बाध्य छन् । गाउँपालिकाका गाउँहरूदेखि गाउँपालिकाको केन्द्र डाँडापराजुल आउन लाग्ने समयलाई निम्न अनुसार उल्लेख गरीएको छ ।

**तालिका नं. ६४ :** गाउँपालिका कार्यलय देखि अन्य वडाहरूमा पुग्न लाग्ने अनुमानित समय तालिका

| वडा नं. | टाढाको बस्तिको नाम | टाढाको बस्तीबाट गा.पा.को केन्द्र पुग्नलाग्ने समय |
|---|---|---|
| १ | बाघखोर | ४ घण्टा |
| २ | टोड्के | ५ घण्टा ३० मिनेट |
| ३ | कल्सेढुङ्गा र रानावन | ३ घण्टा ३० मिनेट |
| ४ | रानावन | १ घण्टा |
| ५ | जडी र भित्रिखोला | २ घण्टा |
| ६ | लटालि, अग्राज्यामिरे | २ घण्टा ३० मिनेट |

*स्रोत: लक्षित समुह छलफल आधारमा २०७४*

### ७७. बैंक तथा वित्तीय संस्था

साविकको चारवटा गाविसहरु एक आपसमा गाभिएर बनेको यस गाउँपालिका भौगोलिक तथा विकासका हिसाबले दैलेख जिल्लाका अन्य गाउँपालिकाहरु भन्दा बिकट र विकासोन्मुख गाउँपालिका हो । हाल सम्म यस गाउँपालिकाभित्र कुनैपनि बैंकको शाखा नभएकोले यस क्षेत्रका सरकारी तथा अन्य आर्थिक कारोबारहरुको अधिकांस बैंकिङ कारोबारहरु जिल्ला सदरमुकाममा नै हुन गर्दछन् । सबै गाउँपालिका तथा नगरपालिकाहरुमा अनिवार्य रुपमा वाणिज्य बैंकहरुको शाखा विस्तार गर्ने नेपाल सरकारको निति अनुरुप यस गाउँपालिकामा सानिमा बैंकको शाखा विस्तार गर्ने नितिगत सहमति बैंकसंग भईसकेको छ ।

### ७८. खुला क्षेत्र

दैलेख जिल्ला आफैमा एक पहाडी जिल्ला हो । त्यसमा पनि भौगोलिक बिकटता रहेको यस डुङ्गेश्वर गाउँपालिकामा प्रशस्त डाँडाकाडा, वन जंगल भएको हुनाले समथर र खुला क्षेत्र भने पाउन मुस्किल छ । त्यसकारण यस गाउँपालिकाका अन्य क्षेत्रमा जस्तो व्यबस्थित तथा तोकिएको खुला क्षेत्रको व्यवस्था गरीएको छैन । यद्यपि विपद को बेला आकस्मिक उद्धार गर्न तथा मेला पर्व तथा मनोरञ्जनमा कार्यक्रम गर्नको लागि खुल्ला क्षेत्रहरुको व्यबस्थापन गर्नुपर्ने देखिन्छ । हाल गाउँपालिका साना सार्वजनिक स्थल, सामुदायिक विद्यालयको चौर र नदी किनार तथा खुल्ला डाँडाहरूमा यसता प्रकारका सार्वजनिक कार्यक्रम तथा मेला, जात्राहरु संचालन हुने गर्दछन् ।

### ७९. अचल सम्पत्ति विवरण

नागरीकलाई दिनु पर्ने न्युनतम सेवा सुविधा प्रवाह गर्नका लागि यस गाउँपालिकाको कार्यालय, कृषि कार्यालय, प्रहरी चौकि, स्वास्थ्यचौकी कार्यालय लगायत रहेका छन्  जसको भौतिक विवरणलाई निम्न तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. ६५ : **अचल सम्पत्ती सम्बन्धि  विवरण तालिका**

| वडा नं | क.स. | अचल सम्पति | इकाइ (वटा, विगाहा, रोपनी,आदी) | स्वामित्वमा रहेको |
|---|---|---|---|---|
| गाउँपालिका केन्द्रमा | १ | भवन | – | गाउँपालिका |
| | २ | जमिन | – | गाउँपालिका |
| | ३ | मोटर साइकल | २ | गाउँपालिका |
| | ४ | अन्य मेशिन | ४ वटा | गाउँपालिका |
| **१** | १ | भवन | १ | स्वास्थ्यचौकी |
| | २ | जमिन | १३ | प्रहरी चौकी/ स्वास्थ्यचौकी |
| | ३ | मोटर साइकल | १ | वडा कार्यालय |
| | ४ | अन्य मेशिन | - | वडा कार्यालय |
| **२** | १ | भवन | १ | स्वास्थ्यचौकी |
| | २ | जमिन | १०.२० रोपनी | स्वास्थ्यचौकी |
| | ३ | जमिन | ९.५० रोपनी | वडा कार्यालय |
| | ४ | मोटर साइकल | १ | वडा कार्यालय |
| | ५ | अन्य मेशिन | ४ | वडा कार्यालय |
| **३** | १ | भवन | ३ | वास्थ्य/ वडा कार्यालय |
| | २ | जमिन | १० रोपनी | स्वास्थ्य/ वडा कार्यालय |
| | ३ | मोटर साइकल | १ | वडा कार्यालय |

| वडा नं | क.स. | अचल सम्पति | इकाइ (वटा, विगाहा, रोपनी,आदी) | स्वामित्वमा रहेको |
|---|---|---|---|---|
| | ४ | अन्य मेशिन | – | |
| ४ | १ | भवन | १ वटा | वडा कार्यालय |
| | २ | जमिन | ३ रोपनी | वडा कार्यालय/ पशुसेवा |
| | ३ | मोटर साइकल | १ | वडा कार्यालय |
| | ४ | अन्य मेशिन | – | वडा कार्यालय |
| ५ | १ | भवन | ३ वटा | स्वास्थ्यचौकी/ वडा कार्यालय |
| | २ | जमिन | ५ रोपनी | स्वास्थ्यचौकी |
| | ३ | मोटर साइकल | १ | वडा कार्यालय |
| | ४ | अन्य मेशिन | २ | वडा कार्यालय |
| ६ | १ | भवन | ३ | कृषि, वन र प्रहरी |
| | २ | जमिन | १ रोपनी | वडाकार्यालय |
| | ३ | जमिन | १ रोपनी | कृषि, |
| | ४ | जमिन | १० रोपनी | स्वास्थ्य |
| | ५ | मोटर साइकल | ३ | प्रहरी, कृषि वडा कार्यालय |

*स्रोत: गाउँपालिकाको कार्यालय डुङ्गेश्वर, २०७४*

## ८०. धार्मिक स्थलको नाम

गाउँपालिका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको उपस्थिती र विकास न्युन रहेको छ । विशेष गरी यातायातको असुविधा, प्रचार प्रसारको कमि, संरक्षणमा समस्या, भोगोलिक बिकटता, आर्थिक समस्या लगाएतले यस्ता सम्पदाहरूको विकासमा उल्लेखिय प्रगति भएको देखिदैन । यस गाउँपालिका रहेका प्रमुख धार्मिक स्थलहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. ६६ : धार्मिक स्थलको विवरण :

| वडा नं. | मन्दिर | मस्जीद | गुम्बा | चर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३ | – | १ | १ | ५ |
| २ | ३ | – | – | १ | ४ |
| ३ | – | – | – | – | – |
| ४ | ५ | – | – | – | ५ |
| ५ | ४ | – | – | – | ४ |
| ६ | १ | – | – | – | १ |
| **जम्मा** | **१६** | **–** | **१** | **२** | **१९** |

*स्रोत : लक्षित समुह छलफल२०७४*

## ८१. सडक सञ्जालको विद्यमान अवस्था :

सर्खेत जिल्लाको समग्र विकासको स्थितिलाई हेर्ने हो भने वि.सं. २०१८ सालमा मात्र यो छुट्टै जिल्लाको रूपमा अस्तित्वमा आएको देखिन्छ । दैलेख जिल्लालाई देशको अन्य भू-भाग लगायत बाह्य संसारसँग भू-मार्गबाट जोडने सडकको निर्माण पनि वि.सं. २०४७ सालतिर मात्र भएको हो । साविकका चार गाविसहरु मिलि बनेको यस गाउँपालिका केहि बस्तीहरुमा मोटर बाटोले अझैपनि छुन सकेको छैन् । हाल संचालनमा आइरहेको र केहि सडक बाटाहरूको विवरण देहायबमोजिम दिईएको छ ।

तालिका नं. ६७ : सडक सञ्जालको विद्यामान अवस्थाको विवरण

| क्र.सं. | सडकको वर्गीकरण | लम्बाई कि.मि. | सडकको औसत चौडाइ (मि.) | सडकले सेवा पुगेका वडाहरु |
|---|---|---|---|---|
| १ | सुर्खेत दैलेख सडक | ८ | ५ | वडा नं. १ र ६ |
| २ | ग्राभेल सडक | ० | ० | ० |
| ३ | कच्ची सडक/मौसमी सडक | ९१ | ४ | १ देखि ६ सम्म सबै वडामा |
| ४ | मुल वाटो (Trail) | २१ | १.५ | १ देखि ६ सम्म सबै वडामा |
| ५ | ढुंगा छापेको वाटो | २ | १.५ | वडा नं.६ सातसल्ली |

*स्रोत :लक्षित समुह छलफल २०७४*

## ८२. निर्माणाधीन गाउँ स्तरीय सडकहरू :

यस गाउँपालिका निर्माण हुनलागेका अथवा सम्पन्न हुन लागेका सडकहरू निम्न अनुसार रहेका छन् ।

तालिका नं. ६८ : **गाउँपालिका भित्र निर्माणधिन सडकहरु**

| सडकको नाम | सडकको किसिम | अनुमानित लम्बाइ किमी | सडकको औसत चौडाइ (मि.) | सेवा पुग्न सक्ने वडा तथा बस्तीहरु |
|---|---|---|---|---|
| लटाली ज्यामि टाकुरा | कच्ची तथा धुले | ७ कि.मि | ४ मिटर | लटालि, ज्यामि र टाकुरा, विउराखेत |
| डुङ्गेश्वर- डाँडापराजुल | | २७ कि.मि | ४ मिटर | ३, ४, ५ र ६ नम्बर वडा |
| मटेला पाम्कोट | | ३ कि.मि | ४ मिटर | वडा नं. ६ |
| डुङ्गेश्वर विउराखेत | | २३ कि.मि | ४ मिटर | ३,४ र ६ वडा |
| नैतले आग्र विउराखेत | | ४ कि.मि | ४ मिटर | वडा नं. ६ को नैतले आग्र विउराखेत |

*स्रोत :लक्षित समुह छलफल २०७४*

## ८३. गाउँपालिका क्षेत्रभित्र रूट परमिट लिएर संचालन भएका सवारी साधनहरूको विवरण

यस गाउँपालिकाको नियमित गाडीहरू चल्ने सडक भनेको सुर्खेत दैलेख राजमार्ग नै हो । गाउँपालिकाका कतिपय वडाहरूमा सडक संजालको सुविधा अझै पनि प्रभावकारी रूपले संचालन हुन नसकेकाले यस क्षेत्रहरूका नागरीकहरूले सास्ती भोगरीहेका छन् । यस गाउँपालिका क्षेत्रभित्र मात्रै रूट परमिट लिएर हालसम्म कुनै सवारी साधनहरु संचालनमा आएको स्थिति छैन् ।

## ८४. गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण

यस गाउँपालिका क्षेत्रका बिभिन्न स्थानहरूमा संचालन भएका बिभिन्न प्रकारका दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधनहरूको विवरणलाई निम्न अनुसार उल्लेख गरीएको छ ।

तालिका नं. ६९ : गाउँक्षेत्रमा सञ्चालन भएका सवारी साधनहरुको विवरण :

| क.स. | सवारी साधनको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नीजि | २५ | |
| २ | सरकारी स्वामित्वका(मोटर साइकल) | ८ | |
| ३ | सार्वजनिक (भाडाका) | ८ | |
| ४ | कुटनैतिक | ० | |
| ५ | अन्तराष्ट्रिय गै.स.स. | ० | |
| **जम्मा** | | **४१** | |

### ८८. विद्यमान सतह ढलको अवस्था

गाउँपालिकाको अधिकांश भु-भागमा व्यवस्थित सतह ढलको व्यवस्था देखिदैन । दैलेख जिल्लाका स्थानीय तहहरूमा न्यून शहरीकरण,अव्यवस्थित बसाइसराई, विकासको न्यून अवस्था लगाएतका कारणले गर्दा यस गाउँपालिका पनि यस किसिमको व्यवस्थापन हुन सकेको छैन । तर पनि भविष्यमा यस किसिमको आयोजना आवश्यक पर्ने भएकाले यस तर्फ सरोकारवालाहरूको ध्यान जान जरूरी देखिन्छ ।

### ८५. सार्वजनिक शौचालय सम्वन्धी विवरण

यस गाउँपालिकाका अधिकांस क्षेत्र पहाडी भागमा अवस्थित रहेको र जनघनत्व पनि कम भएको हुनाले प्राय गरेर निजी बाहेक सार्बजनिक शौचालयहरू निमार्ण तथा प्रयोग न्युन रहेका छन् । यद्यपि दैलेख जिल्ला सन २०१५ मा नै खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेकाले गाउँपालिका भित्रका साविकका केहि गाविसहरूका स्थानहरूमा सार्वजनिक शौचालय बनाउनुपर्ने नितिगत व्यवस्था अनुसार जम्मा २ वटा सार्वजनिक शौचालय रहेका छन् । गाउँपालिका क्षेत्रभित्र उपलब्ध सार्वजनिक शौचालयहरुको विवरण निम्न तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. ७० : **गाउँपालिका रहेको सार्वजनिक शौचालयहरु**

| क्र.स | सार्वजनिक शौचालय रहेको स्थान | वडा न. | कैफियत | सञ्चालनको अवस्था | सञ्चालक |
|---|---|---|---|---|---|
| १ | बसपार्क चुप्रा | १ | पक्की | चालु | वडा कार्यालय |
| २ | डुङ्गेश्वर | ६ | पक्की | चालु | वडा कार्यालय |
| जम्मा | | २ | | | |

*स्रोत : लक्षित समुह छलफल २०७४*

### ८६. प्रकोपबाट भएको क्षति सम्वन्धी विवरण

यस गाउँपालिका रहेका विभिन्न गाउँहरुमा प्राकृतिक प्रकोपबाट भएको क्षतिको विवरणलाई विश्लेषण गर्दा यस क्षेत्रमा आर्थिक बर्ष २०७३/०७४ मा वडा नं. १,२ र ३ मा आगजनी र १, २ र ५ मा पहिरोले घर तथा जग्गामा क्षति पुऱ्याएको देखिन्छ भने कुनै मानवीय क्षति भने भएको पाइदैन । जुन बिषय निम्न अनुसारको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. ७१ : प्रकोपबाट भएको क्षति सम्वन्धी विवरण

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षती (रकम रु. हजारमा) | मानवीय क्षति |
|---|---|---|---|
| बाढि | घर जग्गा नष्ट | ५,९०,००० | - |
| पहिरो | घरजग्गा र बनजंगल | – | - |
| आगजनी | घर ३ वटा | २,९४,००० | - |
| महामारी | छैन | – | - |
| हावाहुरी | छैन | – | - |
| चट्यांग | छैन | – | - |
| नदि कटान | छैन | – | - |
| खडेरी | छैन | – | - |
| शित लहर | छैन | – | - |

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षती (रकम रु. हजारमा) | मानवीय क्षति |
|---|---|---|---|
| भुकम्प | छैन | – | - |
| अन्य.. | छैन | – | - |
| जम्मा | | ८,८४,००० | - |

*स्रोत : लक्षित समुह छलफल २०७४*

## ८७.विपद व्यवस्थापन पूर्व तयारी सम्वन्धी विवरणः

नेपाल सरकारले भर्खरमात्र संघिय संरचना अनुसार साविकका गाविसहरूलाई समायोजन गरी विभिन्न गाउँपालिका र नगरपालिकाहरू बनाएको छ । यस किसीमका स्थानीय निकायहरूमा आधारभुत सेवाको समेत अभाव देखिएको छ । यो गाउँपालिकाको आफ्नोविपद व्यवस्थापनको पुर्व तयारी नभएकाले आफ्नोक्षेत्र अन्तरगत विपद व्यवस्थापनको पुर्व तयारी गर्नका लागि आवश्यक छलफल गरी तयारीका आधारहरू जस्तै विपद व्यवस्थापन समिती, सुरक्षित स्थान,पुर्व तयारी योजना,विपद व्यवस्थापन कोष लगायत आधारहरु तयार गर्न जरुरी देखिन्छ । जसको लागि स्थानीय विकास मन्त्रालयले निर्देशित गरेको स्थानीय विपद व्यबस्थापन योजना तत्काल बनाई कार्यान्वनमा ल्याउन आवश्क देखिन्छ ।

## ८८. शहरी विद्युतीकरण

यस डुङ्गेश्वर गाउँपालिका अर्न्तगतका सबै वडाहरुमा बिद्युत प्रशारण लाइनले छोएको भएता पनि सबै बस्ती तथा टोलहरुमा बिद्युतसेवा पुग्न सकिरहेको छैन । यस गाउँपालिकाका अधिकांस नागरीकहरु अझैपनि परम्परागत बत्तिका श्रोतहरु र सोलर बत्तिको प्रयोग गरीरहेका छन् । यस गाउँपालिका बिद्युत प्रयोग तथा वितरणको अवस्थालाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ७२ :    केन्द्रिय विद्युत प्रशारण लाईन जडान संख्या**

| वडा नं | साविक गाविस. | लाईन जडान संख्या |
|---|---|---|
| १ | बेलपाटा | ४८४ |
| २ | लाँकुरी | १८७ |
| ३,४ | अवलपराजुल | २५० |
| ५,६ | डाँडापराजुल | ४४४ |
| **जम्मा** | | **१३६५** |

स्रोतः बिद्युत प्रधिकरण कार्यालय दैलेख, २०७४

## ८९. दुर संचार सम्बन्धी विवरण

दैलेख जिल्लामा दुरसञ्चार सुविधा प्रदायक सस्थाहरूमा नेपाल दुरसञ्चार संस्था लिमिटेड र एनसेल नेपाल सेवा प्रदान गरीरहेकाछन । नेपाल दुरसञ्चार संस्था लिमिटेडले जिएसएम तथा सिडिएमए मार्फत पनि फोन तथा इन्टरनेट सेवा प्रदान गर्दै आएकोछ । एनसेल नेपालले पनि  जिएसएम प्रविधिमा आधारित फोन तथा इन्टरनेट सुविधा पुऱ्याउदै आएकोछ । यद्यपि भौगोलिक बिकटता रहेको यस गाउँपालिकाका केहि वडाहरुमा सेवा प्रभावकारी नभएको पाइएको छ । स्थानीय आवश्यकताहरुको संभाव्यता अध्ययन गरी सेवा प्रभावकारी नभएका स्थानहरुमा थप सेवा बिस्तार गर्नुपर्ने देखिन्छ ।

## ९०. गाउँभित्र पक्की तथा आरसिसि पुल, कल्भर्ट तथा झोलुगें पुलहरूको विवरण

यस गाउँपालिकाका बिभिन्न सडकखण्ड तथा खोलानाला, नदी नथा अन्य स्थानमा आवतजावतलाई सुरक्षित र सहज बनाउनको लागि बिभिन्न स्थानहरुमा भिन्दा-भिन्दै प्रकृतिका पुलहरु निर्माण गरीसकिएको छ भने स्थानीय आवश्यकताहरुलाई मध्यनजर गर्दे केहि पुलहरु निमार्णाधिन अवस्थामा रहेका छन् । भौगोलिक बिकटता भएको यस गाउँपालिका कच्चि र झोलुगें पुलको संख्या बढी रहेको छ । गाउँपालीकका भित्र रहेका पुलहरुको विवरण निम्न अनुसार उल्लेख गरीएको छ ।

तालिका नं. ७३ : **पुल सम्वन्धी विवरण**

| वडा नं | पुल/खोलाको नाम | दाया किनारा रहेको स्थान | बाया किनारा रहेको स्थान | निर्मित साल (वि.स) | सहयोगि निकाय |
|---|---|---|---|---|---|
| १ | लोहोरे | चुप्रा | मटेला | | नेपाल सरकार |
| २ | बडाखोला पुल | डुँगेश्वर | भगवतीमाई | २०७३ | TBSU |
| | लोहोरे खोला पुल | डुँगेश्वर | नारायण नपा | २०५३ | TBSU |
| | लोहोरे खोला पुल | डुँगेश्वर २ | नारायण नपा | २०५६ | TBSU |
| | मटेला झो.पु | डुँगेश्वर २ | डाँडापराजुल | २०६७ | TBSU |
| ३ | हनेटाखोला झो.पु | चौखुडा | रातामाटा | ०७३/३/३१ | नेपाल सरकार |
| | पराजुली खोला झो.पु माथिल्लो | अवलपराजुल | पिलाडी | ०६०/०६/१३ | हेल्भेटास |
| | पराजुली खोला झो.पु तल्लो | अवलपराजुल | पिलाडी | २०६७ | हेल्भेटास |
| ४ | पराजुलीखोला पुल | डुँगेश्वर ४ | गुराँस गा.पा. | २०५५ | नेपाल सरकार |
| ५ | मटेलाखोला पुल | अवलवस्ती | पयाँचौर | २०७० | नेपाल सरकार |
| ६ | पराजुली खोला पुल | डुँगेश्वर | डुँगेश्वर | २०५६ | नेपाल सरकार |
| | लोहोरे खोला पुल पक्की | डुँगेश्वर | दुल्लु न.पा. | २०७३ | नेपाल सरकार |
| | लोहोरे खोला झो.पु | डुँगेश्वर | दुल्लु न.पा. | २०४७ | नेपाल सरकार |
| | पराजुलीखोला झो.पु. | खाडा | आज्यू | २०६४/०६५ | TBSU |

*स्रोत:स्थलगत अध्ययन लक्षित समूह छलफल २०७४*

## ९१. व्यापारिक केन्द्रहरूको विवरण

यस गाउँपालिकाको प्रमुख व्यापारिक डुङ्गेश्वर बजार हो । यसका अलवा गाउँपालिकाका अन्य वडाहरु अर्न्तगत स-साना बजारहरू जसले वडाहरूको पाएक पर्ने स्थानलाई केन्द्र बनाई संचालित छन् । ति बजारहरूको वडा अनुसाको विवरणलाई देहाय बमोजिम उल्लेख गरीएको छ ।

**तालिका नं. ७४ : प्रमुख व्यापारिक केन्द्रहरू**

| क्र.सं. | व्यापारिक केन्द्रहरुका नाम | मुख्य व्यापारिक वस्तुहरु | वडा न | कैफियत |
|---|---|---|---|---|
| १ | चुप्रा बजार | खाधान्न लत्ता कपडा, भाँडाकुडा | १ | |
| २ | सेर्माकोट बजार | घरायसी उपभोगका वस्तु, फलफुल | २ | |
| ३ | हनेटा | खाध, खुद्रा | ३ | |
| ४ | बाँसखर्क | खाध, खुद्रा | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | बाउनेचौर, बिउराखेत | खाद्यन्न, कपडा | ४ | |
| ६ | पिपलचौतारा | खाद्यन्न, कपडा | ५ | |
| ७ | सिम | खाद्यन्न, कपडा | | |
| ८ | डुंगेश्वर | खाद्यन्न, कपडा, भाँडाकुँडा, हार्डवर्यर | ६ | |

*स्रोत: स्थलगत अध्ययन लक्षित समूह छलफल २०७४*

### ९२.सामुदायिक भवनहरूको विवरण :

नेपाल सरकारले सबै समुदायको पहुँच विस्तार गर्नको लागि गाउँ र नगरको टोल टोलमा सामुदायिक क्रियाकलाप संचालन गर्नका लागि सामुदायिक भवनहरुको अवधारणा अगाडि सारेको छ । यस गाउँपालिका सामुदायिक भवन, गाउँघर क्लिनिक सामुदायिक बन, आमा समूह, महिला समुह लगायत विभिन्न प्रकृतिका सामुदायिक भवनहरु रहेका छन् । जुन निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. ७५ : **गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक भवनहरु**

| क्र.सं. | सामुदायिक भवनहरुका नाम | वडा नं. बस्ती | हालको उपयोग |
|---|---|---|---|
| १ | जनचेतनशील गाउँघर क्लिनिक | १ नामलसैनी खाड | प्रयोग |
| २ | दुक्ष्ध उ.सहकारी | १ बलेना | प्रयोग |
| ३ | लक्ष्मी सहकारी संस्था | १ बलेना | प्रयोग |
| ४ | कृषि तथा बहुमुखी सहकारी संस्था | १ मटेला | प्रयोग |
| ५ | गाउँघर क्लिनिक लाँकुरी | २ लाँकुरी | प्रयोग |
| ६ | गाउँघर क्लिनिक उम | २ उम | प्रयोग |
| ७ | बर्थिंग सेन्टर | ४ | स्वास्थ्यचौकी |
| ८ | दिपज्योति सहकारी संस्था | ४ | सहकारी |
| ९ | सामुदायिक भवन | ५ बास्कोटी | बैठक |
| १० | महिला सामुदायिक भवन | ५ भैरवस्थान | महिला सञ्जालका कार्यक्रम |
| ११ | महिला सामुदायिक भवन | ५ पोखरीपाटा | महिलाहरुका कार्यक्रम |
| १२ | महिला सामुदायिक भवन | ५ तल्लो पांगकोट | महिलाहरुका कार्यक्रम |
| १३ | बृद्धाश्रम सामुदायिक वन | ६ डुंगेश्वर | जीर्ण |

*स्रोत :लक्षित समुह छलफल २०७४*

### ९३. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण :

यस गाउँपालिकाका विभिन्न क्षेत्रमा समुदायमा आधारित विभिन्न सार्वजनिक क्रियाकलाप संचालन तथा स्थानीयहरु जमघट , बिश्राम गर्नको लागि सार्वजनिक पाटीपौवा तथा चौतारा रहेका छन् । ती विभिन्न सार्वजनिक पार्टी, पौवा तथा चौताराहरूलाई निम्नअनुसार उल्लेख गरीएको छ ।

**तालिका नं. ७६ : सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण**

| वडा नं. | सार्वजनिक वस्तु विवरण | उपयोग | संख्या |
|---|---|---|---|
| १ | चुप्रा बवार चौतारी | सार्वजनिक क्रियाकलाप/बिश्राम | १ |
| २ | चौतारो | सार्वजनिक क्रियाकलाप | ८ |
| ३ | पिपलचौतारी | सार्वजनिक क्रियाकलाप | ३ |
| ४ | पाटीपौवा | सार्वजनिक क्रियाकलाप | २ |
| | पिपलचौतारी | सार्वजनिक क्रियाकलाप | २ |

| | | | |
|---|---|---|---|
| ६ | पिपलचौतारी | सार्वजनिक क्रियाकलाप | ३ |
| जम्मा | | | १९ |

*स्रोत : स्थलगत अध्ययन तथा लक्षित समुह छलफल २०७४*

## ९४.खेल मैदान सम्बन्धी विवरणः

यस गाउँपालिका अर्न्तगतका बिभिन्न वडाहरूमा खुला तथा ठुला खेलमैदानहरू नभएता पनि साना खेल मैदानहरू तथा विद्यालय हाताभित्र खेल मैदानहरू रहेको देखिन्छ । अन्य स्थानमा रहेका तोकिएका खेल मैदानहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ७७ : खेल मैदान सम्बन्धी विवरण**

| क.सं. | खेल मैदानको किसिम | अनुमानित क्षेत्रफल (रोपनी) | स्थान तथा वडा नं. | उपयोगको अवस्था (कसले उपयोग गर्छ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | चुप्रा खेलमैदान | २ | वडा नं. १ चुप्रा | बिद्यालयले प्रयोग गरीरहेको | |
| २ | सेर्माकोट खेलमैदान | १५ | वडा नं. २ | बिद्यालयले प्रयोग गरीरहेको | |
| ३ | देवल खेल मैदान | ५ | वडा नं. ४ | स्थानीय खेलप्रेमिहरुले | |
| ४ | डुङ्गेश्वर खेल मैदान | ९ | वडा नं. ६ | स्थानीय खेलप्रेमिहरुले | |

*स्रोत :लक्षित समुह छलफल २०७४*

## ९५. गाउँपालिका कार्यालय देखि प्रत्येक वडाकेन्द्र सम्मको दूरी

यस गाउँपालिका अर्न्तगतका बिभिन्न वडा केन्द्रहरुबाट गाउँपालिका केन्द्र सम्म आउन लाग्ने दुरीमा सबै भन्दा बढी वडा नं. २ छ भने गाउँपालिका कार्यालय नै वडा नं. ५ मा रहेकोले सबैभन्दा कम वडा नं. ५मा रहेको छ यसको विस्तृत जानकारीलाई निम्न अनुसार उल्लेख गरीएको छ।

**तालिका नं. ७८ : गाउँपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दूरी**

| वडा नं. | वडा केन्द्रको स्थान | गाउँपालिका केन्द्रको स्थान | वडा केन्द्र देखि गाउँ केन्द्रको दुरी ( किमि) अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | चुप्रा | डाडाँपराजुल | १६ | |
| २ | सेर्माकोट | डाडाँपराजुल | २४ | |
| ३ | हनेटा | डाडाँपराजुल | ७ | |
| ४ | बाउन्नेचौर | डाडाँपराजुल | ३ | |
| ५ | डाँडापराजुल | डाडाँपराजुल | ० | |
| ६ | डुङ्गेश्वर | डाडाँपराजुल | ९ | |

*स्रोत :लक्षित समुह छलफल २०७४*

## ९६. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाको विवरण

गाउँपालिकाको विकास र समृद्धिमा ठूलो भुमिका र योगदान पुऱ्याउने हेतुले विभिन्न गैरसरकारी संघसंस्थाहरू पनि लागि परेका छन् । कृषि विकास, शिक्षा, स्वास्थ्य, स्थानीय विकास र सुशासन, उद्यमशिलता विकासमा यी सर्म्पूण गैरसरकारी संस्थाहरूले आफ्नो कार्यक्रम लक्षित वर्गसम्म पुऱ्याएका छन् । विभिन्न विकास साझेदार अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा संचालित संस्थाहरूमात्र यस क्षेत्रमा रहेका छन् । यस गाउँपालिकामा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशिल रहेका छैनन् । यस गाउँपालिकामा देहाय अनुसारका गैर सरकारी संस्थाहरू कार्यरत रहेको विवरण छलफल तथा अभिलेखबाट देखिएको छ ।

तालिका नं. ७९: NGOs हरूको विवरण

| क.न | NGO को नाम | लागु भएको स्थान | उद्देश्य/कार्य क्षेत्र | विकास साझेदार |
|---|---|---|---|---|
| १ | हेल्वेटास | सबै वडाहरुमा | कषि विकास | |
| २ | एभरेष्ट क्लब | वडा नं. २ र ५ | स्वास्थ्य र पोषण | सुआहरा |
| ३ | आशा नेपाल | सबै वडाहरुमा | जलबायु परिवर्तन | |
| ४ | सोशेक | सबै वडाहरुमा | उद्यमविकास | |

*स्रोत :लक्षित समुह छलफल २०७४*

## ९७. गाउँपालिका क्षेत्रभित्र गठन भएका टोल विकास संस्थाहरूको विवरण

नेपाल सरकारले गाउँ तथा नगरको विकासका लागि विभिन्न टोलविकास संस्थाहरूको गठन गरी क्रियाशिल गराउने नीति अनुरूप यस्ता संस्थाहरूको गठन गर्ने गरेको छ । यस्ता टोल विकास संस्थाहरू विशेषगरी गाउँपालिका क्षेत्रहरूमा बढी केन्द्रत हुने भएकाले यस गाउँपालिकाको बिभिन्न टोलटोलमा यस किसिमका संस्थाहरुको गठनगर्ने प्रक्रियाह अगाडी बढाउने ठोस योजना ल्याउनु पर्ने देखिन्छ ।

## ९८. वडा नागरीकमञ्च तथा नागरीक सचेतना केन्द्र सम्वन्धी विवरण

| १७२ | भण्डारी खाद्य खुद्रा पसल | अमुता कुमारी भण्डारी | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १७३ | प्रदिप  भांडा पसल | मञ्जु दाहाल | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १७४ | शाहि खाद्य तथा खुद्रा पसल | मन बहादुर शाही | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १७५ | लक्ष्मी ट्रेडर्स | मन्दिरे दमाई | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १७६ | सुनीता होटल | मनिषा मल्ल | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १७७ | स्मृति खुद्रा तथा खाद्यान्न पसल | मनिषा गुरुङ | डाँडापराजुल ८ | डुङ्गेश्वर- ६ |
| १७८ | संदिक्षा खाद्य तथा खुद्रा पसल | झण्ड बहादुर खत्री | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १७९ | आले खुद्रा पसल | झुमा कुमारी आले | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८० | ललित स्टोर्स | नर ब. शाही | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८१ | दाहाल भाडा पसल | नन्दलाल जैसी | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८२ | ओम मोवाइल मर्मत सेन्टर | नविन बि.क | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८३ | मुना किराना पसल | जंग बहादुर बि.क. | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८४ | शाही होटल | जुवार शाही | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८५ | कार्की स्टोर्स | प्रताप कार्की | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८६ | सांवद किराना पसल | पदम बहादुर सांवद | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८७ | जनक किराना पसल | पारस बिक्रम शाही | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८८ | सुस्मीता किराना पसल | बिरजित रावल | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १८९ | थापा स्टेश्नरी एण्ड पुस्तक पसल | दिपक कुमार थापा | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९० | न्यु नमुना फ्रेस हाउस | विष्णु सुनार | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९१ | राप्ती होटल | पिताम्वर शाही | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९२ | सुदिप सुमित सरोज अर्याल किराना पसल | हिक्मत बहादुर अर्याल | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९३ | चन्द्रदिप होटल एण्ड रेष्टुरेन्ट | थिर ब. हमाल | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९४ | प्रकाश नास्ता पसल | लाल बहादुर पन्त | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९५ | भण्डारी किराना पसल | याम बहादुर भण्डारी | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९६ | चन्द्रा किराना पसल | चन्द्रा कुमारी रावत | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९७ | न्यू जनता स्टोर्स एण्ड अर्डर जनरल सप्लायर्स | केशव बहादुर वुढा | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९८ | कौशल मोवाइल मर्मत सेन्टर | कुले विश्वकर्मा | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| १९९ | तेजेन्द्र खाद्य स्टोर्स | तेजेन्द्र हिरोजक | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०० | कार्की जडिवुटी खरीद बिक्री फर्म | तेजेन्द्र कार्की | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०१ | भिम सुनचांदी पसल | गोर्खे सुनार | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०२ | मल्ल कम्प्युटर इन्स्टिच्युट | गगन बहादुर मल्ल | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०३ | बिशाल होटल | धन कुमारी के.सी | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |

| क.स | फर्मको नाम | प्रोप्राइटरको नाम | साविक ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| २०४ | रोकाय होटल एण्ड लज | हरीलाल रोकाय मगर | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०५ | बुटवल नजुमा स्टोर्स | हजुर अली | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०६ | लालिकाडा होटल एण्ड लज | शेर ब. थापा | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०७ | नव जीवन होटल एण्ड रेष्टुरेण्ट | | डाँडापराजुल ७ | डुङ्गेश्वर- ६ |
| २०८ | संगीता पशुपालन व्यवसाय | संगिता वि.क. | डुङ्गेश्वर ६ | डुङ्गेश्वर- ६ |
| २०९ | मनिष किराना पसल | मनिषा के.सि. | डुङ्गेश्वर ६ | डुङ्गेश्वर- ६ |
| २१० | नभजीवन होटल एण्ड रेष्टुरेन्ट | नर ब. थापा मगर | डुङ्गेश्वर ६ | डुङ्गेश्वर- ६ |
| २११ | कलपानी तरकारी उधोग | गगन ब. पौडेल | डुङ्गेश्वर ६ | डुङ्गेश्वर- ६ |

*श्रोतः उद्योग बाणिज्य संघ दैलेख २०७४*

### १२८. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप

साविकका गाविसहरुको संरचना रहेका बखत गाविस सचिवको संरकत्वमा सामुदायिक मेलमिलाप समिति स्थानीय मेलमिलाप कर्ता मध्येबाट एक जना संयोजक, एक जना उप सयोजक, एक जना सचिव, एक जना कोषाध्यक्ष र बाँकि स्थानीय मेलमिलापकर्ताहरू सदस्यर हने गरी यसको गठन गरीएको थियो । परियोजनाको कार्य अवधि सकिए संगै स्थानीय स्तरमा गठन गरीएको सामुदायिक मेलमिलाप केन्द्रहरु पनि साधन स्रोतको अभावले गर्दा निष्क्रिय रहन पुगेका छन् । यसको लागि गाउँपालिका र सरोकारवालाहरुले ठोस योजना बनाएर सुचारु गर्नुपर्ने देखिन्छ ।

### १२९. प्राकृतिक श्रोत (खानी/खनिज आदि) :

नेपाल प्राकृतिक सम्पदाले सम्पन्न देश मानिन्छ भने यस डुङ्गेश्वर गाउँपालिकालाई विभिन्न खनिजका लागि सम्भावित क्षेत्रको रूपमा लिइन्छ । तर यहाँ अध्ययन र उत्खननको अभावले यस क्षेत्रमा पाइने खनिजको भने एकिन जानकारी हुन सकेको छैन । यस गाउँपालिका वडा न. १,२ र ६ स्थित लोहरेखोलामा प्रसस्त मात्रामा ढुङ्गा, गिट्टि र बालुवा रहको छ, जुन बिभिन्न गाउँपालिका तथा छिमेकि जिल्ला सुर्खेतसम्म समेत निकासी हुने गर्दछ । यस गाउँपालिका अर्न्तगतको वडा नं २ र ३ मा स्लेट खानी खानीको सम्भावना रहेको लामो समयदेखि चर्चा चलिरहेको बुढापाकाहरु बताउदछन् ।

### १३०. पशुपंक्षी/वन्यजन्तुको विवरण

यस गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न प्रकृतिका वन जंगालहरूमा वनसँग सम्बन्धित जैविक विविधता विद्यमान रहको छ । यस क्षेत्रको जैविक विविधताका हिसावले महत्वपूर्ण स्थानमा पाइने प्रमुख जनावर तथा चरा चुरूंगी सम्वन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका नं. ९८ : डुङ्गेश्वर गाउँपालिका उपलब्ध पशुपक्षि तथा बन्यजन्तुहरु**

| वडा नं. | गाउँको नाम | मुख्य जंगली जनावरहरूको नाम | मुख्य जंगली चराचुरूङ्गीहरूको नाम |
|---|---|---|---|
| १ | बेलपाटा | भालु,जरायो,मृग, घोरेल, खरायो, थार,मलसाप्रो | कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, तित्रा, आदी |
| २ | लाँकुरी | चितुवा, भालु, मृग, घोरेल, खरायो, जरायो, स्याल, बाँदर, खरोयो | कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, तित्रा, आदी |
| ३ | अवलपराजुल | मृग, दुम्सि, बदेल, खरायो, स्याल, बाँदर, गुना, चितुवा | कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, तित्रा, डाँफे आदी |

| वडा नं. | गाउँको नाम | मुख्य जंगली जनावरहरूको नाम | मुख्य जंगली चराचुरूङ्गीहरूको नाम |
|---|---|---|---|
| ४ | अवलपराजुल | मृग, घोरेल, दुम्सि, बदेल, बाँदर, गुना, भालु | कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, तित्रा, आदी |
| ५ | डाँडापराजुल | मृग, घोरेल, दुम्सि, बदेल, बाँदर, गुना, भालु | कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, तित्रा, आदी |
| ६ | डाँडापराजुल | मृग, घोरेल, दुम्सि, बदेल, बाँदर, गुना, भालु | कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, तित्रा, आदी |

*स्रोत : लक्षित समुह छलफल, २०७४*

### १३१ सुकुम्वासीको तथ्याङ्क:

यस गाउँपालिका अधिकांश नागरीकहरूको आफ्नोघर जग्गा भएको तथा केही घरपरीवारहरूको घरजग्गा नभएको कुरा विभिन्न प्रतिवेदन तथा लक्षित समुह छलफलका क्रममा आएको छ। यस गाउँपालिका हाल सुकुम्वासीका एकीन तथ्यांक नआएकाले यसको विवरण समावेश गरीएको छैन ।

### १३२. अल्पसंख्यक/सिमान्तीकृत बर्गको तथ्याङ्क:

नेपाल सरकारले राष्ट्रिय जनगणाना २०६८ मा कुल जनगणनाको (०.५) शुन्य दशमलव पाँच प्रतिशत भन्दा कम जनसंख्या रेहका जातिय समुदायहरुलाई अल्पसंख्यकको रुपमा तोकेको छ। यस गाउँपालिका अधिकाँस नागरीकहरू ब्राहमण,क्षेत्री, ठकुरी र जननातीहरु रहेको केही घरपरिवारहरू दलित तथा अन्य जातजातीहरूको रहेको कुरा विभिन्न प्रतिवेदन तथा लक्षित समुह छलफलका क्रममा आएको छ । यस गाउँपालिका नेपाल सरकारको अल्पसंख्यकको सुचीमा भएका जातिहरुको परिवारसंख्या विवरणलाई निम्न तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. ९९: अल्पसंख्यक/सिमान्तीकृत बर्गको विवरण

| वडा नं. | साविक गाविस | जातजाती | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| **१** | **बेलपाटा** | बादी | १३ | ६ | ७ |
| **५,६** | **डाँडापराजुल** | गाइने | ४१ | २३ | १८ |
| **कुल जनसंख्या** | | | **५४** | **२९** | **२५** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

### १३३. घरभाडामा बस्नेहरूको विवरण:

यस गाउँपालिकामा बसोवास गर्ने अधिकांश नागरीकहरूको बसोवासका लागि आफ्नोघर भएको तथा केही बाहिरबाट ब्यापार व्यवसाय तथा रोजगारको सिलसिलामा यस क्षेत्रमा अस्थायी बसोवास गर्ने नागरीकहरू मात्र भाडामा बस्ने गरेको पाइन्छ ।

### १३४. गाउँपालिका भित्र रहेका विशेष, संरक्षित, स्वायत्त क्षेत्रको विवरण :

नेपाल प्राकृतिक सम्पदाले सम्पन्न देश मानिन्छ । यस गाउँपालिका भित्रका बिभिन्न स्थानहरू विशेष संरक्षित क्षेत्र घोषणा गरी व्यवस्थापन गर्न जरूरी रहेको छ । यस गाउँपालिकाको संवेदनशिल क्षेत्रहरलाई राज्यले विशेष संरक्षित क्षेत्र घोषणा गरी यसको व्यवस्थापन गर्न जरुरी छ । साथै यस पालिकालाई छोएर बगेको बिभिन्न खोलानाला किनार र भौगोलिक विकटता रहेका गाउँपालिकाका केहि वडाका टोल, बस्ती तथा स्थानहरुलाई लाई विशेष संरक्षित क्षेत्र घोषणा गरी सोहि अनुरुपको कार्ययोजना ल्याउन जरूरी देखिन्छ ।

## १३५. गाउँपालिका आफैले बनाएका नियम र विनियमहरूको विवरण

यस डुङ्गेश्वर गाउँपालिकाकार्यसंचालन तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त र ब्यबस्थित बनाउनका लागि निम्न बमोजिमका ऐन नियम तथा बिनयमहरु निर्माण गरी अनुमोदन समेत गरेको छ ।

१. गाउँ कार्यपालिका बैठक संचालन सम्बन्धि कार्यविधि -२०७४
२. गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली -२०७४
३. गाउँ कार्यपालिका कार्यफछ्यौट नियमावली -२०७४
४. गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली -२०७४

## १३६. गाउँपालिकाका संभावना, अवसर, चुनौति र समस्याहरू

वि.सं २०७३ साल फागुन २७ गते साविकका बेलपाटा, लाँकुरी, अवलपराजुल र डाडाँपराजुल गाविसलाई समेटेर घोषणा भएको यस गाउँपालिकाका प्रचुर संभावना र केही चुनौतिहरु रहेका छन् । प्राकृतिक, भौगोलिक, सामुदायिक सांस्कृतिक एवं पुरातात्विक विविधता जस्ता संभावनाहरु रहेको भए पनी व्यापारिक तथा औद्योगीक कृयाकलापमा आशातित प्रगती हुन नसक्नु आधुनिक व्यावसायिक कृषि प्रणाली तर्फ समन्वयात्मक अभ्यासको कमी, एकिकृत जग्गा विकासको अवधारणामा अघि बढ्न नसक्दा वसाईसरी जानेको उच्च दर हुनु आन्तरिक आय बृद्धीमा श्रोतको पहिचान तथा दायरा फराकिलो वनाउने सम्बन्धमा प्रयाप्त प्रयासहरु हुन बाँकी रहेकोले आन्तरिक आयको अवस्था निक्कै न्यून हुन गइ विकासको लम्कने सपना पुरा गर्न धेरै पहल गर्न बाँकी नै छ ।

लोकतन्त्रको उच्चतम अभ्यास र लाभ नजिकको सरकारवाट जनता समक्ष प्रदान गर्न विकेन्दीकरणको अवधारणा अनुसार स्थानीय तह संचालन आदेश २०७४ लगायत सम्वद्ध नियम कार्यविधी, निर्देशिका र आदेश परिपत्र मार्फत जवाफदेही उत्तरदायी र पारदर्शी सरकारको रुपमा स्थापीत गर्ने प्रयत्न गरीएको छ । गाउँक्षेत्र भित्रका प्रशस्त बनजंगलबाट काठ दाउरा निर्यात, ढुङ्गा गिटी, र बालुवा निर्यात बाट आन्तरिक आयमा बृद्धि गर्न सकिने प्रचुर सम्भावनाहरु रहेको यस गाँउपालिकामा मनोरम प्राकृतिक सुन्दरता र पर्यटकीय क्षेत्रकोपनि उत्तिकै सम्भावना रहकोले यि कुरालाई अवसरको रपमा लिएको छ । प्राकृतिक स्रोत र मानवीय स्रोत दुबैको समुचित संयोजन भएको यस गाउँपालिकाएक असल प्रभावकारी सरोकारवालहरूको संयन्त्रको निर्माण गरी डुङ्गेश्वरको समग्र विकासका लागि एक गुरूयोजना निर्माण गर्न नितान्त जरूरी देखिन्छ ।

पुर्वाधार विकासका मेरुदण्डका रुपमा रहेका विभिन्न स्थानलाई जोड्ने सडकहरु निर्माणाधिन अवस्थामा रहेका छन् । स्थानीय निकायको अनुदान मार्फतका योजनाको अनुगमन र मूल्याङ्कन सही र प्रभावकारी रूपमा नहुनु, शैक्षिक क्षेत्रको उचित व्यवस्थापन गर्न नसक्नु र गुणस्तरीय शिक्षामा जोड नदीनु, सुरक्षाका क्षेत्रमा प्रहरी सेवा प्रभाकारी नहुनु जस्ता समस्या र चुनौतीहरूले गाउँपालिकाको स्रोत व्यवस्थापन र समग्र विकासमा बाधा पुर्‍याइरहेका छन् । त्यसैगरी विधुतिकरणका सवालमा सबै वडाहरुमा हालसम्म राष्ट्रिय बिद्युत लाइनले छुन नसक्नु , खानेपानिको स्रोत हुदाहुदै पनि त्यसको समुचित परिचालन र व्यवस्थापन हुन नसक्नु जस्ता विषयहरू यस गाउँपालिकाका चुनौतिहरू रहेका छन् । त्यस्ता खाले कैयन चुनौतीहरू बीचबाट पनि आफै धेरै काम गरेर गााउँपालिकालाई आत्मनिर्भर र समृद्ध बनाउन सक्ने सम्भावनालाई जिवितै राखेको छ । यस गाउँपालिकाका संवाभाना, ,अवसर र चुनौतीहरुलाई बुँदागतरुपमा निम्नानुसार उल्लेख गरीएको छ ।

➢ **गाउँपालिकाका संवाभनाहरु :**

- डुङ्गेश्वर गाउँपालिकाको सबैभन्दा अग्लो स्थानमा कुइँयाको ताल भएकोले पर्यटकीय क्षेत्र निर्माण गर्न सकिने ।
- चुप्रा, डुङ्गेश्वर जस्ता जिल्लाकै महत्वपूर्ण बजारहरु यसै गा.पा.मा रहेकाले उक्त स्थानहरुलाई औद्योगिक केन्द्रका रुपमा विस्तार गरी आर्थिक विकास गर्न सकिने ।

- लोहोरे, पराजुली र मटेला खोलाको पानीको उपयोग गरी मत्स्यपालन, तरकारी खेतीको पकेट क्षेत्रको रुपमा विकास गरी व्यवसायिक कृषिप्रणाली अवलम्बन गर्न सकिने ।
- डुङ्गेश्वर गाउँपालिकाको विभिन्न क्षेत्रलाई स्याउ, सुन्तला, आँप जस्ता फलफुल र अलैंची, अम्रिसो,अदुवा जस्ता नगदे बालीको पकेट क्षेत्रको रुपमा घोषणा गर्न सकिने ।
- यस गाउँपालिकामा रहेका वनजंगलहरुमा रहेका प्रशस्त जडीबुटीहरुको पहिचान गरी संकलन र प्रशोधन गर्न सकिने ।

➢ **अवसर :**

- लोहोरे ,पराजुली, मटेला खोलामा जलविद्युत् आयोजना विकास गर्ने ।
- आर्थिक केन्द्रका रुपमा विकास गर्ने ।
- कृषि पकेट क्षेत्रको विकास गर्ने ।
- जातीय, भाषिक तथा कलासंस्कृति प्रवर्धन गर्ने ।
- पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि तालतलैया,गुफाको खोजी तथा संरक्षण गर्ने ।
- रोजगारीको सिर्जना गर्ने ।
- प्राविधिक शिक्षामा जोड दिई दक्ष जनशक्ति निर्माण गर्ने ।
- काठ उद्योग संचालन गर्ने ।
- पुराना मठ मन्दिर, पाटीपौवा, गुम्बाको संरक्षण संवर्धन गर्ने ।

➢ **चुनौतीहरु :**

- सदियौंदेखि एकात्मक राज्य प्रणालीमा अभ्यस्त हामीलाई स्थानीय सरकार नौलो प्रयोग हो । भर्खरै गठन भएको यस गाउँपालिकाको संस्थागत , प्राविधिक र स्रोत परिचालन क्षमता बृद्धि गर्ने तथा यसको पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- आयोजनाहरुको अपुरो तयारी, कमजोर व्यवस्थापकीय,वित्तीय र प्राविधिक क्षमता,कानुनी, नीतिगत र प्रक्रियगत जटिलताका साथै सरोकारवाला वर्गहरुको उदासिनताका कारण देखिएको कमजोर कार्यान्वयन क्षमतालाई कम गरी लक्ष्य अनुसार कार्यसम्पादन गर्नु ।
- यस क्षेत्रमा निजी क्षेत्रको उपस्थिति नै नभएको सन्दर्भमा उत्पादनका क्षेत्रहरु पहिचान गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्ने चुनौती रहेको छ ।
- कानुनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता र सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउने चुनौती रहेको छ ।
- सार्वजनिक निर्माणमा गुणस्तर अभिवृद्धि गर्ने ।
- राजस्वका स्रोतहरुको पहिचान गर्ने, राजस्वको दायरा फराकिलो बनाउने र राजस्व चुहावट नियन्त्रण गरी आन्तरिक राजस्व वृद्धि गर्ने ।
- सम्पूर्ण आर्थिक कारोबारलाई बैंकिक प्रणालिमा लैजान ,बैकंसम्म आम नागरीकको पहुँच पुऱ्याउने कार्य चुनौतिपूर्ण रहेको छ ।
- जन चाहनाबमोजिम आर्थिक, सामाजिक पूर्वाधार विकास गर्ने ।
- भष्ट्राचारको अन्त्य गरी सुशासन कायम गर्ने ।
- घरेलु हिंसा,बालविवाह,छाउपडी प्रथा न्यूनिकरण गर्दै जाने ।
- रोजगारीको सिर्जना गरी दक्ष जनशक्तिको विदेश पलायन रोक्ने ।
- सामाजिक विकृति विसङ्गति रोकथाम गर्ने ।

### १३७. गाउँपालिकाको विकास सम्भावनाहरू (कृषि, पर्यटन, उद्योग, आदि)

यस गाउँपालिका विभिन्न जातजाति तथा धर्म संस्कृतिका मानिसहरूले बसोबास गर्दै आइरहेको भएता पनि नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसाँस्कृतिक विविधता भएका मानिसहरूको बसोबास भएको एक साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । यहाँ विभिन्न किसीमका भौगोलिक,राजनैतिक तथा साँस्कृतिक विविधतायुत्त पहिचान भएका विभिन्न स्थानहरु रहेका छन् । यस गाउँपालिका कृषि,लघुजलविद्युत,वनजंगल,धार्मिक तथा सास्कृर्तिक सम्पदा,पर्यटन बिकास,उद्योग संचालन,शैक्षिक लगायतका सम्भानाहरू रहेका छन् ।

डुङ्गेश्वर गाउँपालिका सम्भावनाका अवसरहरु रहेको गाउँपालिका भएता पनि दुर्गम गाउँपालिकाका रुपमा चिनिन्छ । साबिकका बेलपाटा, लाँकुरी, अवलपराजुल र डडाँपराजुल गाविस मिलेर बनेको डुङ्गेश्वर गाउँपालिकाका सबै वडाहरुमा न सडक सञ्जाल पुगेको छ, न सहज रुपमा स्वास्थ्य, शिक्षा, संचार र बिद्युत सुबिधा नै छ । पशुपालन र फलफुल खेतीका दृष्टिकोणले यस गाउँपालिका उर्वर भुमिका रुपमा रहेपनि उत्पादित बस्तुहरुको सहज रुपमा बजारीकरण हुन सकिरहेको छैन् । गाउँपालिका सबै वडाहरुमा वातावरणमैत्रि तवरले सडक सञ्जाल जोड्नु अबको प्रमुख आवश्यकता रहेको छ । शैक्षिक, व्यापारिक र व्यवसायिक हिसावमा पनि सडक अनिवार्य मानिन्छ तर सहज रुपमा निरन्तर यातायातका साधनहरु चल्न नसक्दा सम्भावनाका ढोकाहरु खुल्न सकेका छैनन् ।

**सामान्यतया यस क्षेत्रको विकासका संभावनाहरुलाई निम्न बिषयगत क्षेत्रमा बिभाजन गरी अगाडी बढाउन सकिन्छ ।**

**१) आर्थिक विकास :**

**क) पर्यटनः**

- कुइयाँतालालाई व्यवस्थित गरी संरक्षण र संवर्द्धन गर्न सकेको खण्डमा आन्तरिक र बाह्य पर्यटहरुको लागि पर्यटकिय गन्तव्य बनाउन सकिने ।

**ख) कृषिः**

- दैलेख जिल्लाकै प्रचुर सम्भावना रहेको कृषि क्षेत्र मध्ये पशुपालनको लागि प्रायाप्त जंगल तथा डाले घाँसको सम्भावना बोकेको यो क्षेत्र हो । खेतियोग्य जमिनहरुमा नगदेबालीको विकास बाट अर्गानिक बिऊ तथा तरकारि उत्पादन गरी जिल्ला भित्र र बाहिर बिक्री गरी आम्दानी भित्राउन सकिने ।
- तोरी तथा अन्य तेलहन बालिको सम्भावना रहेको ।
- फलफुलमा सुन्तला, अमिलो, कागती र अनार उत्पादनको लागि सुहाउँदो हावापानी रहेको ।
- टिम्मुर, अलैचि अदुवा,बेसार आलस, तिल, जस्ता हाइ भ्यालु बढाउने जस्ता मसलाजन्य बस्तुको उत्पादन बढाउन सके स्थानीयको आर्थिक बृद्धि गर्न सकिने ।
- व्यवसायिक कृषि क्षेत्र अन्तरगत बाख्रापालन, कुखुरापालन, बंगुर पालन, मौरिपालन, गाइ फार्म, भैसि फार्ममा जनतालाई लगानी गर्न उत्साहित गर्नको लागि अनुदान मार्फत आर्कषित गर्नसके रोजगारि श्रृजना हुने रोजगारिका कारण गाउँपालिकको आर्थिक गतिविधिमा बृद्धि हुन जाने देखिन्छ ।

**ग) उद्योग :**

- पर्याप्त खुला क्षेत्र अत्याधिक बनले ढाकेको क्षेत्र र पानी , बिजुलि, संचार, सडक, जस्ता उद्योगका लागि आवश्यक आधारभुत सेवाहरु यस गाउँपालिकामा हाल न्यून रहेको छन भने आगामी दिनमा यस क्षेत्रको विकास गर्दै जिल्ला भित्र वा बाहिरका लगानिकर्ता लाई कर छुट तथा अन्य आवश्यक सेवा सुविधाहरु प्रदान गर्न सकेमा बाहिर रहेका लगानिकर्ताहरु लाई आकर्षित गर्न सकिने
- स्थानीय कच्चापदार्थको प्रसोधन तथा बस्तु उत्पादनको लागि उद्योगको विकास गरी रोजगारि सृजना गरी आयआर्जन तथा समृद्धि हासिल गर्न सकिने ।
- जिल्लाकै व्यापारिक केन्द्रको रुपमा हालको डुङ्गेश्वर र चुप्रा बजारलाई विस्तार गर्न सकिने ।
- खानीजन्य उद्योग (स्लेट) को पहिचान र उत्खननका लागि सम्भाव्यता अध्ययन गर्ने सकिने ।

**घ) सहकारी :**

- गाउँपालिकामा रहेका सहकारीहरुका सदस्य तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी सरहकारी को मापदण्ड अनुसार सहकारीमा सबैलाई आवद्ध गराउन सकेमा स्थानीय स्तरमा व्यवसायिकता कायम गर्न सकिने ।

**२) सामाजिक विकास :**

- शिक्षा स्वास्थ्य लगायतका क्षेत्रको विकास गरी गुणस्तरिय शिक्षा र स्वास्थ्यको लागि मानिसहरुलाई पालिकामा नै विस्वस्त गराउन सकिने ।
- पानीजन्य रोगहरूको प्रकोपको न्युनिकरण गर्न स्वास्थ्य तथा सरसफाई गतिविधिहरू सञ्चालन गर्नसके स्वास्थको स्थितिमा सुधार आउन सक्दछ ।
- लक्षित समुदाय विशेष गरी महिला, दलित, बालबालिका र फरक क्षमता भएकाहरूका लागि सीपमूलक, आयमूलक तालिम सञ्चालन गर्न सकिने ।
- पुर्ख्यौली पेशालाई निरन्तता दिने पिडिहरुका लागि अनुदान र पेशाको सुरक्षाका उपायहरु अपनाउन सकिने ।
- यस क्षेत्रमा उपलब्ध बिभिन्न पानीकका श्रोत तथा मुहानहरुलाई संरक्षण गरी खानेपानीको गुणस्तर कायम रहने गरी स्वच्छ खानेपानीको वितरणलाई प्रभावकारी बनाउन सकिने ।
- हाल गाउँपालिकामा संचालनमा रहेको क्याम्पसको स्तरोन्ती गरी कृषि विषयको अध्ययन गराउन सकिने ।

**३) भौतिक पूर्वधार :**

- सडक सेवा विस्तर हुन नसेको यस गाउँपालिकामा सबै वडाहरुमा सडक विस्तर गर्नको लागि स्थानिको पुर्णरुपा सहयोग लिन सकिने ।
- गाउँपालिकाका बिभिन्न वडाहरुलाई राजमार्गमा सडक संजालमार्फत जोड्न सकिने ।
- बिभन्न खोलाहरुमा पुल निर्माण गरी सडक संजाल विस्तरमा सहज हुने ।
- परम्परागत उर्जाको उपयोगलाई न्युनगर्न वैकल्पिक उर्जाको बहुआयामिक श्रोतलाई प्रोत्साहन गर्न सकिन्छ ।
- ग्रामीण कृषि सडक र पर्यटन सडक निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा सञ्चालन गर्न सकिने ।
- वैज्ञानिक भुउपयोगका मान्यतालाई आत्मसात गरी भुउपयोग, वस्ती तथा आवासको न्युनतम मापदण्ड तयार गरी भु-उपायोगलाई बैज्ञानिक र व्यवस्थित गर्न सकिने ।
- जनघनत्व कम रहेको यस गाउँपालिकालाई ग्रामिण शहरीकरणको रुपमा विकास गर्न सकिने ।

**४) वन तथा वातावरण :**

- डुङ्गेश्वर गाउँपालिका वन क्षेत्रको पनि विविधता रहेको पाइन्छ । यहाँ उष्ण प्रदेशिय वन देखि लेकाली वनस्पति समेत पाइन्छ । वनमा विविधता हुनुले यहाँ वनपैदावारमा आधारित उद्योगहरुको लागि आवश्यक कच्चा पदार्थ सहजै प्राप्त गर्न सकिन्छ ।
- वनमा हुने टिमुर जस्ता मसला र जडिबुटिको संरक्षण, संवर्द्धन तथा उत्पादन गरी निकासि पैठारी बाट आम्दानी हुन जाने देखिन्छ ।
- एकातिर खोटोजन्य पदार्थको उत्पादन दिने सल्लाको बोटहरुको बृक्षरोपण गरी हालको वनक्षेत्रलाई व्यवस्थित गर्दै खोटोको निकासी गर्न सकिने छ भने भने अर्कोतर्फ वन क्षेत्रको संरक्षण र विकास बाट वातावरण सन्तुलन हुन जाने देखिन्छ ।

**५) संस्थागत विकास तथा सुशासन :**

- पालिकामा सञ्चालन हुने योजनाहरूको अनिवार्य सार्वजनिक सुनुवाई, समिक्षा तथा जनलेखा परीक्षण गर्न सकेको खण्डमा पारदर्शि संस्कृतिको विकास गरी नागरिकहरुमा सूचना प्रवाह तथा सुशासनको संस्कार सुरु गर्न सकिन्छ ।

- लक्षित बर्ग तथा बिषयगत क्षेत्रको बजेट सही प्रयोजनका लागि लक्षित समुदाय र बिषयगत क्षेत्रमानै व्यस्थापन गर्न सकेमा लक्षित बर्ग र बिषयगत क्षेत्रको सशक्तिकरण गर्न सकिन्छ ।
- सुशासनका आधारभूत मान्यता स्थापित गर्दै सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सहज गराउन सकिने ।
- गाउँपालिकाको अधिकार क्षेत्र अन्तर्गत कर, सेवा शुल्कको क्षेत्र र दर व्यवस्थापन गरी आन्तरिक आयलाई सुदृढ गरी स्रोत परिचालनलाई प्रभाबकारी बनाउन सकिने ।
- संघ संस्थाहरूको कार्यसम्पादनलाई प्रभावकारी गराउन आधुनिक सूचना प्रविधिको उपयोग र भौतिक सुविधा बृद्धिमा जोड दिन सकिने ।
- सहयोगि निकायहरुले संचालन गर्ने परियोजनाहरुलाई गाउँपालिकाको निति तथा कार्यक्रमसंग समन्वय गराई संचालित कार्यक्रमहरुलाई डुब्लिकेसन हुन बाट बचाई नतिजामुखि कार्यक्रमहरु संचालन गर्न सकिने ।

## १३८. गाउँपालिकाको आ.व. २०७४/०७५ को लागि प्रस्तावित आयोजना तथा कार्यक्रम

"व्यावसायिक कृषि,शिक्षा स्वास्थ्य सुशासनको पूर्वाधार" "डुङ्गेश्वर गाउँपालिकाको मुल आधार" भन्ने नाराका साथ मिति २०७४ साल आषाढ २९ गते सम्पन्न भएको डुङ्गेश्वर गाउँपालिका कार्यपालिकाको पहिलो गाउँसभामा उपाध्यक्ष सीता ज्ञावलीले निम्न बमोजिमको वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नु भएको थियो ।

**क. आर्थिक क्षेत्र**

**१.कृषि**

- यस क्षेत्रको प्रमुख पेसाको रुपमा रहेको कृषिको व्यावसायीकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन त्यसकारण कृषि प्रणालीलाई वैज्ञानिक, व्यावसायिक र वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धिको दिगो आधार तयार गर्ने नीति लिइएको छ ।
- फलफुल बगैँचा स्थापना ,कृषकहरुलाई तालिमको व्यवस्था, कृषि मेला प्रदर्शनी,कृषक पाठशाला,उन्नत जातको बिउ वितरण ,कृषक भ्रमण, उन्नत जातको राङ्गा बोका खरिद वितरण, साना सिँचाइ पोखरी, भकारो सुधार,तरकारी नर्सरी जस्ता कार्यक्रमहरु संचालन गरीने छ ।

**२.उद्योग तथा वाणिज्य**

- साना तथा घरेलु उद्योगहरु (अल्लो ,सिस्नो प्रशोधन,लोक्ता प्रशोधन ,मसला प्रशोधन,उद्योग)सञ्चालन गर्नका लागि विशेष प्राथमिकता दिइने छ ।
- खानीजन्य उद्योग(स्लेट) को पहिचान र उत्खननका लागि सम्भाव्यता अध्ययन गर्ने नीति अवलम्बन गरीने छ ।

**३.संस्कृति तथा पर्यटन प्रवर्द्धन,**

- पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटकीय पूर्वाधारहरुको निर्माण गर्दै लैजाने नीति लिइएको छ ।
- यस क्षेत्रमा रहेका पर्यटकीय स्थलहरु (कुइँया ताल,कोटदेवल,मालिका,पञ्चायन धार्मिक पर्यटकीय क्षेत्र )को संरक्षण र संवर्द्धन गर्दै लैजाने कार्यक्रमहरु सञ्चालन गरीने छ ।
- ऐतिहासिक, पुरातात्त्विक , धार्मिक, सांस्कृतिक महत्त्वका सम्पदाहरुको पहिचान , संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइएको छ ।
- यस गाउँपालिकाभित्र रहेका विभिन्न जातजातिहरुको मौलिक संस्कृति ,भाषा, भेषभूषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका कार्यक्रम सञ्चालन गरीने छ ।
- आर्थिक सम्वृद्धिका लागि जनजाती भाषा तथा संस्कृती संरक्षण का विशेष कार्यक्रम संचालन गरीने छ ।

**४.सहकारी**

- सहकारीको पहिचान गरी एक वडा एक सहकारी निति अवलम्बन गरीनेछ ।
- सहकारी व्यवस्थापनकालागि प्रत्येक वडामा भौतिक पूर्वाधार निर्माण गर्ने अवधारणाको नीति लिईएको छ ।

- सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लागानी गर्न प्रोत्साहन गरीने नीति अवलम्बन गरीएको छ ।

**ख. सामाजिक क्षेत्र**

**१.शिक्षा**

- शिक्षा क्षेत्रमा बालशिक्षा सुधार, र कक्षा १ लाई विशेष कार्यक्रम ल्याइने छ ।
- कक्षा १-८ संचालन भएका आधारभुत विद्यालय र माध्यामिक विद्यालयलाई कक्षा व्यवस्थापन गरीनेछ ।
- सीता मा.वि र सरस्वती मा.वि. लाई प्राविधिक शिक्षा संचालनका लागि पुर्वाधार विकासका लागि कार्यक्रम ल्याएको छु साथै आगामी वर्ष क्रमश अन्य माविहरुलाई आवश्यक पूर्वाधार तयार गरी प्राविधिक शिक्षा संचालन गर्न जोड दिइनेछ ।
- कक्षा १० उर्त्तिण हुने उत्कृष्ट हुने एक/एक छात्र छात्रा लाई पुरस्कृत गरीनेछ ।
- शिक्षा सुधारका लागि गाँउ शिक्षा निति निर्माण गरीनेछ ।
- गरीब तथा जेहेन्दार विद्यार्थीलाई सहयोगको निति ल्याइनेछ ।
- द्बष्टिविहिन ,अपाङ्ग,अशक्तको तथ्याङ्ग संकलन गरी प्रोत्साहन गरीनेछ ।

**२.स्वास्थ्य**

- स्वाथ्य सुधारका लागि नीतिगत तय भइ आएका कार्यक्रमलाई व्यवस्थीत गरीनेछ ।
- आयोडीनको कमीबाट हुने रोग नियन्त्रण गर्नका लागि प्रतिघर आयोडिन नुन बितरण गरीनेछ ।
- महिला स्वयमसेविका लाई प्रोत्साहन कार्यक्रम ल्याइने छ ।
- पाठेघर खस्ने महिलाहरुको लागि शिवीर संचालन गरीनेछ ।
- एच.आइ.भी पहिचान सचेतना कार्यक्रम संचालन गरीनेछ ।
- रेडक्रम मार्फत मोतिबिन्द अप्रेशन शिविर संचालन गरीनेछ ।
- सबै नागरीकले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा सहज रुपमा प्राप्त गर्ने गरी कार्यक्रमहरु सञ्चालन गर्नै नीती लिईएको छ ।
- यस गाउँपालिकाको मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन र दिर्घ कुपोषण घटाई उनीहरुको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता लिईनेछ ।

**३.खानेपानी तथा सरसफाई**

- आधारभुत स्तरको खानेपानी सेवामा पहुँच पुग्ने गरी खानेपानी तथा सरसफाई क्षेत्रका कार्यक्रम सञ्चालन गर्ने नीती लिईएको छ ।
- सञ्चालनमा रहेका खानेपानी आयोजना र मुहानहरुको मर्मत सम्भार र संरक्षण गरी उच्च क्षमतामा सञ्चालन हुने व्यवस्था मिलाईनेछ ।
- एक घर एक धारा को अवधारणा ल्याइनेछ ।
- ग्रामीण तथा बजार क्षेत्रमा फोहार व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याइने छ ।
- पूर्ण सरसफाइ कार्यक्रम नितिगत ढङ्गले अगाडी बढाइने छ ।
- गाँउपालिकाबाट सम्बोदन हुन नसक्ने खानेपानीका कार्यक्रम लाई नितिगत ढङ्गबाट अगाडी बढाइने छ ।

**४.खेलकुद तथा मनोरञ्जन**

- खेलकुद पूर्वाधारका लागि खेलकुद मैदान , कभडहल निर्माण गरीनेछ
- गाँउपालिका स्तरीय खेलकुद संचालन गरीनेछ ।

- डुङ्गेश्वर गाँउपालिका भित्र रहेका विभिन्न युवा क्लवहरु लाई शसक्त बनाइनेछ ।
- साथै क्षमता विकासका लागि खेलकुद प्रतियोगीता सञ्चालन गरीनेछ ।

**५.लैगिंक समानता र समावेशीकरण**

- अति गरीब महिलाहरुको लागि आर्य आजन कार्यक्रम लागु गरीनेछ ।
- एकल महिला तथा हिसां पिडित महिलाहरुको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- दलित बिपन्न  समुदायका लागि व्यवसाय पशुपालन कार्यक्रम ल्याइने छ ।
- डुङ्गेश्वर गाँउपालिका भित्र रहेका जेष्ठ नागरीक सम्मान कार्यक्रम ल्याइने छ ।
- अल्पसंङख्यक दलित तथा अन्य वर्गका लागि जनता आवास कार्यक्रम ल्याइने छ ।
- दलित तथा टुहुरा बालबालिकालाई विद्यालयमा  शिक्षाको पँहुज पुऱ्याउने निति लिइनेछ ।
- लैंगिक तथा घरेलु हिंसा न्युनीकरण र पिडित महिलालाई संरक्षण गर्ने कार्यक्रमहरु संचालन गरीनेछ, यसका लागि हिसां पिडित महिला कोष स्थापना गरीनेछ ।
- बालश्रम, बालविवाह, छाउपडि प्रथा र जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

**ग. पूर्वाधार विकास**

**१.स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल**

- समग्र आर्थिक सामाजिक क्रियाकलापहरु विस्तार गर्ने गुणस्तरीय सडक निर्माणका लागि  एक गाँउ, एक सडक निति ल्याइने छ ।
- निर्मित कर्ची सडकलाई क्रमश स्तरउन्नती गरीनेछ ।
- गाँउपालिकामा जोडिने सडकहरुलाई विशेष प्राथमिक दिइनेछ ।
- गाँउपालिकाबाट सम्बोधन हुन नसक्ने  सडक,तथा पक्की पुलहरुलाई नितिगत ढङ्गबाट अगाडी बढाइने छ।

**२.सिचाई**

- कृषकको माग अनुसार साना सिचाईका आयोजनाहरु निर्माण गर्दै लैजाने र ठुला आयोजनाका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने नीती रहेको छ ।
- सचालनमा रहेका सिचाई आयोजनाहरुलाई उच्च क्षमतामा सञ्चालन हुने गरी मर्मत सम्भार गरीने छ ।

**३. भवन तथा सहरी विकास**

- भवन आचार संहिता २०७२ अनुसार नीति निर्माण गरी भवन निर्माण र शहर व्यवस्थापनका लागि आवश्यक नीति निर्माण गरीनेछ ।
- भवन तथा सहरी विकास लागि भुकम्प प्रतिरोधात्मक घर निर्माणका लागि आवश्यक पहल गरीनेछ ।

**४.उर्जा तथा लघु जलबिद्युत :-**

- लघु जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पहल गर्ने नीति लिइएको छ ।
- संचालमा भएका  वा जिर्ण भएका पेल्टटिक सेटलाई मर्मत गरी वैकल्पिक उर्जा स्रोतको पहिचान उर्जा प्रवर्द्धनको नीति लिइएको छ ।
- डुङेश्वर गाँउपालिका वडा न १ देखी ६ वडा सम्म विद्युत् लाईनको विस्तारका लागि .सम्बन्धित निकायसँग समन्वय गर्न आवश्यक पहल गरीनेछ ।
- सरकारी, निजि र साझेदारी क्षेत्रलाई उर्जा प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**५.संचार**

- यस गाउँपालिका का नागरीकलाई सूचना मा सहज रुपमा पहुँच पुऱ्याउन एफ.एम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरीनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र landline विस्तारका लागि नेपाल दुरसञ्चार प्राधिकरणसँग सहकार्य सम्वन्य गरीनेछ ।

**घ) वातावरण तथा विपद ब्यबस्थापन**

- वन विनाश र वनको क्षयीकरण रोक्दै वनको सरंक्षण, व्यवस्थापन र वृक्षारोपणका साथै प्राकृतिक स्रोतको व्यवस्थापन गर्नै नीती अबलम्बन गरीनेछ ।
- विपद् व्यवस्थापन कोषको स्थापना गरीनेछ ।
- भू:क्षयबाट प्रभावित यस गाउँपालिकामा वृक्षारोपण अभियान, तारजालीको व्यवस्था, तटबन्धका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- वनजगंल संरक्षण र जलवायु परिवर्तन सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

- यस गाउँपालिका र यस **अर्न्त**गतका सरकारी निकायबाट हुने कामलाई नागरीकको जानकारीको लागि सूचना प्रवाह गर्न गाउँपालिकाको वेवसाईट निर्माण गरीनेछ ।
- व्यक्तिगत घटना दर्तालाई online पद्धतिबाट गर्न सबै वडाहरुमा ईन्टरनेट जडान गरीनेछ ।
- कर्मचारीको क्षमता विकासका लागि तालिमको व्यवस्था गरीनेछ ।

**च. विविध :**

गैरसरकारी संघसंस्थाहरुले यस गाउँपालिकाभित्र विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्ने अनुमतीको लागि पेश गर्नु भएका प्रस्तावहरु गाउँसभाबाट पारित गरेर मात्र सञ्चालन गर्ने नीती रहेको छ ।

माथी उल्लेखित नीतिहरुका आधारमा चालु आर्थिक वर्ष २०७४/२०७५ सालको को संसोधित बजेट तथा कार्यक्रमहरु

- **आय तर्फ**

संघीय सरकारबाट प्राप्त : वित्तिय समानीकरण रकम रु १३ करोड ७५ लाख ५१ हजार र सर्शत अनुदान रकम रु ६ करोड ३९ लाख ७७ हजार रहेको छ भने अनुमानित आन्तरिक आम्दानी रकम रु २१ लख र गत आ.व.को मौज्दात रकम रु ४८ लाख रुपैंया रहेको छ ।

- **व्यय तर्फ**

सर्शत अनुदान तर्फको रु ६ करोड ३९ लाख ७७ हजार सोभै शिक्षा र स्वास्थ्यमा जाने,
चालु तर्फ रकम रु ३ करोड ९२ लाख ४४ हजार ४ सय ९० (२७ प्रतिशत) र पूजिँगत तर्फ रकम रु १० करोड ५१ लाख ८६ हजार ५ सय १०(७३) प्रतिशत) रहेको छ ।

**१३९. गाउँपालिकाका पदाधिकारीहरू**

२०४६ सालको जनआन्दोलन पश्चात जब राजनैतिक दलहरू माथिको प्रतिबन्ध खुला भइ बहुदलिय प्रतिस्पर्धा र प्रजातन्त्रको उदय भए सँगै राजनैतिक दलको विकास द्रुत गतिमा बढ्दो र जनतामाझ राजनैतिक दलको छवि बलियो भएर स्थापीत हुन पुग्यो ।
नेपालको संविधान २०७२ ले परिकल्पना गरेका संघियता तथा विकेन्द्रीकरण शासन प्रणली अनुरुप यस गाउँपालिका बि.स.२०७४ बैशाख ३१ गते स्थानीय तहको प्रथम निर्वाचन सम्पन्न भएको छ । उक्त निर्वाचनबाट गाउँपालिकाका प्रमुख तथा उपप्रमुखमा नेपाली काङ्ग्रेसका तर्फबाट उमेद्वार बनेका प्रमुख ( अध्यक्ष ) तथा उप्रमुख (उपाध्यक्ष)

बिजयी भएका छन्  भने वडा अध्यक्ष्य तथा सदस्यहरूमा नेपाली काङ्ग्रेस र नेकपा एमालको मिश्रित नतिजा आएको छ। यस गाउँपालिकाका निर्वाचित पदाधिकारीहरूको विवरण निम्न अनुसार उल्लेख गरीएको छ।

**तालिका नं. १०० : गाउँपालिकाका निर्वाचित जनप्रतिनिधीहरु को विवरण-२०७४**

| क्र.स | पदाधिकारीको नाम थर | पद | वडा नं. | ठेगाना | फोन नं. |
|---|---|---|---|---|---|
| १ | नगेन्द्र बहादुर मल्ल | गाउँपालिका अध्यक्ष | ३ | डुङ्गेश्वर गा.पा. ३ | ९८४८०४९८५० |
| २ | सीता ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | ५ | डुङ्गेश्वर गा.पा. ५ | ९८६८०७२४३५ |
| ३ | लोक बहादुर डांगी | वडाध्यक्ष | १ | डुङ्गेश्वर गा.पा. १ | ९८४८०५३९७५ |
| ४ | राजु कुमार खत्री | वडाध्यक्ष | २ | डुङ्गेश्वर गा.पा. २ | ९८५११९३७५६ |
| ५ | उदयराम न्यौपाने | वडाध्यक्ष | ३ | डुङ्गेश्वर गा.पा. ३ | ९८१९५६५१४० |
| ६ | खगेन्द्र बहादुर थापा | वडाध्यक्ष | ४ | डुङ्गेश्वर गा.पा. ४ | ९८४८२८५३७७ |
| ७ | टेक बहादुर भण्डारी | वडाध्यक्ष | ५ | डुङ्गेश्वर गा.पा. ५ | ९७४८०१७२४४ |
| ८ | बमबहादुर वि.सी. | वडाध्यक्ष | ६ | डुङ्गेश्वर गा.पा. ६ | ९८६८१२००५५ |
| ९ | संचिता वि.क. | गा.का.पा.सदस्य | १ | डुङ्गेश्वर गा.पा. १ | ९८४८३१९०६० |
| १० | दुर्गा कुमारी वि.क. | गा.का.पा.सदस्य | २ | डुङ्गेश्वर गा.पा. २ | ९८६८११०९९४ |
| ११ | कमला कुमारी के.सी. | महिला सदस्य | १ | डुङ्गेश्वर गा.पा. १ | ९८६८०११७८९ |
| १२ | सुशिला खड्का | महिला सदस्य | २ | डुङ्गेश्वर गा.पा. २ | ९८०४५४४६१५ |
| १३ | शान्ती कुमारी वली | गा.का.पा.सदस्य | ३ | डुङ्गेश्वर गा.पा. ३ | ९८६२२६९२४८ |
| १४ | यामुना चन | महिला सदस्य | ४ | डुङ्गेश्वर गा.पा. ४ | ९८१४५७५२७३ |
| १५ | मिना सिंह | गा.का.पा.सदस्य | ५ | डुङ्गेश्वर गा.पा. ५ | ९८४८२३१२५१ |
| १६ | खगिसरा थापा | गा.का.पा.सदस्य | ६ | डुङ्गेश्वर गा.पा. ६ | ९८६८०७३३१० |
| १७ | प्रमिला सुनार | दलित महिला सदस्य | १ | डुङ्गेश्वर गा.पा. १ | ९८४८१४०५७४ |
| १८ | कृष्णा नेपाली | दलित महिला सदस्य | २ | डुङ्गेश्वर गा.पा. २ | ९८०९४३०२४७ |
| १९ | धना नेपाली | दलित महिला सदस्य | ३ | डुङ्गेश्वर गा.पा. ३ | ९८६८१८२१३८ |
| २० | खगिसरा नेपाली | गा.का.पा.सदस्य | ४ | डुङ्गेश्वर गा.पा. ४ | ९८०४५६४२८४ |
| २१ | रमिता तिरुवा | दलित महिला सदस्य | ५ | डुङ्गेश्वर गा.पा. ५ | ९८४८१९०५२३ |
| २२ | मनसरा विश्वकर्मा | दलित महिला सदस्य | ६ | डुङ्गेश्वर गा.पा. ६ | ९८४४८५७४८४ |
| २३ | बखतबहादुर पराजुली | सदस्य | १ | डुङ्गेश्वर गा.पा. १ | ९८४८०५६४५३ |
| २४ | चन्द्रबहादुर थापा | सदस्य | १ | डुङ्गेश्वर गा.पा. १ | ९७४८०२०७६३ |
| २५ | रुद्रबहादुर विष्ट | सदस्य | २ | डुङ्गेश्वर गा.पा. २ | ९८६८१७५९३५ |
| २६ | तेजबहादुर थापा | सदस्य | २ | डुङ्गेश्वर गा.पा. २ | ९८४८०३२५९२ |
| २७ | बखत कुमार सापकोटा | सदस्य | ३ | डुङ्गेश्वर गा.पा. ३ | ९८५८०५०६६३ |
| २८ | लोक बहादुर रोकाय मगर | सदस्य | ३ | डुङ्गेश्वर गा.पा. ३ | ९८४४८९५११९ |
| २९ | प्रेमबहादुर सुनार | सदस्य | ४ | डुङ्गेश्वर गा.पा. ४ | ९८२२४८६५९७ |
| ३० | देव बहादुर थापा | सदस्य | ४ | डुङ्गेश्वर गा.पा. ४ | |
| ३१ | प्रेमबहादुर पुनमगर | सदस्य | ५ | डुङ्गेश्वर गा.पा. ५ | ९८४८०३७१०६ |
| ३२ | भक्त बहादुर शाही | सदस्य | ५ | डुङ्गेश्वर गा.पा. ५ | ९८५८०५५६३२ |
| ३३ | कलम बहादुर शाही | सदस्य | ६ | डुङ्गेश्वर गा.पा. ६ | ९८४८१५६४१५ |
| ३४ | तुल्सी प्रसाद आचार्य | सदस्य | ६ | डुङ्गेश्वर गा.पा. ६ | ९८०४५६६६५७ |

*श्रोत : गाउँकार्यपालिका रेकर्ड,२०७४*

## १४०. गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण

यस गाउँपालिकालाई १ देखि ६ वटा वडामा विभाजन गरीएको छ। प्रत्येक वडा कार्यालयको आफ्नै भवन छैन। हालै भएको स्थानीय तहको निर्वाचन पश्चात सबै वडा कार्यालयहरूबाट सेवा संचालन गर्नको लागि  साविकका गाविस कार्यालयहरूबाट र केहि वडा कार्यालयलाई भाडाका भवनमा राखेर भएपनि सेवा प्रवाहको काम भैरहेको छ। यस गाउँपालिकाका प्रमुख प्रशाशकिय अधिकृत तथा अन्य कर्मचारीहरुको विवरण देहाय बमोजिम दिईएको छ।

**तालिका नं. १०१ : गाउँपालिका कार्यरत कर्मचारीहरुको विवरण**

| क.स. | कर्मचारी नाम | पद | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | रामप्रसाद शर्मा | प्रमुख प्रशासकिय अधिकृत | गाउँपालिका कार्यालय | प्रशासन |
| २ | दिप प्रसाद ज्ञावाली | ना.सु | गाउँपालिका कार्यालय | प्रशासन |
| ३ | चन्द्र ब. बिष्ट | ना.सू | गाउँपालिका कार्यालय | प्रशासन |
| ४ | प्रम ब.  हिरोजक | ना.सु | गाउँपालिका कार्यालय | प्रशासन |
| ५ | नबिन कुमार पाण्डेय | स.ले.पा | गाउँपालिका कार्यालय | प्रशासन |
| ६ | लिल बहादुर कार्की | खरिदार | गाउँपालिका कार्यालय | प्रशासन |
| ७ | इन्द्र प्रसाद उपाध्याय | बिद्यालय निरिक्षक | गाउँपालिका कार्यालय | शिक्षा शाखा, प्रमुख |
| ८ | दिपेन्द्रकुमार विसी | स्रोत व्यक्ति | गाउँपालिका कार्यालय | शिक्षा शाखा |
| ९ | पदम प्रसाद न्यौपाने | प्रास | गाउँपालिका कार्यालय | पशु विकास शाखा, प्रमुख |
| १० | गगनबहादुर हमाल | प्रास | गाउँपालिका कार्यालय | कृषि विकास शाखा, प्रमुख |
| ११ | गोमा के.सी. | महिला विकास निरिक्षक | गाउँपालिका कार्यालय | सामाजिक विकास .शाखा |
| १२ | मधु सुधन केसी | ईन्जिनियर | गाउँपालिका कार्यालय | प्राविधिक शाखा, प्रमुख |
| १३ | रजनी थापा | सब.ईन्जिनियर | गाउँपालिका कार्यालय | प्राविधिक शाखा |
| १४ | देवि कुमारी न्यौपाने | असिस्टेन्ट सब ई | गाउँपालिका कार्यालय | प्राविधिक शाखा |
| १५ | बन्धना थापा | कम्प्युटर अपरेटर | गाउँपालिका कार्यालय | प्राविधिक शाखा |
| १८ | तिल बहादुर कार्की | खरिदार | वडा नं. १ | वडा सचिव |
| १९ | मोहन कुमार बस्नेत | खरिदार | वडा नं. ४ | वडा सचिव |
| २० | मोहन गुरुङ | खरिदार | वडा नं. २ | वडा सचिव |
| २१ | गोबिन्द खत्रि | ना.सु | वडा नं. ५ | वडा सचिव |
| २२ | डण्डप्रसाद न्यौपाने | खरिदार | वडा नं. ६ | वडा सचिव |
| २३ | नेत्र बहादुर बुढा | खरिदार | वडा नं. २ | कार्यालय सहायक |
| २४ | हरिहर श्रेष्ठ | का.सहयोगी | गापा | |
| २५ | टिकाराम पोखरेल | का.सहयोगी | गापा | |
| २६ | गोबिन्द राना | का.सहयोगी | वडा नं. १ | कार्यालय सहयोगी |
| २७ | गंग बहादुर खत्री | का.सहयोगी | वडा नं. २ | कार्यालय सहयोगी |
| २८ | यामलाल आचार्य | का.सहयोगी | वडा नं. ५ | कार्यालय सहयोगी |
| ३० | दल बहादुर नेपाली | ज.स्वा.नि. | स्वास्थ्य संयोजक गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | लक्ष्मण खत्री | हे.अ. | सहसंयोजक गाउँपालिका | |
| ३२ | रामप्रसाद न्यौपाने | सि.अ.हे.ब. | स्वास्थ्य चौकी डाँडापराजुल | |
| ३३ | सुजाता राई | अ.न.मी | स्वास्थ्य चौकी डाँडापराजुल | |
| ३४ | डम्मर कुमार शाही | अ.हे.ब. | स्वास्थ्य चौकी डाँडापराजुल | |
| ३५ | तुलसी कुमारी वली | अ.न.मी | स्वास्थ्य चौकी डाँडापराजुल | |
| ३६ | दिपा कुमारी केसी | अ.न.मी | स्वास्थ्य चौकी डाँडापराजुल | अस्थायी |
| ३७ | जगत कुमारी चन्द | अ.न.मी | स्वास्थ्य चौकी डाँडापराजुल | परिवार स्वास्थ्य तर्फ |
| ३८ | थिर बहादुर वि.क. | का.सहयोगी | स्वास्थ्य चौकी डाँडापराजुल | |
| ३९ | बालकृष्ण बिष्ट | हे.अ. | स्वास्थ्य चौकी लाकुरी | |
| ४० | हिक्मत बहादुर खत्री | अ.हे.व. | स्वास्थ्य चौकी लाकुरी | |
| ४१ | पदमकुमारी बिष्ट | अनमी | स्वास्थ्य चौकी लाकुरी | |
| ४२ | प्रभा खत्री | अ.हे.ब. | स्वास्थ्य चौकी लाकुरी | |
| ४३ | एलिना देवकोटा | अ.न.मी | स्वास्थ्य चौकी लाकुरी | |
| ४४ | ममता बिष्ट | अ.न.मी | स्वास्थ्य चौकी लाकुरी | परिवार स्वास्थ्य तर्फ |
| ४५ | इश्वरी मल्ल | अ.न.मी | स्वास्थ्य चौकी लाकुरी | अस्थायी |
| ४६ | होमबहादुर विष्ट | का.सहयोगी | स्वास्थ्य चौकी लाकुरी | |
| ४७ | लक्ष्मी खत्री | हे.अ. | स्वास्थ्य चौकी बेलपाटा | |
| ४८ | जयकुमारी घले | सि.अ.न.मी | स्वास्थ्य चौकी बेलपाटा | |
| ४९ | कबिता कोइराला | अ.न.मी. | स्वास्थ्य चौकी बेलपाटा | |
| ५० | शुशिला कुमारी शाही | अ.न.मी. | स्वास्थ्य चौकी बेलपाटा | |
| ५१ | रत्ना रास्कोटी | अ.हे.ब. | स्वास्थ्य चौकी बेलपाटा | |
| ५२ | विपना कुमारी के.सी | अ.न.मी. | स्वास्थ्य चौकी बेलपाटा | अस्थायी |
| ५३ | अम्मर बहादुर थापा | का.सहयोगी | स्वास्थ्यचौकी बेलपाटा | |
| ५४ | दिपक रावत | हे.अ. | स्वास्थ्य चौकी अवलपराजुल | |
| ५५ | हैकली रावत | मा.सि.का. | स्वास्थ्य चौकी अवलपराजुल | |
| ५६ | अम्मर बहादुर सापकोटा | अ.हे.व | स्वास्थ्य चौकी अवलपराजुल | |
| ५७ | लक्ष्मी कुमारी थापा | अ.न.मी | स्वास्थ्य चौकी अवलपराजुल | |
| ५८ | कल्पना थापा | अ.न.मी | स्वास्थ्य चौकी अवलपराजुल | अस्थायी |
| ५९ | तिला गुरुङ | अ.न.मी | स्वास्थ्य चौकी अवलपराजुल | परिवार स्वास्थ्य तर्फ |
| ६० | हरिलाल खत्री | का.सहयोगी | स्वास्थ्य चौकी अवलपराजुल | |
| ६१ | बीमल कुमार खत्री | ना प्रा स | वडा नं. २ | कृषि |
| ६२ | बिनोद थापा | ना प्रा स | गा.पा | कृषि |
| ६३ | टिका कुमारी उपाध्याय | ना प्रा स | वडा नं. १ | पशु |
| ६४ | आत्मकुमार तिमिल्सेना | ना.प्रा.स. | वडा नं. ५ | पशु |
| ६५ | डम्वर कुमारी खत्री | सा.प | वडा नं. २ | गरिबसँग विशेश्वर कार्यक्रम |

***श्रोत : गाउँपालिका कार्यालय रेकर्ड-२०७४***

# अनुसूचि

## अनुसूचि १ः डुङ्गेश्वर गाउँपालिकाको नक्शा



आज मिति २०७४ फाल्गुन ४ गते शुक्रबारका दिन यस डुङ्गेश्वर गाउँपालिका दैलेखका अध्यक्ष श्री नगेन्द्र बहादुर मल्लको अध्यक्षतामा यस डुङ्गेश्वर गाउँपालिकाको वस्तुस्थिति विवरण (Profile) [illegible] छलफल तथा प्रमाणिकरण कार्यशाला तपसिलको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

| क्र.स | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | नगेन्द्र बहादुर मल्ल | अध्यक्ष | गाउँपालिका | |
| २ | मौक बहादुर डाँगी | वडा अध्यक्ष - वडा नं. १ | | |
| ३ | राजु कुमार खत्री | " | " २ | |
| ४. | उदय न्यौपाने | " | " ३ | |
| ५. | खगेन्द्र ब. थापा | " | " ४ | |
| ६ | टेक ब. भण्डारी | " | " ५ | |
| ७ | बम ब. वि.सी. | " | " ६ | |
| ८ | मिना सिंह | गा.कार्य.पा. सदस्य | | |
| ९ | खगीसरा थापा | " | " | |
| १० | सोभिता सोनी | " | " | |
| ११. | दुर्गा वि.क. | " | " | |
| १२ | दल ब. नेपाली (वि.क.) | नि.का.प्र.प्र.अ. | | |
| १३ | देवेन्द्र प्र. उपाध्याय | वि.नि. | | |
| १४ | दिपेन्द्र वि.सी. | R.P. | | |
| १५ | जनक ब. शाही | गा.स. सदस्य | | |
| १६. | मधु के.सी. | ER. | | |
| १७. | लक्ष्मण खत्री | [illegible] | | |
| १८ | गोविन्द के.सी. | वडा सचिव | | |
| १९ | तिलक कार्की | " | " | |
| २० | मोहन गुरुङ | " | " | |
| २१ | मोहन बस्नेत | " | " | |
| २२. | रजनी थापा | सब-इन्जिनियर | | |
| २३. | बन्दना थापा | क.अ. | | |
| २४ | गोमा के.सी. | स.म.वि.नि. | | |
| २५ | सावित्रा पाण्डेय | सूलेपा | | |
| २६. | प्रेम ब. हिरोजक | ना.सु. | | |
| २७ | गगन हमाल | प्र.प्र.अ. | | |
| २८ | हरिनाथ पोखरेल | [illegible] | | |
| २९ | प्रेम ब. भण्डारी | | | |
| ३० | श्याम कुमार विष्ट | [illegible] | | |
| ३१ | गोविन्द खत्री | परामर्शदाता | | |
| ३२. | सूर्य प्रकाश कैडेल | परामर्शदाता | | |

अनुसूचि ३: गाउँपालिका वस्तुगत विवरण प्रमाणिकरण कार्यशालाका सहभागिहरुको एक झलक




अनुसूचि ४: गाउँपालिका वस्तुगत विवरण प्रमाणिकरण कार्यशाला पछि सहभागिको सामुहिक तस्वीर



## सन्दर्भ सामाग्री :


१. साविकका गाउँ बिकास समिति बेलपाटा, लाँकुरी, अवलपराजुल र डाडाँपराजुलको वस्तुस्थिति विवरण ( VDC Profile)
२. जनगणना २०६८ का प्रतिवेदनहरू, केन्द्रीय तथ्याङ्क बिभाग, २०११,
३. विगत आर्थिक वर्षका गाउं परिषद निर्णयहरू,
४. विभिन्न अर्थिक वर्षका गाउँपालिकाकालेखा परिक्षण प्रतिवेदनहरू,
५. स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४,
६. स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९,
७. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९,
८. जिल्ला विकास समिति पार्श्व चित्र दैलेख
९. डिभिजन सहकारी कार्यालय,सहकारी सन्देश, वार्षिक पुस्तिका (२०७४)
१०. जिल्ला बन कार्यालय, दैलेख , बार्षिक प्रतिवेदन(२०७४),
११. जिल्ला कृषि विकास कार्यालय, दैलेख, बार्षिक कृषि विकास तथा तथ्याङ्क पुस्तीका प्रतिवेदन (२०७४)
१२. जिल्ला जनस्वास्थ्य कार्यालय, बार्षिक प्रतिवेदन (२०७३/०७४)
१३. जिल्ला शिक्षा कार्यालय , दैलेख
१४. अन्य विभिन्न प्रतिवेदनहरू
१५. इमेल तथा इन्टरनेट



यो वस्तुगत विवरण तयार गर्ने क्रममा तथ्यांक उपलब्ध गराइ सहयोग गर्नु हुने सम्पूर्ण गाउँपालिकावासी आमाबुबा दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै सदा सकरात्मक सहयोगको अपेक्षा गर्दछौँ ।


**तथ्यांक नै स्रोतको आधार हो ।**

**धन्यवाद ॥**



वडा नं. २ स्थित कुँइया ताल



चुप्रा बजारको दृश्य



डुङ्गेश्वर बजारको दृश्य